संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण २०६४

# प्रतिवेदन

आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल
GENERAL ELECTION OBSERVATION COMMITTEE, NEPAL (GEOC)



सुदूरपश्चिमाञ्चल विकास क्षेत्र
मध्यपश्चिमाञ्चल विकास क्षेत्र
पश्चिमाञ्चल विकास क्षेत्र
मध्यमाञ्चल विकास क्षेत्र
पूर्वाञ्चल विकास क्षेत्र
N
W
E
S
DARCHULA
BAITADI
BAJHANG
BAJURA
HUMLA
MUGU
DADELDHURA
DOTI
ACHHAM
KALIKOT
JUMLA
DOLPA
KANCHANPUR
KAILALI
DAILEKH
JAJARKOT
RUKUM
MUSTANG
SURKHET
BARDIYA
SALYAN
ROLPA
MYAGDI
MANANG
BANKE
DANG
PYUTHAN
BAGLUNG
PARBAT
KASKI
LAMJUNG
GORKHA
GULMI
SYANGJA
TANAHUN
ARGHAKHANCHI
PALPA
KAPILBASTU
RUPANDEHI
NAWALPARASI
CHITWAN
DHADING
NUWAKOT
RASUWA
SINDHUPALCHOK
KATHMANDU
BHAKTAPUR
LALITPUR
KAVRE
MAKAWANPUR
PARSA
BARA
RAUTAHAT
SARLAHI
SINDHULI
MAHOTTARI
DHANUSA
DOLAKHA
RAMECHHAP
OKHALDHUNGA
SOLUKHUMBU
KHOTANG
SIRAHA
UDAYAPUR
SAPTARI
BHOJPUR
SANKHUWASABHA
TAPLEJUNG
TERHATHUM
PANCHTHAR
DHANKUTA
SUNSARI
MORANG
ILAM
JHAPA
जियोक कार्यक्षेत्र

संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण २०६४

# प्रतिवेदन

आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल
GENERAL ELECTION OBSERVATION COMMITTEE, NEPAL (GEOC)

# प्रकाशकीय

नेपाली जनता आफैले संविधान लेख्ने उद्देश्यले निर्वाचनद्वारा २०६५ जेष्ठ २५ गते गठन भएको संविधानसभाले संविधान लेख्ने कार्य सम्पन्न नगरी विघटन भयो । संविधानसभाले संविधान लेखनका प्रमुख कार्य गर्दा-गर्दै पनि विभिन्न कारणले संविधान लेखन कार्य पूरा गर्न सफल हुन सकेन । संविधानसभाबाट नै नेपालको लोकतान्त्रिक संविधान लेख्ने प्रतिबद्धताका साथ दलहरुको सहमतिमा दोस्रो संविधानसभा सदस्यको निर्वाचन २०७० मङ्सीर ४ गते सम्पन्न भयो । स्वतन्त्र र स्वच्छ रुपमा सम्पन्न निर्वाचनमा मतदाताहरुको उत्साहपूर्ण सहभागिता रह्यो । विगतमा झैं आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल (General Election Observatio Committee, Nepal) ठूलो उत्साहका साथ दोस्रो संविधानसभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षणमा जुटेको हो । निर्वाचन आयोगद्वारा सञ्चालन हुन गइरहेको संविधानसभा सदस्यको निर्वाचन स्वतन्त्र, निष्पक्ष, भयरहित र धाँधली रहित भएको छ छैन भन्ने बारे स्वतन्त्र निर्वाचन पर्यवेक्षण प्रतिवेदन सार्वजनिक गर्ने उद्देश्यले जियोकले पर्यवेक्षण गरेको थियो । नेपाल कानून समाज लगायत विभिन्न १० वटा गैरसरकारी संस्था संलग्न रहेको आमनिर्वाचन पर्यवेक्षण समिति जियोकले विगत २० वर्षदेखि प्रजातन्त्र र लोकतन्त्रको संस्थागत विकास गर्न विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउँदै आएको छ । स्वतन्त्र बुद्धिजीवि, कानूनविद्, नेपाल सरकारको पूर्व कर्मचारी, समाजसेवी, मानव अधिकारवादी, प्राध्यापक, वरिष्ठ पत्रकार संलग्न रहेको यस संस्थाले सुशासन, मानव अधिकार, कानूनी शासन, समावेशी क्षेत्रमा सक्रिय हुँदै आएको छ ।

दोस्रो संविधानसभा सदस्य निर्वाचनलाई प्रभावकारी र तथ्यगत पर्यवेक्षण गर्ने उद्देश्यले हिमाल, पहाड र तराईका ५५ जिल्ला, नगरपालिका र २००० गाविसमा पर्यवेक्षण कार्य गऱ्यो । ।

जियोकका तर्फबाट सहभागी २,३०० पर्यवेक्षकहरुबाट प्राप्त जानकारीहरुका आधारमा तयार भएको यो प्रतिवेदनमा छवटा परिच्छेदहरु रहेका छन् । अन्तिम परिच्छेदमा निर्वाचन पर्यवेक्षणको निष्कर्ष र सुझावहरु समावेश छन् । जियोकले निर्वाचन प्रक्रियाको क्रममा निर्वाचनको तयारी, निर्वाचन वातावरण, शान्ति सुरक्षाको स्थितिबारे प्रारम्भिक प्रतिवेदनहरु यसभन्दा पहिले सार्वजनिक गरिसकेको छ ।

प्रस्तुत प्रतिवेदन २५,००० भन्दा बढी उत्तरदाताहरुबाट प्राप्त जानकारीहरुलाई प्रतिवेदनको रुपमा मुख्य लेखन र संयोजन गर्ने श्री गोविन्ददास श्रेष्ठ र उहाँका लेखन सहयोगी श्री शशीकुमार उपाध्याय र श्री मिलन श्रेष्ठप्रति जियोक आभार व्यक्त गर्दछ । प्राप्त जानकारीलाई कोडिङ गरी तथ्याङ्कलाई तालिकामा प्रस्तुत गर्नुहुने श्री अश्वत्थामा पोखे्रल, कम्प्युटर टाईपिङ र प्रतिवेदन डिजाइन गर्ने श्री भवानी कायष्ठ, पर्यवेक्षण प्रतिवेदन र अन्य सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने श्री सुधा काफ्ले र भाषा सम्पादनमा सहयोग गर्नुहुने श्री माधव घिमिरेलाई धन्यवाद दिन चाहन्छु । पर्यवेक्षणमा प्रयोग भएका प्रश्नावलीहरुको डिजाइन र पर्यवेक्षण प्रतिवेदनको विषय-सूचीको प्रारम्भिक खाका तयार गरी सहयोग गर्नुहुने डा. द्वारिका ढुङ्गेल र उहाँको टोलीका सबै सदस्यहरु धन्यवादका पात्र हुनुहुन्छ ।

मस्यौदा लेखनमा विभिन्न चरणमा बहुमूल्य सुझावहरु प्रदान गरी सहयोग गर्नु भएकोमा जियोकका कार्यकारी सदस्यहरु, नेपाल कानून समाजका कार्यकारी निर्देशक श्री कृष्णमान प्रधान धन्यवादका पात्र हुनुहुन्छ । निर्वाचन पर्यवेक्षणलाई संस्थागत रुपमा तयारी गर्न र नीतिगत रुपमा सुझाव प्रदान गर्नका साथै पर्यवेक्षण कार्यमा सक्रिय भूमिका गरिनु भएमोमा सम्पूर्ण राष्ट्रिय पर्यवेक्षकलाई विशेष धन्यवाद ज्ञापन गर्दछ । त्यसैगरी जिल्लास्तर, निर्वाचन क्षेत्रस्तर, नगर र गाउँस्तरका पर्यवेक्षणकहरु जसले लामो समयदेखि निर्वाचन प्रक्रियाको पूर्ण रुपमा पर्यवेक्षण गरी वस्तुगत रुपमा निर्वाचन पर्यवेक्षणको प्रतिवेदन तयार गरी सहयोग गरेकोमा जियोकको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु

निर्वाचन पर्यवेक्षणको सम्पूर्ण कार्यक्रम शुरुदेखि अन्त्यसम्म विभिन्न कार्य गरी सहयोग गर्ने सचिवालयका जनशक्ति श्री तीर्थनारायण सुवेदी, सुधा काफ्ले, मिलन श्रेष्ठ, गणेशमान प्रधान, एलिना श्रेष्ठ, सञ्जु पाठक, भवानी, कायष्ठ, नाइल श्रेष्ठ प्रकाश कोइराला, सुमित्रा गुरुङलाई धन्यवाद ज्ञापन गर्दछु ।

जियोकलाई निर्वाचन पर्यवेक्षण अनुमति प्रदान गरी आवश्यक जानकारी उपलब्ध गराई सहयोग गर्ने निर्वाचन आयोग, गृह प्रशासन, जिल्ला निर्वाचन अधिकृत, राजनीतिक दल, उम्मेदवार, मतदाता, पर्यवेक्षक, पत्रकार, नागरिक समाज लगायत सम्पूर्ण महानुभाव र संस्थाहरुप्रति आभार सहित धन्यवाद व्यक्त गर्दछु ।

निर्वाचन पर्यवेक्षण कार्य र प्रतिवेदन प्रकाशन गर्न आर्थिक सहयोग गरी जियोकप्रति विश्वास र सदाशय प्रकट गर्नु भएकोमा महामहिम नर्वेली राजदूत र नर्वेली राजदुतावासलाई जियोकका तर्फबाट हार्दिक धन्यवाद दिन्छु ।

२०७० चैत्र १५ गते

हिमालय शम्सेर ज.ब.रा
अध्यक्ष
आमनिर्वाचन पर्यवेक्षण समिति, नेपाल

# विषय–सूची


कार्यकारी सारांश

परिच्छेद १ आम निर्वाचन पर्यवेक्षण समिति नेपाल र निर्वाचन पर्यवेक्षण

१.१ भूमिका

१.२ सञ्जालको उद्देश्य

१.३ सञ्जालको स्वरुप

१.४ सञ्जालको दायित्व

१.५ सञ्जालको सचिवालय

१.६ पर्यवेक्षण कार्यक्रम र समन्वय

परिच्छेद २ पर्यवेक्षण बारे

२.१ पर्यवेक्षणको उद्देश्य

२.२ पर्यवेक्षणको आवश्यकता

२.३ पर्यवेक्षकको दायित्व

२.४ पर्यवेक्षणसँग सम्बन्धित निर्वाचन आयोगको व्यवस्थापन

परिच्छेद ३ पर्यवेक्षण विधि

३.१ पर्यवेक्षकको छनौट

३.२ पर्यवेक्षण प्रश्नावली

३.३ पर्यवेक्षण तालिम

३.४ पर्यवेक्षण नमूनाको आकार

परिच्छेद ४ संविधानसभा तथा निर्वाचन सम्बन्धी नेपाल कानूनको समीक्षा

४.१ निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड

४.२ संविधान सभा निर्वाचनसम्बन्धी नेपाल कानून

४.२.१ नेपालको अन्तरिम संविधान २०६३

४.२.२ संविधानअन्तर्गत बाधा अड्काउ फुकाउ आदेश

४.२.३ निर्वाचन आयोग ऐन, २०६३

४.२.४ संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७०

४.२.५ राजनीतिक दल सम्बन्धी ऐन, २०५८

४.२.६ राजनीतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली २०६४

४.२.७ निर्वाचन (कसूर तथा सजाय) ऐन, २०६४

४.२.८ मतदाता नामावली सम्बन्धी ऐन, २०६३

४.२.९ संविधानसभा अदालत ऐन, २०६४

४.२.१० संविधानसभा सदस्य निर्वाचन निर्देशिका, २०७०

४.२.११ संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण नीति, २०७०

४.२.१२ संविधानसभा सदस्य निर्वाचन आचार संहिता २०७०

४.२.१३ मतदाता नामावली सम्बन्धी नियमावली र पहिलो संशोधन, २०६८

४.३ स्थानीय निकाय निर्वाचन कानून र त्यसमा गरिनु पर्ने सुधार
४.३.१ समावेशी सिद्धान्तको अवलम्बन
४.३.२ समानुपातिक प्रतिनिधित्व
४.३.३ कार्यविधिगत व्यवस्था
४.४ स्थानीय निकाय निर्वाचनका लागि राजनीतिक दल दर्ता

परिच्छेद ५ निर्वाचन पर्यवेक्षण, अनुगमन र विश्लेषण
५.१ निर्वाचन व्यवस्थापन
५.१.१ मतदान केन्द्र स्थापना एवं सञ्चालन
५.१.२ मतदाता दर्ता र परिचयपत्र वितरण
५.१.३ मतदाता शिक्षा
५.२ निर्वाचन अभियान तथा मतदान
५.२.१ मनोनयनपत्र दाखिला
५.२.२ निर्वाचन आचारसंहिताको कार्यान्वयनको स्थिति
५.२.३ राजनीतिक दलहरुको प्रचार-प्रसार अभियान
५.२.४ मतदाता परिचयपत्रको प्रयोग
५.२.५ निर्वाचन अभियान र सुरक्षा स्थिति
५.२.६ मतदान
५.२.७ मतदाताहरुको दृष्टिमा मतदान
५.२.८ मतदान अधिकृतहरुको दृष्टिमा मतदान
५.२.९ राजनीतिक दलका कार्यकर्ताहरुको दृष्टिमा मतदान
५.२.१० पर्यवेक्षकहरुको दृष्टिमा मतदान
५.२.११ पुन: मतदान
५.३ मतगणना र निर्वाचन परिणाम
५.३.१ मतगणना
५.३.२ मतपेटिका ढुवानी
५.३.३ मतगणनास्थलमा प्रवेश
५.३.४ मतगणना परिणाम
५.४ महिला सहभागिता र लैङ्गिक संवेदनशीलता
५.५ आम सञ्चार माध्यम
५.६ निर्वाचन उजुरी
५.६.१ निर्वाचन आयोगको कार्यक्षेत्र अन्तर्गतका विवाद
५.६.२ संविधानसभा अदालतमा परेका उजुरीहरु
५.७ निर्वाचन पर्यवेक्षण समन्वय

परिच्छेद ६ निष्कर्ष र सुझाव
निष्कर्ष र सुझाव

अनुसूचीहरु
अनुसूची १: राजनीतिक दलका घोषणापत्रहरु
अनुसूची २: संविधानसभामा विजयी उम्मेदवारहरु
अनुसूची ३: पर्यवेक्षण गरिएका जिल्लाहरु
अनुसूची ४: राष्ट्रिय तथा जिल्ला पर्यवेक्षकहरु

# कार्यकारी सारांश

संविधानसभा सदस्यका निमित्त सम्पन्न भएको २०६४ चैत्रको निर्वाचनद्वारा दुईवर्षका लागि गठित नेपालको पहिलो संविधानसभाले चारवर्षमा पनि नयाँ लोकतान्त्रिक संविधान तयार पार्न नसकेर विघटन हुनु परेपछि पुन: संविधानसभा सदस्यका लागि दोस्रो पटक मङ्सीर ४, २०७० मा निर्वाचन सम्पन्न भयो । पहिलो संविधानसभा विघटन हुँदा व्यवस्थापिका संसद समेत कायम नरही सिर्जित विषम राजनीतिक परिस्थितिमा अर्को संविधानसभाको निर्वाचनको निकास निकाल्नका लागि नेपालको अन्तरिम संविधान, २०६३ का केही धाराहरुले सिर्जना गरेको बाधा अवरोध फुकाउनका लागि प्रमुख दलहरु बीच भएको सहमति अनुसार २०६९ चैत्रमा संविधानको धारा १५८ बमोजिम बाधा अड्काउ फुकाउने आदेश मार्फत संविधानसभा सदस्यका लागि निर्वाचन गर्ने बाटो खुलेको हो ।

निर्वाचन स्वच्छ, स्वतन्त्र र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्न सहयोग पुग्ने विश्वासले विगतमा झैं यो निर्वाचनमा पनि आम निर्वाचन पर्यवेक्षण समिति नेपाल/जियोक (General Election Observation Committee Nepal/GEOC) पर्यवेक्षणमा संलग्न भयो । विभिन्न क्षेत्रहरुमा कार्यरत दश संस्थाहरुको संयुक्त सञ्जालको रुपमा गठन भएको जियोकले २०४७ मा प्रजातन्त्रको पुन:स्थापना पछि सम्पन्न भएको प्रतिनिधिसभाको सदस्यका लागि भएको २०४८, २०५१ र २०५६ का साथै स्थानीय निकाय निर्वाचन, २०४९ र २०५४ एवम् संविधानसभा सदस्य निर्वाचन, २०६४ को सफल पर्यवेक्षण गरिसकेको छ । यो पर्यवेक्षण-प्रतिवेदन प्रकाशनका लागि नर्वेजियन सरकारको उदार आर्थिक सहयोग रहेको छ ।

विघटित संविधानसभाले २०६५ जेष्ठ १५ गते बसेको पहिलो बैठकबाटै नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गर्नुका साथै यसको चारवर्षे कार्यकालमा सङ्घीयता र शासकीय स्वरुपका मुख्य-मुख्य सवाल बाहेक सहमति भएका अन्य कतिपय विषयहरु समावेश गरी नयाँ संविधानको प्रारम्भिक मस्यौदा कोर्नसम्म सफल भयो । यसपछिका समयमा व्यवस्थापिका संसद र प्रायजसो संवैधानिक निकायहरुको रिक्तताका फलस्वरुप राजनीतिक र प्रशासनिक क्षेत्रमा अन्यौल र असहज परिस्थिति सिर्जना हुन पुग्यो । उक्त पृष्ठभूमिमा संविधानसभा सदस्यका लागि दोस्रो पटक आमनिर्वाचन घोषणा भएको हो । निर्वाचनको मिति तोक्ने, मतदाता नामावलीलाई अद्यावधिक गर्ने र निर्वाचन मिति तोकिएपछि नेकपा-माओवादीको अगुवाईमा ३३ दलहरुको निर्वाचन वहिष्कारवादी समूह निर्वाचनमा भाग नलिने अडानमा रहिरह्यो । यो समूहलाई निर्वाचनमा सहभागी गराउन अन्तिम समयसम्म प्रयास भई रहँदा पनि नेकपा-माओवादीलगायत ३३ दलीय मोर्चाले कुनै सकारात्मक सङ्केत नदिएका कारण निर्वाचन सम्पन्न हुन्छ भन्ने विषयमा जनता त्यति ढुक्क थिएनन् । तथापि, जनताको निर्वाचनप्रतिको विश्वास र मतदानमा भाग लिने प्रतिबद्धतालाई एकीकृत सुरक्षा व्यवस्थाको कार्यान्वयनबाट निर्वाचन सामान्यतया स्वतन्त्र र शान्त वातावरणमा सम्पन्न भयो ।

जियोकले पर्यवेक्षणका लागि हिमाल, पहाड, तराई तीनवटै भौगोलिक क्षेत्रबाट ५५ जिल्ला छानेको छ । यी नमूना जिल्लाहरुमा समावेश मतदाताहरु हिमाली जिल्लाहरुका मतदाताको हकमा ५६.१ प्रतिशत, पहाडी जिल्लाहरुका मतदाताको हकमा ८६.० प्रतिशत र तराईका जिल्लाका मतदाताहरुको हकमा ९०.८ प्रतिशत हुन आउँछ । पर्यवेक्षणका लागि २,३०० पर्यवेक्षक परिचालन गरिएको थियो ।

निर्वाचनपूर्व जनतामा रहेको निर्वाचन हुन्छ, हुँदैन निर्वाचन भए पनि भयरहित वातावरणमा मतदान गर्न सकिन्छ, सकिंदैन भन्ने आशंका एकीकृत सुरक्षा व्यवस्थाको कार्यान्वयन, नेकपा-माओवादीले निर्वाचनपूर्व गरेको तोडफोड आगजनी जस्ता हिंसात्मक घटना निर्वाचनका दिन सम्म आइपुग्दा त्यति सघन नभएकोले पनि मतदाताको अभूतपूर्व सहभागितालाई मद्दत पुर्‍यायो । केही अपवाद बाहेक निर्वाचन स्वच्छ र स्वतन्त्रतापूर्वक सम्पन्न गरी जनविश्वास हासिल गर्न निर्वाचन

आयोग सफल भयो । निर्वाचनको मिति घोषणा भइसकेपछि निर्वाचनमा भाग लिन वहिष्कारवादी समूहले सहभागिताका लागि पूर्वशर्तहरु राखी अन्तिम समयसम्म विरोध जारी राखेको कारण निर्वाचनपूर्व गर्नुपर्ने कतिपय काम समयमै सम्पन्न गर्न निर्वाचन आयोगलाई समयाभाव भए पनि अन्ततः यो चुनौतिपूर्ण काम सम्पन्न गर्न आयोग सफल भयो ।

निर्वाचन आयोग राजनीतिक दल एवं उम्मेदवारहरुलाई आचार संहिता पालना गराउन र विशेष गरी निर्वाचन खर्चलाई तोकिएको सीमाभित्र बाँध्ने काममा भने चुकेको पाइयो । आचार संहिता उल्लंघनका विषयमा आयोग प्रभावकारी हुन सकेन । आचार संहिता पालना गर्ने दायित्व दलहरुकै तजबिजमा छोडिएको जस्तो देखिन्थ्यो । तर दलहरु भने आचारसंहिता पालना गर्ने बाचामा मात्र सीमित भए । मंसिर २०७० को निर्वाचन एउटा असामान्य स्थितिमा सम्पन्न गर्नु परेकोले पनि आयोग यस विषयमा कडाईपूर्वक लाग्न नसकेको महसुस गरिएको हो ।

मतदान सम्पन्न भएपछि मतपेटिका जिल्ला सदरमुकामसम्म ढुवानी गर्ने क्रममा केही मतपेटिकाको सील तोडिएको, खसेको मत उल्लेख गरेको संख्या र वास्तविक संख्यामा फरक पर्न गएको जस्ता घटनाहरु मतगणनाको समयमा देखिए । यी विषयहरु वास्तवमा असावधानी, समयाभाव र तालिमको कमीले पनि हुनसक्ने कुरा हुन् । तथापि, मतपेटिका बन्द गरेको र मतगणनाका लागि जिल्ला सदरमुकाममा मतपेटिका खोल्ने समय बीच लामो अन्तर भएको कारणले शंका उत्पन्न हुने गरेको छ । कतिपय स्थानमा विशेष गरी दुर्गम स्थानहरुबाट मतपेटिका हेलिकप्टरबाट ओसार्नु परेको थियो ।

विघटित संविधानसभामा महिला तथा सीमान्तकृत समूहको उत्साहजनक प्रतिनिधित्व भएकोमा २०७० को निर्वाचनमा प्रत्यक्षततर्फ महिलाहरुको कोटा पुऱ्याउन मात्र उम्मेदवार बनाइएको देखियो । प्रमुख तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र एनेकपा (माओवादी) ले ११ प्रतिशत महिला उम्मेदवार खडा गरे । उम्मेदवारी बाहेक निर्वाचन अभियानमा महिलाको सहभागिता भने राम्रो रह्यो । निर्वाचन प्रचार-प्रसार कार्य तथा मतदान केन्द्रलाई महिला-मैत्री बनाउने व्यवस्थामा ध्यान पुगेको देखियो । मतदानको व्यवस्थापन र परिचालनमा लैङ्गिक सन्तुलन राम्रो रह्यो । मतदान केन्द्रमा महिला कर्मचारीहरुको सहभागिता र उपस्थिति भने तुलनात्मक रुपमा कम थियो । वास्तवमा सरकारी सेवाहरुमा कार्यरत महिला कर्मचारीहरुको प्रतिशत ११ मात्र रहेको कारण यस्तो स्थिति भएको हुनसक्छ । यो प्रतिशत नेपाल प्रहरीमा अझ कम अर्थात, ५.६५ छ । वास्तविक अवस्था यस्तो भएकोले निर्वाचनमा महिला कर्मचारी धेरै खटाउन सम्भव थिएन ।

निर्वाचन अभियानको सम्पूर्ण अवधिमा आमसञ्चार माध्यमको स्वतन्त्रताको पूर्ण उपयोग भयो । सञ्चार माध्यमले दलहरुलाई आफ्नो सन्देश मतदातासम्म पुऱ्याउन विविध मञ्चहरु प्रदान गरे । ठूला तीन दलका निर्वाचन सम्बन्धी प्रकाशनमा आम-सञ्चार माध्यम केन्द्रित भए पनि साना दलहरुका सामग्रीको प्रकाशन, प्रसारणमा पनि स्थान दिने प्रयास भए । स्थानीयस्तरमा एफएम रेडियोहरुले उम्मेदवारहरुलाई आफ्ना कार्यक्रमहरुमा निर्वाचन सामग्री प्रसारणमा स्थान दिए । नेपाल टिभिले नेपाल उद्योग वाणिज्य महासंघ र एनडीआई नेपालद्वारा संयुक्त रुपमा आयोजना गरेको नौवटा राजनीतिक दलहरु रहेको सार्वजनिक बहस कार्यक्रम प्रसार गऱ्यो । आयोगबाट राष्ट्रिय प्रसारण रेडियो र टिभि दुबैमा निःशुल्क समय उपलब्ध गराइयो । मौन अवधिको समयमा आचार संहिता उल्लंघन गरेको उजुरीका आधारमा एबिसी च्यानल टिभि स्टेशनको प्रसारण निर्वाचन आयोगबाट अन्तरिम रुपमा स्थगन गर्न आदेश पनि जारी गऱ्यो तर यो आदेशलाई उक्त च्यानलले बेवास्ता गऱ्यो ।

निर्वाचनका क्रममा जम्मा दुई स्थानमा मात्र पुनः मतदानको आदेश भएकोमा पुनः मतदान भई परिणामसमेत घोषित भइसकेको छ । मतदान स्थलमा कब्जा जमाएको, मत सदर र बदर गर्ने सन्दर्भमा वस्तुनिष्ठ निर्णय नगरेको भन्ने जस्ता कारण देखाई निर्वाचन अधिकृत मार्फत परेका जम्मा १९ थान उजुरीहरु निर्वाचन आयोगबाट फछ्र्योट भइसकेको छ । यसै गरी संविधानसभा अदालतमा २२ वटा मुद्दाहरु दर्ता भई ती मुद्दाहरु कारवाहीका विभिन्न चरणमा विचाराधीन रहेका छन् ।

संविधानसभा सदस्य निर्वाचनको प्रयोजनका लागि पुरुष ५९,८०,८८१, महिला ६१,६६,८२९ र तेस्रो लिङ्गी १५५ गरी जम्मा मतदाता संख्या १,२१,४७,८६५ रहेको थियो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १२० राजनीतिक दल र स्वतन्त्र समेत गरी ६१२६ जना उम्मेदवारको सहभागिता थियो । जसमा पुरुष तर्फ ५,४५७, महिला ६६८ र १ जना तेस्रो लिङ्गी रहेका थिए । समानुपातिक प्रणालीतर्फ १२२ राजनीतिक दलहरुबाट १०,७०९ उम्मेदवार रहेका थिए ।

निर्वाचनलाई व्यवस्थित बनाउन १८,४३८ स्थायी मतदान केन्द्र र अस्थायी केन्द्र ३३७ गरी कूल १८,७७५ मतदान केन्द्र स्थापना गरी निर्वाचन सम्पन्न भयो । उक्त मतदान केन्द्रहरुमा निर्वाचन आयोगबाट स्वयमसेवक समेत २,१४,७६० र अस्थायी मतदान केन्द्रमा २,६९६ गरी जम्मा २१७,४५६ कर्मचारी परिचालित थिए ।

वि.सं. २०६४ को संविधानसभा निर्वाचनमा पुरुष ८८,८१,३५९ र महिला ८७,३०,४७३ गरी कूल १,७६,११,८३२ दर्ता भएका मतदाता मध्ये प्रत्यक्ष तर्फ ५८.५२ प्रतिशत र समानुपातिक तर्फ ६३.२९ प्रतिशत मतदाता सहभागी रहेकोमा २०७० को निर्वाचनमा प्रत्यक्षतर्फ ७८.३४ प्रतिशत र समानुपातिकतर्फ ७९.८२ प्रतिशतमा मतदाताको सहभागिता रह्यो । प्रत्यक्षतर्फ बदर मत ४.९६ प्रतिशत र समानुपातिकतर्फ बदर मत ३.२० प्रतिशत रह्यो । बदर मतको प्रतिशत २०६४ मा प्रत्यक्षमा ५.१५ प्रतिशत र समानुपातिकमा ३.६६ प्रतिशतको तुलनामा २०७० को निर्वाचनमा केही कमी हुन गई सुधार भएको देखिन्छ । प्रत्यक्षतर्फ निर्वाचनमा भाग लिने १२२ दलहरुमा जम्मा १० दलले मात्र न्यूनतम एक स्थान हासिल गर्नसके । त्यसैगरी समानुपातिकमा भने जम्मा ३० दलले संविधानसभामा न्यूनतम एकस्थान प्राप्त गरे । निर्वाचनमा भाग लिने जम्मा १२२ दलहरुमध्ये न्यूनतम एक प्रतिशत मत पाउने दलहरुको संख्या ११ रह्यो ।

## सुझावहरू

पर्यवेक्षण प्रतिवेदनको अन्त्यमा निर्वाचन प्रक्रियामा सुधारका लागि सम्बन्धित निकायबाट मननका लागि केही सुझावहरु प्रस्तुत गरिएका छन् । मुख्य-मुख्य सुझावहरु निर्वाचन आयोग, नेपाल सरकार, राजनीतिक दल, निर्वाचन प्रणाली, निर्वाचन खर्च र पर्यवेक्षण शीर्षक अन्तर्गत उल्लेख गरिएको छः-

- **निर्वाचन आयोग**

  बदर मतको प्रतिशत २०६४ को तुलनामा २०७० मा केही सुधार देखिए तापनि प्रत्यक्ष र समानुपातिक दुबैमा बदर मतको संख्यालाई दृष्टिगत गरी मतदाता शिक्षा कार्यक्रम अझ बढी प्रभावकारी बनाउनु पर्दछ । नागरिकलाई सचेत गराउन सञ्चार माध्यम, नागरिक समाज र राजनीतिक दलहरु आफै पनि क्रियाशील हुनाका साथै आयोगले पनि यी संस्थाहरुलाई सचेतना कार्यक्रममा सहकार्यसहित अगाडि बढ्नु पर्दछ ।

  जिल्लास्थित निर्वाचन कार्यालयको क्षमता वृद्धि गरी मतदाता नामावली सङ्कलन त्रुटिरहित बनाउने आवश्यक पूर्वाधारहरु बनाउनु पर्दछ । यो विषय प्रजातन्त्रको पुनर्वहालीपछिको निर्वाचन पर्यवेक्षणका प्रतिवेदनहरुमा लगातार प्राथमिकताका साथ उठ्दै आएको छ ।

  विशेष गरी दुर्गम स्थानमा मतदान केन्द्रको सङ्ख्या बढाएर भए पनि सबैलाई मतदान गर्न सहज हुने स्थानमा मतदान केन्द्रको व्यवस्था गरिनु पर्दछ । दुर्गम क्षेत्रमा मतदाताको संख्या भन्दा पनि दुरीको आधारमा मतदान केन्द्रको स्थापना भएमा उपयुक्त हुन्छ ।

  आचारसंहिता उल्लङ्घन तत्काल रोक्नु परेमा निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालयले कुनै काम गर्न वा नगर्न दिएको आदेशको कार्यान्वयन र अनुगमन गर्ने कार्यमा जिल्ला निर्वाचन कार्यालय, स्थानीय प्रशासन र प्रहरीको ठूलो भूमिका रहने भएकोले यी निकायहरुलाई आवश्यक मात्रामा बजेटको व्यवस्था सहित यी संस्थाहरुमा क्षमता वृद्धि गरिनु पर्दछ । आचार संहिता उल्लंघनका विषयमा तत्कालै कारवाही गरी कानून बमोजिम सजायँ गर्न आयोग सक्रिय हुनु पर्दछ ।

  निर्वाचन अधिकृतको कार्यालय र जिल्ला निर्वाचन कार्यालय बीचको समन्वय अझ प्रभावकारी बनाई मतदान केन्द्रलाई उपलब्ध गराइने निर्वाचन सामग्री एकै ठाउँबाट पाउने व्यवस्था गर्नु पर्दछ ।

  मतदान केन्द्रमा खटिने सबै कर्मचारीलाई मतदानका सम्पूर्ण प्रक्रिया र कार्यविधि बारे पर्याप्त तालिम दिनु पर्दछ । यो सवाल २०४८ देखि नै पर्यवेक्षकहरुले प्रमुख रुपमा उठाउँदै आए पनि निर्वाचन आयोगले पर्याप्त मात्रामा ध्यान दिन सकेको अवस्था छैन ।

मतपत्रमा औंठाछाप लगाउने, मसीले मतपत्र लतपत पार्ने र स्वस्तिक छापको मसी तुरुन्तै नसुक्ने भएकोले पनि बदर मतमा कमी ल्याउन मतपत्रमा “प्रिइन्क” छापको प्रयोग वा इलोक्ट्रोनिक मतदान सुरु गर्ने बारे आवश्यक तयारी प्रारम्भ गर्नु पर्दछ ।

मतदाता परिचयपत्रको व्यवस्थाले निर्वाचन प्रक्रियालाई बढी व्यवस्थित गर्न सहयोग पुग्नुका साथै निर्वाचनमा धाँधली कम भएको पाइएको छ । मतदाता परिचयपत्र जारी गर्ने कामलाई प्राथमिकताका साथ समयमै सम्पन्न गर्नु पर्दछ । कतिपय स्थानमा परिचयपत्र भएर पनि मतदाता नामावलीमा नाम नभएको कारणले वास्तविक मतदाता मतदानको अधिकारबाट वञ्चित हुनु परेको हालको अवस्थामा सुधार ल्याउनुपर्ने देखिन्छ। यस सिलसिलामा मतदाता नामावली सङ्कलनका विषयमा आयोगबाट प्रभावकारी अनुगमनका साथै स्वतन्त्र रुपमा मतदाता नामावलीको परीक्षणबाट यसमा सुधार ल्याउन प्राथमिकताका साथ लाग्नुपर्ने देखिन्छ ।

आयोगले पारदर्शिताका लागि आफ्ना निर्णयहरु वेबसाईट मार्फत सार्वजनिक गर्नु पर्दछ ।

- **नेपाल सरकार**

बुथ कब्जा जस्ता घटना रोक्न र मतदाता विना भय, त्रास मतदान गर्ने हकको रक्षाका लागि सुरक्षा व्यवस्था अझ भरपर्दो हुने व्यवस्था गर्नु पर्दछ ।

मतदान सकिएपछि मतपेटिका मत गणनाका लागि जिल्ला सदरमुकाम ल्याउनुपर्ने र मतपेटिका सील गरी सदरमुकामसम्मको ढुवानी र भण्डारण ज्यादै सम्वेदनशील भएकोले यसबारे शंकाको ठाउँ नरहने गरी उपयुक्त व्यवस्था गर्नु पर्दछ । यस विषयमा उच्च पारदर्शिता कायम गरेमा दलहरुबाट विवाद सिर्जना गर्ने अवस्था रहँदैन । मतपेटिका ढुवानीको योजना बनाउँदा राजनीतिक दलका प्रतिनिधिहरु चाहेमा सँगै आउने व्यवस्था गर्नु पर्दछ ।

आचार संहिता उल्लंघनका घटनाका सम्बन्धमा निर्वाचन आयोग वा सम्बन्धित निकायबाट दिइएको आदेशको कार्यान्वयनमा गृह र प्रहरी प्रशासनबाट प्रभावकारी सहयोग उपलब्ध हुनु पर्दछ ।

- **राजनीतिक दल**

आफ्ना कार्यकर्ताहरुबाट आचार संहिता पालना गर्ने गराउने दायित्व राजनीतिक दल वा उम्मेदवारको हुने हुनाले यसको लागि उपयुक्त प्रक्रिया र संयन्त्रको विकास गरी प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।

विद्यमान राजनीतिक दलसम्बन्धी ऐन अनुसार दलहरुको आम्दानी, खर्चको लेखा परीक्षण गर्ने व्यवस्थालाई प्रभावकारी बनाउने । लेखा परीक्षण प्रतिवेदन सार्वजनिक गर्ने । दलले आम्दानी र खर्चको अनुगमन गर्ने संयन्त्रको निर्माण गर्नु पर्दछ ।

दलहरुको आन्तरिक सङ्गठनात्मक संरचना, निर्णय प्रक्रिया र व्यवस्थापनलाई लोकतान्त्रिकरण गर्नु पर्दछ ।

निर्वाचन हिंसालाई न्यूनिकरण गर्न दलहरुले केन्द्र, जिल्ला र स्थानीय तहमा संयुक्त सञ्जालको निर्माण गरी आचार संहिता पालना गर्न र गराउने वातावरण सिर्जना गर्नु पर्दछ ।

- **निर्वाचन प्रणाली**

मुलुकको शासन प्रणालीमा जातीय क्षेत्रीय सन्तुलन कायम होस् र समाजको विविधता प्रतिविम्बित हुनाका साथै दलहरुले पाएको मत खेर नजावोस् भन्ने उद्देश्य समानुपातिक प्रणालीको रहेको छ । भविष्यको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्ने हो भने महिला/दलित/जनजाति/मुस्लिम/पिछडिएको समूहको छुट्टा-छुट्टै बन्द सूची तयार गरी जितेको कूल संख्या विभाजन गरी क्रमसँगै नाम चयन गरिनु पर्दछ । राजनीतिक दलहरुले बन्द सूचीभित्र स्थापित उम्मेदवारको क्रमलाई सम्मान गर्न के कस्ता उपाय गर्नुपर्छ सरोकारवाला सबैसँग छलफल गरी यसमा सुधार ल्याउनु पर्दछ ।

निर्वाचनमा सहभागिताको विषयमा थ्रेसहोल्डको व्यवस्था अनिवार्य गरिनु पर्दछ । एक प्रतिशतभन्दा कम मत ल्याउने दलहरुको संख्या बढ्दै जानु प्रजातान्त्रिक अभ्यासको द्योतक हुन सक्दैन । हालको निर्वाचनमा यस्ता दलको संख्या १११ पुग्नुले लोकतन्त्रलाई मद्दत गर्दैन ।

थ्रेसहोल्डको विषयमा विचार गर्दा अर्को एउटा पक्ष पनि विचारणीय छ । केही दलको प्रभाव क्षेत्र खास भौगोलिक क्षेत्रमा सिमित रहेको देखिन्छ । उदाहरणका लागि नेपाल मजदुर किसान पार्टीले ५४,३२३ र तराई मधेश सद्भावना पार्टीले ६५,०४१ मत मात्र प्राप्त गरे पनि एक-एक स्थानमा आफ्नो उपस्थिति सुरक्षित गऱ्यो भने यो भन्दा धेरै गुणा बढी मत ल्याउने दलले संविधानसभामा आफ्नो उपस्थिति जनाउन सकेन । माथिका तथ्यलाई विचार गर्दा क्षेत्रीय दलको अवधारणाबारे पनि चिन्तन र छलफल हुन आवश्यक भएको छ ।

हाल कायम रहेको मन्त्रिपरिषद्बाट मनोनित हुने २६ र समानुपातिक प्रतिनिधित्वको ३३५ स्थानले शासन व्यवस्थामा जनताको वास्तविक नियन्त्रण नहुने भएकोले यो संख्या कम गर्ने विषयमा छलफल चलाइ संविधानमा उचित व्यवस्था गर्नु पर्दछ ।

- **निर्वाचन खर्च**

निर्वाचनमा अस्वस्थ प्रतिस्पर्धालाई निरुत्साहित गर्न र खर्चलाई तोकिएको सीमाभित्र राख्ने उपायबारे छलफल आवश्यक छ । निर्वाचन खर्च दलहरुले प्राप्त गरेको अघिल्लो निर्वाचनको मतको आधारमा सरकारबाट रकम दिने व्यवस्थाबारे सरोकारवालाहरु बीच छलफल गरी व्यावहारिक बाटो अपनाउनु पर्दछ ।

- **पर्यवेक्षण**

पर्यवेक्षणबाट निर्वाचन स्वतन्त्र र निष्पक्षतापूर्वक भएको कुरा जानकारी हुनाका साथै यसबाट निर्वाचनको विश्वसनीयता स्थापित हुन सहयोग पुग्ने भएकोले मतदान केन्द्रको सम्पूर्ण प्रक्रियाको लगातार जानकारी राख्नुपर्ने हुन्छ । यसको लागि घुमन्ते होइन पूरा समय पर्यवेक्षण गर्नेको आवश्यकता हुन्छ । अतः पर्यवेक्षण कार्यमा दोहोरोपना हटाई निर्वाचन प्रक्रियाको सम्पूर्ण जानकारी हासिल गर्न पर्यवेक्षण गर्ने संस्थाहरु बीच प्रभावकारी समन्वय स्थापित हुने व्यवस्था गर्नु पर्दछ ।

परिच्छेद

# १

# आम निर्वाचन पर्यवेक्षण समिति नेपाल र निर्वाचन पर्यवेक्षण

## १.१ भूमिका

नेपाली जनताले प्रजातन्त्रका लागि गरेको लामो सङ्घर्षबाट प्रादुर्भाव भएको प्रजातन्त्रको सुखद अवसरमा राजा त्रिभुवनले २००७ फागुन ७ गते आफ्नो घोषणामा भनेका थिए- "हाम्रा प्रजाको शासन अब उप्रान्त निजहरुले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधान अनुसार होओस्" (देवकोटा, २०१६:५४)* ।

राजा त्रिभुवनको "वैधानिक सभा" बाट संविधान निर्माण गर्ने घोषणा गर्दा अन्तरिम शासन विधान २००७ देखि नेपालको अन्तरिम संविधान २०६३ सम्म पाँचवटा संविधानको निर्माण भइसकेको छ । तर गणतन्त्रात्मक संविधान निर्माणको उद्देश्य लिई २०६५ मा गठन भएको संविधानसभा दोस्रो जनआन्दोलनको सफलतापछि मात्र सम्भव भयो । आज देशको शासकीय स्वरुप राजतन्त्रात्मकबाट गणतन्त्रात्मक भइसकेको छ । संयोग नै भन्नुपर्छ यो राजनीतिक परिवर्तनको सूत्रपातका पछाडि दुबै कालमा मुख्य पात्र तत्कालीन राजा ज्ञानेन्द्र नै थिए । तत्कालीन राजा ज्ञानेन्द्र २००७ मा पहिले केही समय शिशु राजा र पछि रिजेन्टका रुपमा थिए । सम्बत् २००७ मा तत्कालीन जहानिया शासकहरुले शिशु राजाका नाममा शासन चलाउने अभीष्टलाई दृष्टिगत गरी राजा त्रिभुवनले यो देशको भविष्य गणतन्त्रमा देखे भने माघ १९, २०६१ को राजा ज्ञानेन्द्रको सबै अधिकार आफैमा रहने व्यवस्थाको विरुद्धमा दोस्रो जनआन्दोलनले देशको भविष्य गणतन्त्रमा देखेको हो ।

पहिलो पटक जेष्ठ १५, २०६५ मा बसेको संविधानसभाको बैठकले विशेष प्रस्ताव पारित गर्दै नेपाललाई गणतन्त्रात्मक राज्यको रुपमा घोषणा गर्नाका साथै त्यसको सफल कार्यान्वयनका लागि प्रस्ताव समेत पारित गर्‍यो । नेपाली जनताले नयाँ युगको थालनी भएको अनुभव गरे । तर नेपाली जनताले पाएको ऐतिहासिक संविधान निर्माण गर्ने अवसर तोकिएको दुई वर्ष र पटक-पटक थपिएको दुई वर्ष गरी चार वर्षमा पनि पूरा हुन नसकी २०६९ जेष्ठ १४ गते संविधानसभाको अवसान हुन पुग्यो । परिणामतः उक्त घटनाले नेपाली जनताको नयाँ संविधान पाउने चाहनामा तुषारापात मात्र भएन, नेपालको राजनीतिक विकासनै एक प्रकारले अन्यौलग्रस्त हुनपुग्यो । सम्भवतः यो समय नेपालको राजनीतिक इतिहासको सर्वाधिक दुःखद क्षणको रुपमा नेपाली जनता सामुन्ने प्रस्तुत हुन आयो ।

नेपाली राजनीतिलाई नयाँ ढङ्गबाट अगाडि बढाउन जनताले  एक पटक फेरी मंसिर ४, २०७० मा दोस्रो संविधानसभाको निर्वाचनमा भाग लिए । मुलुकको निर्वाचनको इतिहासमा नेपाली जनताको सहभागिताका हिसाबले सबै भन्दा बढि मत-पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ ७८ प्रतिशत र समानुपातिक प्रणालीतर्फ ७९ प्रतिशत- यसै निर्वाचनमा खस्यो । निर्वाचन स्वच्छ, स्वतन्त्र एवं भयरहित वातावरणमा सम्पन्न होस् भन्नाका लागि विगतमा झैं यस निर्वाचनमा पनि आम निर्वाचन पर्यवेक्षण समिति नेपाल/जियोक (General Election Observation Committee Nepal/GEOC) ले निर्वाचनको प्रभावकारी पर्यवेक्षण गर्‍यो ।

विभिन्न क्षेत्रमा कार्यरत दश वटा संस्थाहरुको सयुंक्त सञ्जालको रुपमा रहेको जियोकले २०४७ सालपछि सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचन २०४८, २०५१ र २०५६ का साथै स्थानीय निकाय निर्वाचन २०४९ र २०५४ एवम् संविधानसभा सदस्य निर्वाचन, २०६४ को राष्ट्रिय, जिल्ला र स्थानीयस्तरमा प्रभावकारी पर्यवेक्षण गरी सम्बन्धित निकायलाई सुझावसहितको प्रतिवेदन सार्वजनिक गरेको थियो । जियोकले विगतमा गरेको निर्वाचन पर्यवेक्षणको

* ग्रीष्मबहादुर देवकोटा, नेपालको राजनीतिक दर्पण, २०१६, काठमाडौं ।

आधारमा तयार गरि प्रकाशित प्रतिवेदनमा समावेश भएका सुझावहरुले निर्वाचन आयोग र सरकारलाई संविधानसभा सदस्यको निर्वाचनको लागि आवश्यक कानून निर्माणमा विशेष सहयोग पुऱ्याएको महसुस गरिएको छ ।

## १.२ सञ्जालको उद्देश्य

जियोक निर्वाचन आयोगद्वारा सञ्चालन हुने निर्वाचन स्वतन्त्र, निष्पक्ष, भयरहित र धाँधलीरहित रुपमा भएको छ वा छैन भन्ने कुराको स्वतन्त्र रुपमा पर्यवेक्षण गरी प्रतिवेदन सार्वजनिक गर्ने उद्देश्यले स्थापित सञ्जाल हो । जियोकले निर्वाचन आयोगले सार्वजनिक गरेको निर्वाचन कार्यक्रम अनुरुप निर्वाचनका विभिन्न प्रक्रियाहरु (मतदाताको नामदर्ता, मतदान, मतगणना र परिणाम घोषणा समेत) मा घटित घटनाहरुको पर्यवेक्षण गरी प्राप्त जानकारीका आधारमा प्रतिवेदन सार्वजनिक गर्दछ ।

## १.३ सञ्जालको स्वरूप

नेपाल कानून समाज, नेपाल नागरिक मञ्च, पूर्व कर्मचारी सेवा परिषद् नेपाल, इन्टरनेशनल कमिसन अफ जुरिष्ट नेपाल शाखा, नेपाल प्रेस इन्ष्टिच्यूट, ग्रामीण विकास प्रतिष्ठान, नेपाल नागरिक समाज, मधेशी नागरिक समाज, खोज पत्रकारिता केन्द्र र मिडिया एडभोकेसी ग्रुप जियोकको संस्थागत सदस्य रहेका छन् । उल्लिखित विभिन्न क्षेत्रमा कार्यरत १० वटा संस्थामा स्वतन्त्र बुद्धिजीवि, कानूनविद्, पूर्व कर्मचारी, समाजसेवी, मानव अधिकारवादी, प्राध्यापक, वरिष्ठ पत्रकारको सहभागिता रहँदै आएको छ । यस सञ्जालले आफ्ना सदस्यहरु मार्फत देशका सम्पूर्ण जिल्लामा विभिन्न कार्यक्रम मार्फत उपस्थिति जनाउँदै आएको छ ।

## १.४ सञ्जालको दायित्व

संविधानसभा सदस्य निर्वाचन २०७० सफलताका साथ सम्पन्न गर्न जियोकले आफ्नो चुनाव पर्यवेक्षण स्वतन्त्र, निष्पक्ष र तटस्थ पर्यवेक्षकहरुबाट गराउने दायित्व बोकेको छ । जियोकले आफ्नो दायित्व पूरा गर्ने क्रममा पर्यवेक्षणका लागि आवश्यक सहयोग पुऱ्याउन सचिवालय सञ्चालन गर्दै आएको छ । यसले संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षणका लागि सञ्जालका सदस्य संस्थाहरुसँग समन्वय गरी राष्ट्रिय, जिल्ला, निर्वाचन क्षेत्र तथा गाउँ र नगरस्तरीय पर्यवेक्षक चयन गर्दछ । यसैगरी जियोकले निर्वाचनको पर्यवेक्षण गरिसकेपछि आफ्ना गतिविधि तथा प्रतिवेदनहरु निर्वाचन आयोग लगायत राजनीतिक दल र अन्य सम्बन्धित निकायहरुमा पठाउने र सार्वजनिक गर्ने गर्दछ । साथै, यसले आफ्ना सबै गतिविधिहरु निष्पक्ष, स्वतन्त्र र पारदर्शी ढङ्गले सम्पन्न गर्ने गर्दछ । यसैक्रममा निर्वाचन पूर्व, मतदान, मतगणनाको प्रारम्भिक कार्यक्रमको साथै पत्रकार सम्मेलन गरी पर्यवेक्षण प्रतिवेदन सार्वजनिक गर्दछ ।

## १.६ सञ्जालको सचिवालय

निर्वाचन पर्यवेक्षणको कामका लागि दैनिक कार्य सञ्चालन गर्न र अन्य आवश्यक सहयोगका लागि जियोकको केन्द्रीय सचिवालय नेपाल कानून समाज, बबरमहल, काठमाण्डौमा रहेको छ । पर्यवेक्षण कार्यको समन्वय र आवश्यक जनशक्तिको व्यवस्था गर्नका लागि ५५ सदस्यीय राष्ट्रिय पर्यवेक्षक परिषद् रहेकोछ । साथै, सबै सदस्य संस्थाहरुको प्रतिनिधित्व हुने गरी श्री हिमालय शम्सेर राणाको अध्यक्षतामा एउटा कार्यसमिति सक्रिय रहेको छ ।

## १.७ पर्यवेक्षण कार्यक्रम र समन्वय

निर्वाचन पर्यवेक्षण कार्यलाई जियोकले निर्वाचन पूर्व, मतदानको दिन र निर्वाचन पछि गरी जम्मा तीन चरणमा पर्यवेक्षण कार्य सम्पन्न गरेको थियो । निर्वाचन पूर्वको अवधिमा निर्वाचन प्रक्रिया शुरु भएपछि मतदानको अघिल्लो दिनसम्मका प्रक्रिया, मतदानको दिन र निर्वाचन पछि अन्तिम परिणाम सार्वजनिक नभएसम्मका प्रक्रिया रहेका छन् ।

निर्वाचन पूर्वको अवधिमा जियोकले मानव एवं भौतिक तथा आर्थिक स्रोत व्यवस्थापनका लागि सचिवालयको स्थापना, पर्यवेक्षणका लागि निर्वाचनक्षेत्र, नगरपालिका तथा गाउँ विकास समितिको संख्याको निर्धारण एवं पर्यवेक्षकहरुको नियुक्ति तथा अभिमुखीकरणको व्यवस्था गरेको थियो । त्यस्तै निर्वाचन सम्बन्धी सूचनाहरु संकलन गर्नको लागि प्रश्नावलीको तयारी, सचिवालयबाट नै जिल्लाका पर्यवेक्षण तथा अन्य पर्यवेक्षण संस्थाहरुसँग समन्वय तथा सहकार्यसमेत गरेको थियो । सोही अवधिमा जियोकले निर्वाचन पूर्वको अवस्थामा पर्यवेक्षण गरिएका जिल्लाहरुको प्रारम्भिक प्रतिवेदनको जानकारी समेत सार्वजनिक गरेको थियो ।

मतदानको दिनमा निर्वाचनको स्वच्छता तथा स्वतन्त्रता सुनिश्चित गर्नका लागि प्रश्नावलीमार्फत विस्तृत सूचना तथा जानकारी सङ्कलन गर्नको लागि पर्यवेक्षकहरु परिचालन गरेका थिए । मतदानका दिन मतदान स्थलमा उपस्थित भई मतदान कार्य तथा त्यसको व्यवस्थापनवारे विस्तृत पर्यवेक्षण गरिएको थियो । सो दिन सचिवालयबाट जिल्लास्थित पर्यवेक्षकहरुसँग निर्वाचनको अवस्थाबारे जानकारी लिइएको थियो ।

निर्वाचन सम्पन्न भएपछि मतगणना स्थल, मतगणनाको पर्यवेक्षण, विभिन्न दलका प्रतिनिधिहरुको सहभागिता, मतगणनाको अद्यावधिक जानकारी र विजयी उम्मेदवारको घोषणा बारे पर्यवेक्षण गरिएको थियो । सोही अवधिमा निर्वाचन परिणाम घोषणा, राजनीतिक तहमा देखिएको विवाद, निर्वाचनका विषयमा आयोग तथा संविधानसभा अदालतमा परेका उजुरीहरु तथा समानुपातिक निर्वाचनको अन्तिम परिणाम घोषणा बारेका सबै प्रक्रियाको पर्यवेक्षण गर्दै निर्वाचन आयोग लगायत सरोकारवालाहरुसँग छलफल समेत गरिएको थियो ।

निर्वाचन पूर्व गरिएका पर्यवेक्षणका क्रममा राजनीतिक दलहरुको गतिविधि र आचार संहिताको पालना, सुरक्षा र राजनीतिक हिंसा लगायत निर्वाचनको वातावरण र अवस्थाबारे जानकारी दिने उद्देश्यले निर्वाचनपूर्वको प्रारम्भिक प्रतिवेदन तयार गरी आश्विन १० गते, कार्तिक ८ गते, कार्तिक २९ गते पटक-पटक पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरिएको थियो । त्यस्तै संविधानसभा सदस्य निर्वाचनको लागि भएको अन्तिम तयारी सम्बन्धी स्थलगत अध्ययन र जिल्लाबाट प्राप्त जानकारी सङ्कलन गरी मतदानको पूर्व सन्ध्या मार्ग ३ गते पत्रकार सम्मेलन आयोजना गरी वस्तुस्थिति अवगत गराइएको थियो । मतदानपछिको स्थितिको सम्बन्धमा जिल्लाबाट प्राप्त जानकारी र राष्ट्रिय पर्यवेक्षकहरुको स्थलगत अध्ययनबाट प्राप्त विवरणहरुलाई समेटी तयार गरिएको मतदान बारेको प्रारम्भिक प्रतिवेदन मार्ग ५ गते पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको थियो । संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण, २०७० बमोजिम प्रारम्भिक प्रतिवेदन निर्वाचन आयोगमा पेश गरिसकिएको छ । निर्वाचन पर्यवेक्षणको अन्तिम प्रतिवेदनमा निर्वाचनको सम्पूर्ण प्रक्रियाबारे प्राप्त जानकारीको विश्लेषण गरी निर्वाचनका विभिन्न पक्षमा गर्नुपर्ने सुधारका विषयमा सुझावहरु समावेश गरिएको छ । प्रस्तुत अन्तिम प्रतिवेदनलाई जियोकले एक समारोहका बीच सार्वजनिक गर्दछ ।

परिच्छेद
२

# पर्यवेक्षण बारे

## २.१ पर्यवेक्षणको उद्देश्य

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकद्वारा निर्वाचन पर्यवेक्षण तथा अनुगमन गर्नुको उद्देश्य निर्वाचन प्रक्रिया स्वतन्त्र, निष्पक्ष र भयरहित भए/नभएको भन्ने कुरा तटस्थ रुपमा अवलोकन गरी निर्वाचनको विश्वसनीयता र वैधता स्थापित गर्न सहयोग गर्नु हो । लोकतान्त्रिक शासन व्यवस्थामा निष्पक्ष निर्वाचनबाट जनताको अभिमत बुझेर शासन गर्ने परिपाटीमा विश्वास राखिने हुँदा निर्वाचन पर्यवेक्षणले लोकतान्त्रिक राजनीतिक परिपाटीलाई बलियो पार्छ र साथै यस प्रकारको लोकतान्त्रिक निर्वाचन पद्धतिलाई राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा मान्यता दिलाउन सहयोग गर्छ । निर्वाचन प्रक्रियामा हुन सक्ने धाँधली रोक्न र निर्धक्कसँग मतदान गर्ने वातावरणको सिर्जना गर्न पर्यवेक्षणले एक महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

संविधानसभा सदस्यका लागि भएको दोस्रो पटकको आमनिर्वाचन निष्पक्ष र धाँधली रहित ढङ्गबाट सम्पन्न गराउन सहयोग गर्ने पर्यवेक्षणको उद्देश्य रहेको थियो । निर्वाचनको प्रक्रिया विशेषत: निर्वाचनपूर्व, मतदान र मतगणना तथा परिणामको घोषणासम्म अनेकन प्रक्रिया रहेका हुन्छ । यी सबै प्रक्रिया निष्पक्ष र धाँधलीरहित तवरमा सम्पन्न गर्नका लागि कानूनबाट निर्देशित हुन्छन् । यसको पूर्ण रुपमा पालनाबाट नै निर्वाचन तटस्थ रुपले भयो भएन भन्ने यकिन गर्न सकिन्छ ।

## २.२ पर्यवेक्षणको आवश्यकता

निर्वाचनको सम्पूर्ण व्यवस्था निर्वाचन आयोग र सरकारले गर्ने भए तापनि प्रभावकारी पर्यवेक्षणले निर्वाचन स्वतन्त्र, स्वच्छ, धाँधली रहित रुपमा सम्पन्न भएको कुरा स्थापित गर्दछ । निर्वाचन सम्पन्न गरेर मात्र पुग्दैन, निर्वाचन कत्तिको निष्पक्ष रह्यो भन्ने कुरा पर्यवेक्षणबाट थाहा हुन्छ । यसले निर्वाचन विश्वसनीय मात्र होइन अन्तर्राष्ट्रिय मान्यता र वैधतासमेत प्राप्त गर्न सहयोग पुऱ्याउँछ । आवधिक निर्वाचनको लामो अनुभव नभएको र हिंसापूर्ण द्वन्द्वबाट शान्तिपूर्ण रुपान्तरको संक्रमणकालमा गुज्रिरहेको नेपाल जस्तो मुलुकमा यसको आवश्यकता बढी नै महसुस गरिएको छ ।

प्रत्येक मतदाताले आफूले चाहेको उम्मेदवारलाई मतदान गर्न सहज र सरल अवसर प्राप्त गर्नु पर्दछ । संविधानसभा मार्फत संविधान निर्माण गर्ने, जनताको संविधान जनताले नै बनाउने उद्देश्यका साथ भएको संविधानसभाको निर्वाचनमा कानूनी प्रक्रिया पूरा गरेका सम्पूर्ण वालिग नागरिकको नाम मतदाता नामावलीमा समावेश भयो वा भएन ? राजनीतिक दलहरुले दर्ता हुने अवसर पाए पाएनन् ? इच्छुक दल वा व्यक्तिले उम्मेदवारी दिन सहज भयो वा भएन ? त्यसको लागि निर्वाचन कानून अनुसार निर्वाचन आयोग, नेपाल सरकारले आवश्यक व्यवस्था गर्न सफल भयो वा भएन आदि कुरा स्पष्ट पार्न स्वतन्त्र रुपमा पर्यवेक्षण गर्न आवश्यक छ ।

मतदानका क्रममा सम्पूर्ण मतदाताले भयरहित र सहज रुपमा सही प्रक्रियामा मतदान गर्न पाएका छन्/छैनन् ? मतदान प्रक्रिया पछि सहि रुपमा मतपत्र सङ्कलन र गणना भएको छ/छैन भनी विश्वसनीय वातावरण सिर्जना गर्नका लागि स्वतन्त्र, निष्पक्ष र दक्ष व्यक्तिबाट निर्वाचन पर्यवेक्षण हुन अनिवार्य हुन्छ ।

निर्वाचन पर्यवेक्षणले निर्वाचन सम्बन्धी कानून मात्र होइन अन्य कानून पालनालाई प्रोत्साहित पनि गर्दछ । निर्वाचन आचार संहिताको पालनाले निर्वाचन कम खर्चिलो गराउन पनि सहयोग पुऱ्याउँछ । साथै, पर्यवेक्षणले निर्वाचनमा खटिने अधिकारीहरुलाई जवाफदेही बनाउनका अतिरिक्त निर्वाचन प्रक्रियाको पारदर्शिता बढाउनमा सहयोग पुऱ्याउँछ ।

## २.३ पर्यवेक्षकको दायित्व

निर्वाचन प्रक्रियालाई सहज र सरल बनाउन निर्वाचन आयोग र अन्य सम्बन्धित निकायहरु सक्रिय रहेका हुन्छन् । यस प्रक्रियालाई पारदर्शी र विश्वसनीय बनाउन निर्वाचन पर्यवेक्षकको पनि दायित्व हुन्छ । निर्वाचन पर्यवेक्षकलाई व्यवस्थित र सहजीकरण गर्न निर्वाचन आयोगले निर्वाचन पर्यवेक्षण आचार संहिता २०७० जारी गरेको छ । उक्त आचार संहिता बमोजिम अनुमति प्राप्त निर्वाचन पर्यवेक्षकहरुले संविधानसभा सदस्यको निर्वाचन स्वतन्त्र रुपमा पर्यवेक्षण गर्ने अधिकार प्राप्त गरेका छन् । साथै, पर्यवेक्षकहरुले पालना गर्नुपर्ने दायित्वको पनि व्यवस्था भएको छ । जस अनुसार निर्वाचनको क्रममा प्राप्त जानकारी निर्वाचन आयोग र मातहतका कर्मचारीहरुलाई जानकारी गराउने, आचार संहिता अनुकूल निर्वाचन प्रक्रियामा संलग्न सरोकारवालाहरु- राजनीतिक दल, दलका कार्यकर्ता, उम्मेदवार, मतदाता, मतदान व्यवस्थापनका लागि खटिएका कर्मचारीहरुको काम र व्यवहारबारे जियोकले तयार गरेको प्रश्नावली अनुसार वास्तविक रुपमा, तटस्थ भई आफ्नो प्रतिवेदन बुझाउनुपर्ने कर्तव्य तोकिएको थियो । निर्वाचन कानून अनुसार निर्वाचनको तयारी, निर्वाचन कार्यक्रमको बारेमा आफ्नो सुझाव सहित प्रतिवेदन बुझाउनु पर्यवेक्षकहरुको दायित्व रहेको छ ।

## २.४ पर्यवेक्षणसँग सम्बन्धित निर्वाचन आयोगको व्यवस्थापन

निर्वाचन आयोग मतदाता नाम सङ्कलन, राजनीतिक दल दर्ता र उम्मेदवारी दर्ताको समयदेखि नै निर्वाचन प्रक्रियामा संलग्न रहेको हुन्छ । यी सबै काम विधि र कानून सम्मत ढङ्गले गर्नु आयोगको मुख्य दायित्व हुन्छ भने मतदान र मतगणना सम्मका अनगिन्ती प्रक्रियाहरुबाट कुनै एकको पक्ष नलिई सक्रिय रुपमा व्यवस्थापनमा लागेको हुन्छ । यसका लागि निर्वाचन आयोगका पदाधिकारी लगायत त्यहाँ कार्यरत कर्मचारी र निर्वाचन प्रक्रियामा खटिएका राष्ट्रसेवकहरुको व्यवस्थापनको ठूलो महत्व रहन्छ । यस कार्यमा सरकारले आवश्यक बजेटको व्यवस्था र शान्ति सुरक्षाको प्रत्याभूति प्रदान गरेको हुन्छ । पर्यवेक्षणमा संलग्न संघ संस्था र हजारौं पर्यवेक्षकको चयन, परिचयपत्र आदिको व्यवस्थासमेतमा यसको ठूलो भूमिका रहन्छ । यी सबै कुराको उचित व्यवस्थापनले निर्वाचन स्वच्छ र धाँधलीरहित ढङ्गबाट भए/नभएको विषय पर्यवेक्षणको सक्रिय सहयोगबाट जानकारी प्राप्त हुन्छ ।

यसको लागि निर्वाचन आयोगले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुको सही व्यवस्थापन गरी आचार संहिता बनाई पर्यवेक्षण अनुमति प्रदान गर्नुका साथै पर्यवेक्षण गर्न परिचयपत्रको व्यवस्थापन गरेको थियो । पर्यवेक्षण कार्यलाई व्यवस्थित र स्तरीय बनाउन अनुमति प्राप्त राष्ट्रिय र अन्तराष्ट्रिय संस्थाहरुलाई प्रशिक्षण तथा अन्तर क्रियाहरुको आयोजना गर्नुका साथै प्रत्येक जिल्लामा निर्वाचन पर्यवेक्षकहरुको अनुगमन गर्न नेपाल सरकारका सचिव र सह-सचिवहरुलाई परिचालन गरिएको थियो ।

परिच्छेद

३

# पर्यवेक्षण विधि

## ३.१ पर्यवेक्षकहरूको छनौट

पर्यवेक्षण सम्बन्धी कार्यका लागि नगर वा गाविस, निर्वाचन क्षेत्र, जिल्ला र राष्ट्रिय स्तरका पर्यवेक्षकहरुको व्यवस्था गरिएको थियो । पर्यवेक्षकको छनौट गर्दा जियोकमा संलग्न सबै निकाय, विविध विधा र लैङ्गिकक्षेत्रको प्रतिनिधित्व हुने व्यवस्था गरिएको थियो । पर्यवेक्षकहरुको चयन गर्दा अनुभवी र बौद्धिकवर्गको सहभागिता गराउनुका साथै महिला, दलित, आदिवासी/जनजाति, मुस्लिम, मधेशीको समावेशी सहभागितामा प्राथमिकता दिइएको थियो । पर्यवेक्षण कार्यलाई विस्तृत रुपमा अध्ययन गर्ने उद्देश्यले लामो र छोटो अवधिको पर्यवेक्षणका लागि पर्यवेक्षकहरुको परिचालन गरेको थियो । जस अन्तर्गत लामो अवधिमा २६० जना, जसले निर्वाचनको पूरा पर्यवेक्षण गरे भने छोटो अवधिमा २०४० जना पर्यवेक्षक परिचालन गरिएको थियो जसले एक महिनाको गतिविधि मात्र पर्यवेक्षण गरेका थिए । जियोकबाट राष्ट्रिय तथा जिल्ला स्तरका पर्यवेक्षक नियुक्त गरिएको थियो भने स्थानीय स्तरका पर्यवेक्षक (नगर, गाउँ र निर्वाचन क्षेत्रस्तरीय) को नियुक्ति जिल्ला पर्यवेक्षकले गरेका थिए । पर्यवेक्षकको छनोट जियोकमा आबद्ध संस्थाहरुको सल्लाहबाट दक्ष र निष्पक्ष व्यक्ति समावेश हुने गरी गरिएको थियो ।

जियोक निष्पक्ष हुनाका साथै मतदाताहरुको मतदान गर्ने अधिकार- संरक्षणप्रति प्रतिबद्ध रहेकोले पर्यवेक्षकहरुको छनौटमा अन्य कुराहरुका अतिरिक्त दक्ष र निष्पक्षतालाई मुख्य आधार बनाइएको थियो । सबै तहका पर्यवेक्षकहरुलाई नियुक्तिपत्र दिने व्यवस्था गरिएको थियो । निष्पक्षताका लागि सबै पर्यवेक्षकहरुले निर्वाचन आयोगद्वारा तोकिए बमोजिमको सपथ लिएका थिए । तोकिएको ढाँचामा सपथ लिएपछि मात्र पर्यवेक्षकको रुपमा कार्य गर्न पाउने व्यवस्था गरिएको थियो ।

## ३.२ पर्यवेक्षण प्रश्नावली

निर्वाचनमा स्वच्छता र निष्पक्षता कायम भए-नभएको बारे जानकारी प्राप्त गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले मतदाता, राजनीतिक कार्यकर्ता र निर्वाचन अधिकृतहरुबाट वस्तुगत जानकारी हासिल गर्ने उद्देश्यले पाँच प्रकारका प्रश्नावलीहरु तयार गरिएका थिए । तिनलाई काभ्रेपलाञ्चोक जिल्लाका केही गाविस तथा नगरपालिकाहरुमा पूर्वपरिक्षण समेत गरिएको थियो । प्राप्त सुझावका आधारमा प्रश्नावलीहरुमा सुधार गरी अन्तिम रुप दिइएको थियो ।

## ३.३ पर्यवेक्षण तालिम

पर्यवेक्षकहरूलाई आ-आफ्ना काम कुशलतापूर्वक र प्रभावकारी तवरमा सम्पन्न गर्नमा सहयोग पुगोस् भन्ने उद्देश्यले तालिम-अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो । प्रशिक्षण कार्यक्रममा संविधानसभा र यससँग सम्बन्धित कानूनी व्यवस्थाहरु, पर्यवेक्षणको उद्देश्य, निष्पक्षता, आचार संहिता पालना आदि विषयमा विस्तृत रुपमा जानकारी गराइएको थियो । राष्ट्रिय र जिल्ला पर्यवेक्षकहरुलाई काठमाडौंमा तालिम प्रदान गरिएको थियो भने जिल्ला-जिल्लामा निर्वाचन क्षेत्र, नगरपालिका तथा गाउँ विकास समिति स्तरका पर्यवेक्षकहरुलाई एक दिवसीय तालिम दिइएको थियो ।

## ३.४ पर्यवेक्षण नमूनाको आकार

जियोकले मुलुकका विभिन्न भौगोलिक क्षेत्रका साथै गाउँ र शहरी क्षेत्र समेतको प्रतिनिधित्व हुने गरी नमूनामा परेका जिल्ला तथा मतदान केन्द्रहरु निर्वाचन पर्यवेक्षणका लागि समावेश गरेको थियो । यसबाट मतदानदेखि मतगणना सम्मका सबै प्रक्रियाको भरपर्दो सूचना र तथ्याङ्क प्राप्त हुन्छ । पर्यवेक्षणको क्रममा जानकारी हासिल गर्न निर्वाचन प्रक्रियाको प्रत्यक्ष अवलोकनका साथै सरोकारवालाहरुको विचार बुझ्न अन्तर्वार्ताको माध्यम अपनाइएको थियो । जियोकले ७५ जिल्लामध्ये हिमालका ७, पहाडका ३० र तराईका १८ गरी जम्मा ५५ जिल्लाको पर्यवेक्षण गरेको थियो । मतदान केन्द्र पनि ग्रामीण र शहरी क्षेत्रको प्रतिनिधित्व हुने गरी चयन गरिएको थियो ।

पर्यवेक्षणका लागि छानिएका ५५ जिल्लाको मतदाता संख्या १,०४,८०,८१९ रहेको छ । यो संख्या देशको कूल मतदाताको ८६.३ प्रतिशत हुन आउँछ । त्यसैगरी सात हिमाली जिल्लाले त्यस क्षेत्रको मतदाताको ५६.१ प्रतिशत, ३० पहाडी जिल्लाको ८६.० प्रतिशत र तराईका १८ जिल्लाका मतदाताको ९०.८ प्रतिशत हुन आउँछ ।

निर्वाचन अभियानको सबै प्रक्रियाको भरपर्दो सूचना प्राप्त गर्नका लागि सरोकारवाला तीनवटै समूह मतदाता, राजनीतिक कार्यकर्ता र मतदान अधिकृत सबैबाट प्रश्नावलीका माध्यमद्वारा सूचना तथा जानकारी सङ्कलन गरिएको छ । पर्यवेक्षणमा महिला तथा पुरुष र शहर तथा ग्रामीण दुबै क्षेत्र सम्मिलित भएकाले सन्तुलित जानकारी प्राप्त हुन्छ । माथि उल्लिखित तीन प्रश्नावलीका अतिरिक्त अन्य दुई प्रश्नावली निर्वाचनका सम्पूर्ण प्रक्रियाका साथै मतगणनाबारे जानकारी प्राप्त गर्न पर्यवेक्षकले भर्ने व्यवस्था गरिएको छ । विवरणलाई कोड मार्फत विभिन्न तालिकामा रुपान्तर गरी विश्लेषण गरिएको छ ।

निर्वाचन पर्यवेक्षणको तथ्याङ्क विश्वसनीय होस् भन्ने दृष्टिकोणले तालिम प्राप्त स्थानीय व्यक्तिहरुबाट पर्यवेक्षण भएको थियो र पर्यवेक्षकले निर्वाचनका सम्पूर्ण प्रक्रियाको प्रत्यक्ष अवलोकन गरेका थिए । प्रस्तुत प्रतिवेदन जियोकले पर्यवेक्षणका लागि चयन गरेको ५५ जिल्लाका जम्मा २,३०० पर्यवेक्षकहरुबाट प्राप्त जानकारीको संश्लेषण हो । जियोकले पर्यवेक्षण गरेका ६६५२ नमूना मतदान केन्द्रहरु मुलुकभरका १८,७७५ मतदान केन्द्रको एक तिहाई भन्दा बढी हुन आउँछ ।

परिच्छेद
४

# संविधानसभा निर्वाचन तथा स्थानीय निर्वाचन सम्बन्धी नेपाल कानूनको समीक्षा

## ४.१ निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड

निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड मानव अधिकार विषयका अन्तर्राष्ट्रिय लिखतहरुमा उल्लेख भएका छन् । नेपाल समेत पक्ष भएका यस्ता अन्तर्राष्ट्रिय लिखतहरुमा आत्मसात गरिएका मूल्य, मान्यता तथा मापदण्डहरु प्रति नेपालको पनि अविचलित प्रतिबद्धता रहेको छ । यी मूल्य, मान्यता तथा मापदण्डमा प्रत्येक व्यक्तिलाई आफ्नो देशको सरकारमा प्रत्यक्ष रुपले वा स्वतन्त्र रुपले चुनिएका प्रतिनिधि मार्फत भाग लिने, जनताको इच्छा नै सरकारको सत्ताको आधार हुने, यस्तो इच्छा वयस्क मताधिकारको आधारमा गोप्य मतदान वा त्यस्तै स्वतन्त्र मतदान प्रणालीद्वारा व्यवस्थित गरिने आदि रहेका छन् । त्यस्तै नियमित अवधिमा स्वतन्त्र र निष्पक्ष तवरले निर्वाचन गरी जनताको अभिमतबाट मात्र शासन व्यवस्था संचालन गरिने मान्यता पनि रहेको छ । निर्वाचन सम्बन्धी प्रचलित नेपाल कानून यिनै मूलभूत मान्यताहरुबाट निर्देशित छन् ।

## ४.२ संविधान सभा निर्वाचनसम्बन्धी नेपाल कानून

### ४.२.१ नेपालको अन्तरिम संविधान २०६३

नेपालको अन्तरिम संविधानमा निर्वाचन एवम् संविधानसभासँग सम्बन्धित आवश्यक प्रावधानहरु छन् । यथासम्भव समान जनसंख्या र भौगोलिक विशिष्टताका आधारमा प्रशासकीय जिल्लालाई निर्वाचन जिल्ला कायम गरी निर्वाचन क्षेत्र निर्धारण आयोगले निर्धारण गरेको २४० निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने २४० जना र सिङ्गो मुलुकलाई एक निर्वाचन क्षेत्र मानेर दलहरुको बन्दसूची मध्येबाट समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने ३३५ जना एवम् राजनीतिक सहमतिको आधारमा मन्त्रिपरिषद्‌बाट मनोनित २६ जना गरी संविधानसभा सदस्यको कूल संख्या ६०१ तोकिएको छ ।

### ४.२.२ संविधान अन्तर्गत बाधा अड्काउ फुकाउ आदेश

चारवर्ष बित्दा पनि संविधान निर्माण कार्य पूरा नगरी पहिलो संविधानसभा अन्त्य भयो । त्यसपछि व्यवस्थापिका संसद नै कायम नरहेकोले मुलुकमा विषम परिस्थिति सृजना हुन गयो । आवश्यकताको सिद्धान्त समेतलाई विचार गरी संविधानसभाको निर्वाचनलाई सुनिश्चित गरी राजनीतिक गतिरोध अन्त्य गर्न नेपालको अन्तरिम संविधान, २०६३ का विभिन्न धाराहरुमा रहेको संवैधानिक व्यवस्थाले सिर्जना गरेका बाधा अवरोध फुकाउन २०६९ फागुन ३० गते प्रमुख राजनीतिक दलहरुका बीच भएको ११ बुँदे सहमतिको आधारमा, नेपाल सरकार मन्त्रिपरिषद्‌को सिफारिसमा, राष्ट्रपतिबाट वर्तमान संविधानको धारा १५८ बमोजिम मिति २०६९ चैत्र १ गते २५ बुँदे बाधा अड्काउ फुकाउ आदेश जारी भएपछि अर्को संविधानसभा सदस्य निर्वाचन २०७० को बाटो खुल्यो । नव निर्वाचित संविधान सभाले सो आदेशको अनुमोदन गरिसकेको हुँदा यस सम्बन्धी सबै कानूनी प्रश्नहरु समाप्त भएका छन् ।

## ४.२.३ निर्वाचन आयोग ऐन, २०६३

नेपालको अन्तरिम संविधान २०६३ को संवैधानिक प्रावधान अनुसार गठन हुने यो आयोगका प्रमुख आयुक्त र अरु ४ जना आयुक्तहरु सम्बन्धित क्षेत्रमा विशेष दक्षता हासिल गरेका अनुभवी ख्याति प्राप्त व्यक्तिहरु मध्येबाट नियुक्त गरिन्छ । संविधानले तोके बमाजिम अर्थात् संविधानसभा, जनमत संग्रह र स्थानीय निकाय समेतको निर्वाचन गर्ने, सो प्रयोजनका लागि आवश्यक मुख्य निर्वाचन अधिकृतहरु, निर्वाचन अधिकृत लगायतका जनशक्ति नियुक्ति गर्ने जस्ता आवश्यक व्यवस्थापन गर्न आयोग स्वतन्त्र र सक्षम छ । यो ऐनमा २०६९ सालमा, अध्यादेश मार्फत समसामयिक आवश्यक संशोधन र थप प्रावधानहरु राखिएका छन् । यसले निर्वाचनको स्वच्छता, स्वतन्त्रता, विश्वसनीयतामा वृद्धि गर्नकासाथै अन्तर्राष्ट्रिय मान्यता र मापदण्ड अनुरुप आयोग स्वतन्त्र, सक्षम रहने व्यवस्था गरेको छ ।

## ४.२.४ संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७०

सम्बत् २०७० मंसिरमा अर्को संविधानसभाको निर्वाचन सम्पन्न गर्ने उद्देश्यले नेपालको अन्तरिम संविधान २०६३ को धारा ८८(१) बमोजिम संविधानसभा सदस्यको निर्वाचन तथा निर्वाचन प्रणाली र निर्वाचन प्रक्रिया बारे तत्काल कानूनी व्यवस्था गर्न यो अध्यादेश आएको हो । यसमा पहिलो हुने निर्वाचित हुने प्रणाली (प्रत्यक्ष) तर्फ हरेक निर्वाचन क्षेत्रबाट निर्वाचित २४०, पूर्णतः तोकिएको समावेशी मापदण्ड अनुसार (अनुसूची १ र २ अनुसार) दलहरुले पेश गरेका बन्द सूचीबाट निर्वाचित हुने ३३५ जना र राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरु र मिश्रित निर्वाचन प्रणालीबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी जनजाति मध्येबाट सहमतिको आधारमा मन्त्रिपरिषद्बाट मनोनित २६ जना रहने गरी कूल ६०१ जना सदस्य संख्याको संविधानसभा हुने व्यवस्था गरिएको छ । यही अध्यादेश मार्फत आयोगले निर्वाचन अधिकृत, मतदान अधिकृत र अन्य कर्मचारी नियुक्ति गर्ने, तिनीहरुको काम कर्तव्य र अधिकार तोकेको छ । यसैमा उम्मेदवारको योग्यता, मनोनयन प्रक्रिया धरौटी रकम तोक्ने, दावी विरोधको प्रक्रिया, मतदान केन्द्र, मतपत्र, मतदानको तरिका, मतगणना र परिणाम घोषणा गर्ने, आदेश र निर्देशिका जारी गर्ने तथा सो को कार्यान्वयनमा बाधा अड्काउ फुकाउ गरी आदेश जारी गर्ने अधिकार निर्वाचन आयोगलाई प्रदान गरिएको छ ।

## ४.२.५ राजनीतिक दल सम्बन्धी ऐन, २०५८

वर्तमान संविधानको धारा १२(२)(ग) ले प्रत्येक नेपाली नागरिकलाई राजनीतिक दल दर्ता गर्ने स्वतन्त्रता प्रदान गरेको छ । धारा १४१ ले राजनीतिक दललाई प्रतिबन्ध लगाउन नपाउने प्रावधान अनुसार बहुलवादमा आधारित बहुदलीय व्यवस्था सुरक्षित भएको छ । तर दल दर्ता गर्ने प्रयोजनको लागि संविधान र ऐनले तोकेको शर्त पालना गरेको हुनैपर्ने संवैधानिक व्यवस्था छ । जातीय धार्मिक सहिष्णुता, मुलुकको अखण्डताको विपरित हुने उद्देश्य भएका दल दर्ता हुन सक्दैनन् । ऐनले तोकेका १३ वटा मापदण्ड दलले पूरा गर्नुपर्छ । उक्त व्यवस्था अन्तर्गत संविधानसभा सदस्य निर्वाचन प्रयोजनका लागि कूल १३८ राजनीतिक दलहरुले दर्ताको लागि निवेदन दिएकोमा जम्मा १३० दलहरुमात्र दर्ता भएको पाइन्छ । निवेदन दिनेमध्ये आठवटा विभिन्न राजनीतिक दलहरु दर्ता हुन सकेको देखिंदैन ।

## ४.२.६ राजनीतिक दल दर्ता णनिर्वाचन प्रयोजनढ नियमावली २०६२

यस नियमावलीमा संविधानको प्रस्तावना र मूल भावना विपरित उद्देश्य हुने, सदस्यता प्राप्ति धर्म, जात, जाति, भाषा वा लिङ्गको आधारमा मात्र हुने, साम्प्रदायिक एकतामा खलल पर्ने वा मुलुक विखण्डित हुने प्रकृतिको वा निर्दलीय वा एक दलीय व्यवस्थाको सम्बर्द्धन र संरक्षण गर्ने उद्देश्य राखिएको दल दर्ता हुन नसक्ने प्रावधान रहेको छ । निर्वाचन प्रयोजनको लागि आयोगले बढीमा १ महिनाको समय दिई राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशित गरी तोकिएको अनुसूची बमोजिम व्यहोरा खोली आधिकारिक तवरले निवेदन पेश गरेमा दल दर्ता हुने प्रावधान छ ।

विगतमा संविधानसभामा प्रतिनिधित्व भएका/गरेका दल बाहेक नयाँ दर्ता हुन चाहने दलले १० हजार मतदाताको हस्ताक्षरयुक्त निवेदन पेश गरेपछि सो को आयोगबाट सम्पुष्टी भए पछि मात्र दल दर्ता हुन सक्छ । आयोगको वैशाख १३, २०७० को सूचनाद्वारा संविधानसभा सदस्य निर्वाचन प्रयोजनका लागि दर्ता भएका दलहरुको सूची प्रकाशित गरेको थियो ।

## ४.२.७ निर्वाचन एकसूर तथा सजायढ ऐन, २०६४

संविधानसभा सदस्यको निर्वाचनमा हुनसक्ने कसूरको सम्भावनालाई दृष्टिगत गरी विभिन्न कसूरको परिभाषा र सजाय तोक्न छरिएर रहेका ऐनहरुलाई एकीकरण गरी यो ऐन बनेको देखिन्छ । सो ऐनमा अनधिकृत व्यक्तिले मतदान गर्न नहुने, अनुचित प्रभाव पार्न नहुने, निर्वाचन सम्बन्धी कुनै पनि जिन्सी लगायतका श्रोत साधनमा क्षति पुऱ्याउन नपाइने, गोप्यता भङ्ग गर्न नपाइने, हातहतियार वा कुनै किसिमका विष्फोटक पदार्थ प्रदर्शन गर्ने वा प्रयोग गर्न नपाउने, कुनै उम्मेदवार वा निजका परिवारका सदस्यको चरित्र हत्या गर्न नपाउने, मतदानलाई प्रभावित पार्ने किसिमले निर्वाचन अवधिभर कुनै पनि किसिमका नगद जिन्सी लिन दिन नपाउने आयोगले तोकेको मापदण्ड भन्दा बाहिर गएर प्रचार-प्रसार गर्न नपाइने प्रावधानहरु उल्लेख छ । कानूनतः कसूर हुने कुरामा अनुसन्धान अधिकारी तोकी अनुसन्धान र अभियोजन गर्ने व्यवस्था तथा उजुरी सुन्ने अधिकारी वा निकाय विवादको प्रकृति अनुसार व्यवस्था गर्ने प्रावधान यो ऐनमा छ । ऐनको दफा २१ अनुसार सजायँ हुने र परिच्छेद ५ बमोजिम सजायँ हुने मुद्दा संविधानसभा अदालतको क्षेत्राधिकारभित्र पर्ने गरी तोकिएको छ र दफा २१ अन्तर्गतको कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी भई चल्ने, दफा २७, २८ र ३१ अन्तर्गतका उजुरीहरु अदालतको अनुमतिले फिर्ता लिन सकिने पनि प्रावधान राखेर सरोकारवालालाई विवाद समाधानमा स्वविवेकीय विकल्पको अधिकार पनि प्रदान गरेको देखिन्छ ।

## ४.२.८ मतदाता नामावली सम्बन्धी ऐन, २०६३

कुनै पनि निर्वाचनको मूल आधार भनेको मतदाता नामावली हो । प्रचलित कानून बमोजिम हुने निर्वाचनका लागि मतदाता नामावलीमा आवश्यक संशोधन र एकीकरण गर्ने उद्देश्यले यो ऐन बनेको हो । निर्वाचन आयोगको प्रत्यक्ष रेखदेख, नियन्त्रण र सुपरिवेक्षणमा प्रत्येक वडामा स्थानीय बसोबास भएका व्यक्तिहरुको नाम सङ्कलन गर्ने व्यवस्था गरेको छ । योग्यता पुगेकाहरुको नाम सङ्कलन र अद्यावधिक गर्ने सम्बन्धित वडा कार्यालयमा सूचना प्रकाशित गर्ने गरी नाम दर्ता अधिकारी तोकिएको छ । यो ऐनमा स्थायी बसोबास भएका, बसाई सरी वा विवाह भई गएकाहरुको प्रमाणका आधारमा नाम दर्ता गर्ने, दोहोरो नाम दर्ता भएका, मृत्यु भएका र अन्यत्र गएकाहरुको नाम हटाउने, कुनै विवरण फरक परे सच्याउन दरखास्त दिएमा पुनरावलोकन गरी अन्तिम नामावली प्रकाशित हुन्छ । विशेष अवस्थामा नाम छुट भएका व्यक्तिले नाम दर्ता अधिकारी समक्ष निवेदन गरेमा नाम दर्ता हुन सक्ने विशेष व्यवस्था छ । कारागारमा रहेका कैदी थुनुवा वा नेपाल सरकारबाट स्वीकृति प्राप्त वृद्धाश्रममा भएका र निर्वाचनको कामका खटिएका राष्ट्रसेवक कर्मचारीहरुको अस्थायी मतदाताका रुपमा नाम दर्ता हुने व्यवस्था छ । यसपटक मतदाताको नाम दर्ता गर्ने समयमा मतदाता स्वयंम उपस्थित भई फोटो सहित ल्याप्चे सहि छाप गरेको मतदाता नामावली तयार गर्ने प्रावधान भएकोले पनि २०६४ सालको तुलनामा मतदाता संख्या कम हुन गएको छ । अस्थायी मतदाताले समानुपातिक तर्फ मात्र मतदान गर्ने अधिकार राख्दछ ।

## ४.२.९ संविधानसभा अदालत ऐन, २०६४

संविधानसभा सदस्यको निर्वाचन सम्बन्धी उजुरीको कारवाही र किनारा गर्नका लागि संविधानसभा अदालतको गठन र सो को अधिकार तथा कार्यविधिको व्यवस्था गर्न यो ऐन बनेको हो । ऐन अनुसार न्याय परिषद्को परामर्शमा त्यस्तो अदालतमा अध्यक्ष र दुई जना सदस्य रहने प्रावधान छ । संविधानसभाका सदस्यको अयोग्यता, सो को निर्वाचन बदर र सो सम्बन्धी कसूरको छिनोफानो गर्ने विषय यसको क्षेत्राधिकार भित्र पर्छ । यसको क्षेत्राधिकारको प्रयोग तीनै जना सदस्यले गर्ने व्यवस्था छन् । इजलासमा निर्णयको हकमा बहुमतको राय मान्य

हुने, कारवाहीको हकमा दुईजना मात्र उपस्थिति भएको इजलासमा अध्यक्ष भए अध्यक्षको राय र अध्यक्ष बाहेक सदस्यहरु मात्र रहेको इजलासमा वरिष्ठ सदस्यको राय बमोजिम गर्नुपर्नेछ । मुद्दाको फैसला वा अन्तिम आदेशमा बहुमत कायम हुन नसकेमा पहिला अनुपस्थित रहने सदस्य समक्ष पेश गरी निजले समर्थन गरेको राय अदालतको निर्णय हुनेछ । यो अदालतले गरेको निर्णय अन्तिम हुन्छ । यसउपर पुनरावेदन लाग्दैन ।

## ४.२.१०संविधानसभा सदस्य निर्वाचन निर्देशिका, २०७०

संविधानसभा निर्वाचन सम्बन्धी सबै कानूनी तथा प्रक्रियागत व्यवस्थाहरु एकीकृत गरी यो निर्देशिका तयार पारिएको हो ।

## ४.२.११ संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण नीति, २०७०

निर्वाचन आयोगले निर्वाचन पर्यवेक्षणमा अनुभव र प्रतिष्ठा आर्जन गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था व्यक्तिहरुबाट निर्वाचन पर्यवेक्षणका लागि स्थापित मापदण्ड अनुसारको निर्वाचन पर्यवेक्षण गराई निर्वाचन प्रणाली र प्रक्रियामा आवश्यक सुधार गर्दै लैजान र निर्वाचनको स्वच्छता, निष्पक्षता तथा विश्वसनीयता अभिवृद्धि गर्नका लागि निर्वाचन पर्यवेक्षण नीति २०७० बनाई लागू गरेको छ । यसकार्यबाट निर्वाचनमा स्वच्छता, निष्पक्षता अभिवृद्धि हुने, मतदाता, राजनीतिक दल र उम्मेदवारको राज्यको स्रोत, साधन र सञ्चार माध्यम लगायतमा समान पहुँच हुने, अभिव्यक्ति स्वतन्त्रता र आचार संहिताको पालनाको समीक्षा हुने अपेक्षा गरिएको छ । त्यस्तै राजनीतिक हिंसा, शान्ति सुरक्षाको स्थिति, मतदाताको मनस्थिति लगायतका पक्षमा भविष्यमा गरिनुपर्ने सुधारहरुको मार्गचित्र आउनसक्ने अनुमान गरिएको छ । पर्यवेक्षक, सरकार, आम सञ्चारमाध्यमहरुको पनि जवाफदेहिता र कर्तव्य प्रति बढी उत्तरदायी हुने वातावरणको अपेक्षा यो नीतिले गरेको छ ।

## ४.२.१२संविधानसभा सदस्य निर्वाचन आचार संहिता २०७०

निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ ले प्रदान गरेको अधिकार प्रयोग गरी आयोगले निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शीता र भयमुक्त विश्वसनीय वातावरण कायम राख्न नेपाल सरकार, सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारी, निर्वाचनको काममा संलग्न कर्मचारी, राजनीतिक दल, उम्मेदवार तथा निजसँग सम्बन्धित व्यक्तिहरु, सरकारी तथा निजी क्षेत्रका आम सञ्चार माध्यमहरु एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुले पालना गर्नुपर्ने आचार संहिता बनाई जारी गरी सबै सरोकारवालाहरुलाई जवाफदेही बनाएको छ । आचार संहिता उल्लंघन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा सो को स्पष्ट कारण खोली त्यस्तो उम्मेदवारलाई सफाईको मौका समेत दिई आचार संहिताको पटक-पटक गम्भीर उल्लङ्घन गरेको देखिएमा त्यस्तो उम्मेदवारको उम्मेदवारी समेत रद्द गर्नसक्ने व्यवस्था छ । आयोगको आदेश उल्लंघन गर्नेलाई एकलाख रुपैयासम्म जरिवाना गर्ने अधिकार छ । त्यस्तै आचार संहिताको कार्यान्वयनको अनुगमन समेत गर्ने व्यवस्था समेत उक्त ऐनमा छ । उल्लª\घन भएको पाइएमा यसलाई कानूनत: सजाय हुने कसूर मानिएको छ ।

## ४.२.१३मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ र पहिलो संशोधन, २०७०

यो नियमावलीमा पहिलो संशोधन २०७० वैशाख १० गते भएको थियो । संशोधनमा प्रमुख नाम दर्ता अधिकारी, सहायक नाम दर्ता अधिकारी वा संकलक मार्फत मतदाताहरुको नाम सङ्कलन र अद्यावधिक गर्ने व्यवस्था रहेको छ । विगतमा भन्दा फरक ढङ्गले मतदाता सङ्कलन तथा अद्यावधिक गर्दा मतदाताहरुको नाम, पति, पत्नी, माता, पिताको नाम, नागरिकता प्रमाणपत्र नंम्बर र जारी गर्ने जिल्ला सहितको विवरण मतदाता दर्ता किताबमा दर्ता गरी, औंठाको छाप समेत सङ्कलन गरी कम्प्युटरमा प्रविष्ट गराई राख्ने व्यवस्था गरेको छ । २०६४ सालको

संविधानसभाको निर्वाचनमा मतदाता नामावलीमा नाम भएपछि मात्र नागरिकता प्राप्त गरेको नेपाली नागरिकको हकमा प्रमाण सहित नाम दर्ता गराउनसक्ने विशेष व्यवस्था गरी थप समय समेत प्रदान गरिएको छ । सोही अनुरुप २०७० कार्तिक १ गतेदेखि ८ गतेसम्म छुटेको मतदाताको नाम सङ्कलनको लागि समय थप गरिए पनि आशातीत संख्यामा मतदाताले नाम दर्ता गराएनन् । राष्ट्रियताको परिचयपत्र विना मतदाता बन्न नपाउने अन्तर्राष्ट्रिय मान्यतालाई यसले अँगालेको छ ।

## ४.३ स्थानीय निकाय निर्वाचन कानून र यसमा गरिनु पर्ने सुधार

### ४.३.१ समावेशी सिद्धान्तको अवलम्बन

स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ परिषद्, गाउँ विकास समिति र सो समितिका प्रत्येक वडा समिति, नगर परिषद्, नगरपालिका, नगरपालिकाको प्रत्येक वडा समिति, जिल्ला परिषद् र जिल्ला विकास समितिको गठन विधि उल्लेख छ । यी निकायहरुमा महिला तथा आर्थिक, सामाजिक दृष्टिकोणले पिछडिएका जाति, जनजाति, दलित तथा आदिवासीको प्रतिनिधित्वका सम्बन्धमा व्यवस्था भए तापनि मधेशीका वारेमा कुनै व्यवस्था छैन । २०६२/०६३ को राजनीतिक परिवर्तनपछि प्रारम्भ भएको समावेशी लोकतन्त्रको मान्यतालाई स्थानीय निकायदेखि नै प्रभावकारी बनाउन विद्यमान ऐन कानूनमा व्यापक संशोधनको आवश्यकता महसुस गरिएकोछ । यसका अतिरिक्त अब हुने निर्वाचन स्थानीय निर्वाचन भएकोले मधेशमा बस्ने गैरमधेशी समुदाय र मधेशी समुदाय भित्रका आदिवासी, जनजाति र दलितको प्रतिनिधित्वको लागि विशेष व्यवस्था गरिनु पर्छ । यसबाट सबै वर्ग र समूहको प्रतिनिधित्वको सुनिश्चितता गर्न सकिन्छ । साथै महिलाको प्रतिनिधित्वका लागि संख्या तोकिएको भए तापनि पिछडिएका जाति, जनजाति, दलित तथा आदिवासीका वारेमा संख्या तोकिएको छैन । अतः समावेशी सिद्धान्त बमोजिम सबैको सहभागिता सुनिश्चित गर्न सो ऐनको दफा ७, ८, १२, ३०, ७५, ७६, ८०,९८, १७२, १७६, १९२ र २४१ मा संशोधन अपरिहार्य छ ।

### ४.३.२ समानुपातिक प्रतिनिधित्व

जिल्ला विकास समितिमा महिला तथा आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, जनजाति, दलित तथा आदिवासीको समानुपातिक प्रतिनिधित्वका लागि कानूनमा विशेष व्यवस्था गरिनु पर्ने देखिन्छ । यसका लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा तत्काल संशोधन गर्ने प्रक्रिया अघि बढाइनुपर्ने आवश्यकता छ ।

### ४.३.३ कार्यविधिगत व्यवस्था

स्थानीय निकाय निर्वाचनका लागि त्यसको संरचना र निर्वाचन प्रणालीमा गरिने सुधारसँग एकरुपता हुने गरी स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन २०४८ मा संशोधन गर्न अपरिहार्य देखिन्छ । साथै, संविधान सभा निर्वाचनमा जस्तै स्थानीय निकाय निर्वाचनका हकमा पनि निर्वाचन आचार संहिता, पर्यवेक्षण नीति, निर्वाचन कार्यविधि तयार गरिनु पर्ने देखिन्छ ।

## ४.४ स्थानीय निकाय निर्वाचनका लागि राजनीतिक दल दर्ता

निर्वाचन आयोगले संविधान सभा निर्वाचन प्रयोजनकालागि राजनीतिक दल दर्ता गराएको हुँदा स्थानीय निकाय निर्वाचनका लागि राजनीतिक दल दर्ताको लागि समय दिई सूचना जारी गर्नुपर्छ । यसकालागि मतदाताको हस्ताक्षर युक्त निवेदन जस्ता झन्झटिला र विवादास्पद कार्यविधि राखिनु हुदैन ।

परिच्छेद
५

# निर्वाचन पर्यवेक्षण, अनुगमन र विश्लेषण

जियोकले निर्वाचन अभियान र कार्यक्रमको पर्यवेक्षण गर्ने क्रममा निर्वाचनपूर्वको प्रारम्भिक प्रतिवेदन पत्रकार सम्मेलन मार्फत आश्विन १० गते, कार्तिक ८ गते, कार्तिक २९ गते, मङ्सिर ३ गते र मुलुकभर सम्पन्न मङ्सिर ४ गतेको निर्वाचनको संक्षिप्त प्रतिवेदन मङ्सिर ५ गते आयोजित पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिसकेको छ । निर्वाचन पर्यवेक्षणको लागि जियोकले सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी हिमालका ७, पहाडका ३० र तराईका १८ जिल्लाका १५० निर्वाचन क्षेत्र, ४० नगरपालिका र २,००० गाउँस्तरको निर्वाचन पर्यवेक्षण सम्पन्न गरेको छ । यसका लागि २,३०० पर्यवेक्षकहरुले जम्मा ६,६५२ मतदान केन्द्रहरुको अवलोकन गरेका थिए । तालिमप्राप्त स्थानीय पर्यवेक्षकहरुको प्रत्यक्ष अवलोकनबाट प्राप्त जानकारीलाई निर्वाचन व्यवस्थापन, निर्वाचन अभियान तथा मतदान, मतगणना, महिला सहभागिता र आमसञ्चार माध्यमको भूमिका गरी पाँच शीर्षकमा केद्रित भई यहाँ प्रस्तुत गरिएको छ ।

## ५.१ निर्वाचन व्यवस्थापन

निर्वाचन व्यवस्थापनलाई मतदान केन्द्र स्थापना तथा सञ्चालन, मतदाता नामावली दर्ता तथा परिचयपत्र वितरण र मतदाता शिक्षा गरी तीन उपशीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

### ५.१.१ मतदान केन्द्र स्थापना एवं सञ्चालन

निर्वाचन आयोगबाट निर्वाचनका लागि आवश्यक सामग्रीहरुको बन्दोबस्त र ढुवानीका लागि उपलब्ध समय कम भए तापनि सम्पूर्ण तयारी समयमै पूरा भएको पाइयो । यस क्रममा मतपत्र छपाई र ढुवानी सबैभन्दा बढी चुनौतिपूर्ण रह्यो । निर्वाचन आयोगले पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि १,४९,५२,००० र समानुपातिक निर्वाचन प्रणालीका लागि १,४९,५२,००० गरी कूल २ करोड ९० लाख ४ हजार मतपत्र छापेको थियो । यी मतपत्रहरु प्रत्यक्ष तर्फ २४० निर्वाचन क्षेत्र र समानुपातिक गरी जम्मा २४१ प्रकारका थिए ।

निर्वाचनलाई व्यवस्थित र सरल बनाउन निर्वाचन आयोगले १८,४३८ स्थायी मतदान केन्द्र र ३३७ अस्थायी मतदान केन्द्र गरी कूल १८,७७५ मतदान केन्द्रको व्यवस्था गरेको थियो ।

निर्वाचनमा खटिने कर्मचारीहरुको प्रशिक्षण सकिएपछि कर्मचारीहरु अधिकांश स्थानमा समयमै पुगे तापनि केही स्थानमा मतदान केन्द्रको तयारी अन्तिम समयमा मात्र पूरा हुन सकेकोले मतदान केन्द्रको तयारीको अग्रिम पर्यवेक्षण हुन सकेन । मतदातालाई प्रश्नावलीको माध्यमबाट कर्मचारीको व्यवस्थाबारे सोधिएकोमा अधिकांशत: सन्तोषजनक रहेको उत्तर आयो । निर्वाचनमा खटिएका अस्थायी कर्मचारीले सामान्यतया निष्पक्ष र स्वतन्त्र रुपमा काम गरेको भनाई उत्तरदाताको रह्यो । तालिका १ ले मतदान केन्द्रको व्यवस्थापन र लैङ्गिक सम्बेदनशीलता पक्षसम्बन्धी मुख्य-मुख्य विषयमा प्रकाश पार्दछ ।

तालिका १: मतदान केन्द्र स्थापना र सञ्चालन

| क्र.सं. | सूचक | कूल उत्तरदाता | उत्तरदाता | |
|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत |
| १. | निर्वाचनस्थल पायक पर्ने (राम्रो/ठीकै) | २२१६ | २०७२ | ९३.५ |
| २. | मतदाता पंक्तिबद्ध भएर बस्ने व्यवस्था (राम्रो) | २२१६ | २१०९ | ९५.२ |
| ३. | मतदान कोठाको व्यवस्था (राम्रो) | २२१६ | २११८ | ९५.६ |
| ४. | मतदान केन्द्र विहान ७.०० बजे खुल्यो | २१९५ | २१५९ | ९८.४ |
| ५. | निर्वाचनमा खटिएका कर्मचारीको व्यवहार (राम्रो/ठीकै) | ६९८९ | ६८३९ | ९७.९ |
| ६. | महिला मतदाताका लागि छुट्टै लाइन, शौचालय (राम्रो/ठीकै) | ६९८९ | ६६१४ | ९४.६ |
| ७. | न्यूनतम १०% निर्वाचन कर्मचारीमा महिला | २२१६ | २०५४ | ९२.७ |
| ८. | महिला हिंसामा उजुरीको व्यवस्था थियो | २२१६ | ९०९ | ४१.० |

रेखाचित्र १: मतदान केन्द्र खुलेको समय/उत्तरदाता




निर्वाचनस्थलको स्थापना र सञ्चालनको विषयलाई विकास क्षेत्रगत अवस्थावारे हेर्दा मध्यपश्चिमाञ्चलको स्थिति अन्य क्षेत्रको तुलनामा कमजोर रहेको देखिन्छ (तालिका २) । मतदान केन्द्र पायक पर्ने, मतदातालाई पंक्तिबद्ध भएर बस्ने व्यवस्था, महिला कर्मचारीको उपस्थिति, आदि विषयमा यो क्षेत्रको अवस्था त्यति राम्रो नभएको पाइयो ।

तालिका २: निर्वाचनस्थल व्यवस्था तथा सञ्चालनमा विकास-क्षेत्रगत स्थिति

| क्र.सं. | सूचक | विकास-क्षेत्र सरदर प्रतिशत | मध्यपश्चिमाञ्चल-क्षेत्र प्रतिशत |
|---|---|---|---|
| १. | निर्वाचनस्थल मतदातालाई पायक नपरेको | ६.० | ९.३ |
| २. | मतदाता पंक्तिबद्ध रहने व्यवस्था अनुपयुक्त | ३.५ | ८.६ |
| ३. | निर्वाचन कर्मचारीमा महिलाको प्रतिशत | ३.९ | ५.९ |
| ४. | महिला हिंसा बारेमा उजुरी गर्ने व्यवस्था नभएको | ३३.७ | ४३.२ |

पर्यवेक्षणको क्रममा जम्मा ६६५२ मतदान अधिकृतहरुलाई मतदान सञ्चालन गराउँदा कस्तो अनुभव भयो भनी सोधिएकोमा ४.० प्रतिशत अथवा २६९ मतदान अधिकृतहरुले गाह्रो भएको जनाएका थिए । गाह्रो भयो भन्ने मतदान अधिकृतहरुको २६९ संख्यालाई आधार मानेर कारण बारे थप प्रश्न गर्दा १८.६ प्रतिशतले कर्मचारीको अभावलाई औंल्याएको पाइयो भने १७.८ प्रतिशतले प्रशिक्षणको कमी भएको जनाएका थिए । अन्य कारणमा मतपेटिका पर्याप्त नभएको बारे ९.७ प्रतिशत मतदान अधिकृतको प्रतिक्रिया रह्यो भने २.६ प्रतिशत अधिकृतहरुले मतपत्र समयमै उपलब्ध नभएको जनाए । साथै, नाम, उमेर आदि नमिलेको विषय १७.८ प्रतिशत मतदान अधिकृतहरुले औंल्याए ।

## ५.१.२ मतदाता दर्ता र परिचयपत्र वितरण

निर्वाचन आयोगको लागि मतदाता दर्ता र विशेष गरी मतदाता परिचयपत्रको वितरण व्यवस्थापकीय चुनौतिकै रुपमा रहेको थियो । तथापि, आयोगले दलहरु र सरकारको आग्रहमा दुई पटकसम्म मतदाता नाम दर्ता गर्न टोली खटाउनु परेको थियो । यो अभियानबाट २०७० भदौसम्म थपिन गएको मतदाता संख्या दुई लाख भन्दा कम भए पनि एकीकृत (थपिएको समेत गरी) मतदाता सूचीबारे कुनै कुनै जिल्लामा अन्यौल भएको देखियो ।

नामावली बाहेक अर्को चुनौति मतदाता परिचयपत्र तयारी र वितरणसँग सम्बन्धित छ । मतदाता परिचयपत्र तयारी गर्न आयोगले आफ्नै कार्यालयमा छापाखानाको व्यवस्था गरी निर्वाचनको दिनभन्दा केही दिन अगाडि मात्र भए पनि परिचयपत्र छाप्ने काम सम्पन्न गरेको हो । पर्यवेक्षणको क्रममा जियोकले यसको सफल कार्यान्वयनमा कठिनाई आउने आशंका व्यक्त गरेको थियो । निर्वाचनको मिति भन्दा केही दिन पहिले मात्र आयोगले वितरणसम्बन्धी पछिल्लो निर्णयमा परिचयपत्र नहुने मतदाताको परिचय खुल्ने अन्य कागजात पनि स्वीकार्य हुने व्यवस्था गरेकोले मतदानमा ठूलो समस्या मतदाताले भोग्नु परेन ।

परिचयपत्रको व्यवस्थाले वास्तवमा यो निर्वाचनमा फर्जी मत धेरै कम मात्र खसेको अनुमान गर्न सकिन्छ । तथापि, २६९ मतदान अधिकृतलाई मतदानको क्रममा विभिन्न खाले समस्या भोग्नु परेको थियो । यसमध्ये मतदाताको नाम, उमेर, फोटो आदिमा फरक देखिएको समस्या उल्लेख गर्ने मतदान अधिकृतको संख्या ४८ अर्थात १७.८ प्रतिशत रह्यो । निर्वाचनपूर्व निर्वाचन वहिष्कार गर्ने एउटा समूहबाट सिर्जित देशको राजनीतिक स्थितिको कारण निर्वाचन आयोगले निर्वाध रुपमा निर्वाचन तयारी गर्न समयाभावको समस्या बेहोर्नु परेको थियो । मतदाता नामावली दर्ताको विषयमा आयोगले मतदाता दर्ता गर्ने कार्य पनि चरण-चरणमा सम्पन्न गर्नु परेको थियो । निर्वाचनमा मतदाता नामावलीको सवाललाई लिएर मतदानमा नै असर नपरे तापनि सुधारको आवश्यकता रहेको भने स्पष्ट हुन्छ । निकै ठूलो संख्यामा मतदान केन्द्रहरुमा यो विषय उठेको थियो तर एक दुई फाट्ट-फुट्ट मतदातालाई समस्या परेकोले स्थिति असामान्य भने भएन । तर मतदाता सूचीमा नाम नभएर वा फरक परेर मतदाता फर्कनु परेका घटनाहरु भने धेरै मतदान केन्द्रमा पाइएको छ । पर्यवेक्षण गरिएका ६,६५२ मतदान केन्द्रहरुमध्ये ४४.९ प्रतिशत मतदान केन्द्रहरुमा केही संख्यामा मतदाताहरु फर्केको पाइयो । यसबाट नागरिकको मतदान गर्ने अधिकार कुण्ठित भएको छ ।

## ५.१.३ मतदाता शिक्षा

मतदाताहरुलाई मतदानको महत्व, संविधानसभाको महत्व र मतदान गर्ने प्रक्रियाको बारेमा जानकारी दिने उद्देश्यले मतदाताका घरदैलोसम्म मतदाता शिक्षा र सन्देश लैजान आयोगले धेरै कार्यक्रम सञ्चालन गर्नुका साथै विभिन्न आमसञ्चार माध्यमलाई प्रयोग गरेको थियो ।

हातेपुस्तक, रेडियो नाटक मार्फत मतदाताको घरघर पुग्ने प्रयास भएको थियो । जसबाट मतदानमा सहभागिता र मतदान प्रक्रियाको बारेमा जानकारी गराइएको थियो । यसरी मतदाता शिक्षालाई प्रभावकारी रुपमा अगाडि बढाउँदा बढाउँदै पनि यो निर्वाचनमा बदर मत प्रत्यक्षतर्फ ४.९६ र समानुपातिकमा ३.२० प्रतिशत रहेको छ । यो प्रतिशतलाई

हेर्दा २०६४ को निर्वाचनको तुलनामा प्रत्यक्षतर्फ ०.१९ र समानुपातिक तर्फ ०.४६ प्रतिशतले सुधार आएको सङ्केत गर्दछ । यो झिनो प्रतिशतले मतदाता शिक्षाको प्रभावकारितामा प्रश्न चिन्ह खडा गर्दछ ।

कतिपय मतदान केन्द्रमा मतदाताले स्वस्तिक छापको सट्टा औंठाछाप लगाएकोले यो विषय मुलुकमा साक्षरताको स्तर र नागरिक अधिकार बारेको चेतनासँग पनि गाँसिन पुगेको छ । यो निर्वाचन संसदका लागि नभएर संविधानसभाका लागि हो भन्ने हेक्का मतदाताहरुमा कम रहेको पाइयो । उम्मेदवारको निर्वाचन प्रचार र घरदैलो कार्यक्रमका क्रममा मतदाताले धेरैजसो विकास निर्माणकै कुरा उठाएको पाइयो ।

## ५.२ निर्वाचन अभियान तथा मतदान

पहिलो संविधानसभा संविधान लेखन कार्यलाई पूर्णता दिन असफल भएको र संविधानसभा मार्फत नै संविधान लेख्ने नेपाली जनताको इच्छाको परिणामस्वरुप दोश्रो पटक संविधानसभाको निर्वाचन सम्भव भएको हो । संविधानसभाको निर्वाचन प्रति नेपाली जनताको उच्च चाहनाका कारण छिटफुट घटना वाहेक निर्वाचन पूर्व कुनै अप्रिय घटना भएको पाइएन । राजनीतिक दलहरु बीच संविधानसभाको निर्वाचन गर्ने सहमति भई निर्वाचन घोषणा भएको थियो । मतदाता नामावली संकलन कार्यबाट निर्वाचन अभियान प्रारम्भ भएको हो । निर्वाचन अभियानको वारेमा चर्चा गर्दा निर्वाचनलाई सफलताका साथ सम्पन्न गर्नका लागि निर्वाचन आयोग, सरकारी निकायहरु, राजनीतिक दल लगायत अन्य सरोकारवालाहरुको भूमिकालाई उल्लेख गर्नुपर्ने हुन्छ ।

### ५.२.१ मनोनयनपत्र दाखिला

संविधानसभाको दोस्रो निर्वाचनमा २४० सिटको लागि १२० राजनीतिक दल र स्वतन्त्र गरी जम्मा ६,१२६ जना उम्मेदवारको सहभागिता रहेको थियो । उम्मेदवारको कूल संख्यामा लैङ्गिकताका सम्बन्धमा पुरुषतर्फ ५४५७, महिलातर्फ ६६८ र तेस्रो लिङ्गीतर्फ १ जना रहेका थिए । त्यसैगरी समानुपातिकतर्फ ३३५ सिटको लागि १२२ राजनीतिक दलबाट पेश भएको संख्यामा छानविनपछि आयोगबाट १०,७०९ उम्मेदवारहरुको नाम कायम भएको थियो ।

पर्यवेक्षणबाट प्राप्त सूचनाहरुको आधारमा हेर्दा अधिकांश निर्वाचन क्षेत्रमा उम्मेदवारहरुले शान्तिपूर्ण रुपमा उम्मेदवारी दर्ता गरेको पाइएको छ । यद्यपि उम्मेदवारी दर्ता क्रममा निर्वाचन वहिष्कार गर्ने दलहरुको बन्द लगायतका गतिविधिहरुले केही कठिनाई भएको पाइयो । त्यस्तै उम्मेदवारी दर्ता भएपछि वारा निर्वाचन क्षेत्र नं. ४ का उम्मेदवार महमुद आलमको आपराधिक समूहबाट हत्या समेत हुन पुग्यो । त्यसैगरी कपिलवस्तुमा पहिलो हुने निर्वाचित हुनेतर्फ निर्वाचन क्षेत्र नं. १ का सराफद अलिको मृत्यु भई निर्वाचन प्रक्रिया सारिएको थियो । पहिलो हुने निर्वाचित हुने र समानुपातिकमा प्रतिस्पर्धा गर्ने उम्मेदवारको लागि तोकिएको न्यूनतम योग्यता त्यति कठोर नभए तापनि दलहरुका असावधानीका फलस्वरुप केही उम्मेदवारहरु अयोग्य ठहरिए । पहिलो हुने निर्वाचित हुने उम्मेदवारहरुबारे कुनै उजुरी थिएन । तथापि, निर्वाचन आयोगले उम्मेदवारको विस्तृत विवरण केलाउँदा उमेर नपुगेको र दलको औपचारिक मनोनय नभएको कारण २० जना अयोग्यको सूचीमा परे । समानुपातिक सदस्यका सम्बन्धमा भने नौवटा विरोध दर्ता भएका थिए जसमध्ये एकजना सर्वोच्च अदालतबाटै हत्यामा दोषी ठहरी सजाय तोकिसकेको र अन्य दुईजना सार्वजनिक पद धारण गरेका व्यक्ति थिए । यस बाहेक आयोग आफैले छानविन गर्दा थप २९४ जनालाई अयोग्य ठहर गरेको थियो ।

### ५.२.२ निर्वाचन आचारसंहिताको कार्यान्वयनको स्थिति

निर्वाचन आयोगले संविधानसभा सदस्य निर्वाचन स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन २०७० साउन ७ गतेदेखि २०७० मंसिर ९ गतेसम्म संविधानसभा सदस्य निर्वाचन आचार संहिता २०७० लागू गरेको थियो ।

समग्रमा निर्वाचन आयोग र अन्य सरोकारवालाहरु निर्वाचन आचारसंहिताको पालनामा सजग भए तापनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको पाइयो । निर्वाचन आचारसंहिता पालनाका क्रममा सिराहामा नागरिक समाजका प्रतिनिधिहरु समेत निष्पक्ष हुन नसकेको पाइयो । निर्वाचन आयोग लगायत सरोकारवालाहरुको पहलमा धेरै रंगको पर्चा पम्प्लेट बनाउन रोक लगाइएको तथा माइकिङ गर्न रोक लगाएको भएपनि कतिपय स्थानमा निर्बाध रुपमा आचारसंहिता उल्लंघन गरेको पाइयो भने काठमाण्डौमै पनि विभिन्न राजनीतिक दलहरुले आफ्नो उम्मेदवारको पक्षमा माइकिङ गरेको पाइयो । आर्थिक प्रलोभनका घटनाहरु सुनसरी, झापा, रुपन्देही लगायत जिल्लाहरुमा भएको पाइयो । बागलुङमा आचार संहिता विपरित भोजभतेर गरेको, विजयपछि पूरै रकम भुक्तान गर्ने भनि मतदाताहरुलाई रकम बाँडेको समेत पाइयो । निर्वाचन खर्चबारेको सीमाको पालना भएन । उम्मेदवार र दलहरुले आयोगले तोकेको ढाँचामा खर्चको फाँटवारी निर्वाचन परिणाम घोषणा भएको ३५ दिन भित्र जिल्ला निर्वाचन कार्यालयमा बुझाएमा पुग्ने प्रावधानले उम्मेदवारले यसलाई हल्का रुपले हेरेको अनुमान गर्न सकिन्छ । यसपटक निर्वाचन आयोग विगतको निर्वाचनमा भन्दा केही प्रभावकारी देखियो । आचार संहिता लागू भएको अवधिमा जम्मा १८७ वटा उजुरी परेकोमा १४४ उजुरीहरुमाथि छानविन गरी कारवाही गरेको पाइयो । जिल्ला तहमा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको तहबाट करीव २६१ वटा उजुरी उपर कारवाही भएको थियो ।

मतदाताको दृष्टिमा राजनीतिक दल तथा उम्मेदवारबाट आचारसंहिताको पालनाको स्थिति हेर्दा ६६०४ उत्तरदाताहरुमध्ये ६८.९% ले आचारसंहिता पूर्ण रुपमा पालना भएको, ३१.१% ले आचारसंहिता खासै पालना नभएको बताए ।

रेखाचित्र २: आचार संहिता पालना (मतदाताको दृष्टिमा)




मतदान अधिकृतहरुको दृष्टिकोणमा आचारसंहिताको पालना बारे मतदान अधिकृतहरुका उत्तर केही फरक पाइयो । जसमा पालना भयो भन्नेहरु ६२६४ (९६.४%) रहे भने २३१ (३.६%) ले पालना भएन भने ।

रेखाचित्र ३: आचार संहिता पालना (मतदान अधिकृतको दृष्टिमा)




आचारसंहिताको पालना नभएको बताउने ४% (२३१ जना) उत्तरदाता (मतदान अधिकृत) हरु मध्ये कसबाट आचारसंहिता पालना भएन भन्ने बहुउत्तर प्रश्नमा सबैभन्दा बढी राजनीतिक दलबाट र सबैभन्दा कम पर्यवेक्षकवाट पालना नभएको भन्ने देखियो ।

त्यस्तै राजनीतिक दल तथा तिनका उम्मेदवारहरुले आचार संहिता पालना गरे वा नगरेको सम्बन्धमा संकलित तथ्यांक हेर्दा पुरुष उत्तरदाताको तुलनामा महिला मतदाताले आचारसंहिता बढी पालना भएको उल्लेख गरेका छन् । उमेर समूहको दृष्टिकोणबाट हेर्दा २५ वर्ष उमेर समुहका तुलनामा ६१ वर्ष उमेर माथिका उत्तरदाताले निर्वाचन आचारसंहिता बढी पालना भएको उल्लेख गरेका छन् । शैक्षिक स्थितिको हकमा उच्च शिक्षा हांसिल गरेकाले भन्दा निरक्षर तथा साक्षर मात्र भएका उत्तरदाताले निर्वाचन आचारसंहिता बढी पालना भएको उल्लेख गरेको पाइयो ।

## ५.२.३ राजनीतिक दलहरूको प्रचार–प्रसार अभियान

पहिलो संविधानसभाको निर्वाचनको तुलनामा यस पटक दलहरुको प्रचार-प्रसार अभियान प्रभावकारी रुपमा भएको देखिन्छ । यद्यपि रामेछापमा कार्तिक २५ मा  नेपाली कांग्रेसका चुनावी कागजातहरु नेकपा-माओवादीले खोसेको, पोष्टर च्यातेको निहुँमा नामादीमा नेपाली कांग्रेस र एमाले बीच झडप भएको, गेलुमा एमाओवादी कार्यकर्ताले नेका कार्यकर्ता माथि कुटपीट गरेको तथा एमाओवादी र माओवादी बीच झडप हुँदा माओवादीका केही कार्यकर्ताहरु घाइते भएका थिए । साथै, मकवानपुरमा मतदानको १ दिन अगाडि विभिन्न ठाउँमा विष्फोटक पदार्थहरु राखी मतदाताहरुलाई आतङ्कित बनाउने प्रयास गरिए तापनि त्यसबाट मतदाताहरु प्रभावित नभएको पाइयो । पर्यवेक्षण गरिएका सबै जिल्लाहरुमा राजनीतिक दलहरुले एक आपसमा समन्वय गरी प्रचार-प्रसार तथा घरदैलो कार्यक्रम आयोजना गर्ने गरेको पाइयो ।

कार्तिक १५ गते राती धरानस्थित एमालेको पार्टी कार्यालय तोडफोड भएको र सटरमा संघीय समाजवादी जिन्दावाद लेखिएको पाइएकोमा प्रतिकारमा युवासंघका कार्यकर्ताले संघीय समाजवादीको जिल्ला उपाध्यक्ष र सचिव माथि गोली प्रहार गरेकोले युवा संघका नगर अध्यक्ष माथि ज्यान मार्ने उद्योगमा मुद्दा चलाइएको पाइयो । एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल सहभागी हुने अधिकांश कार्यक्रममा नेकपा माओवादीले अवरोध सृजना गरेको पाइयो । कार्तिक २५ गते सुनसरी क्षेत्र नं ६ का एमाले उम्मेदवार भीम आचार्यको घरमा र इनरुवामा भएको एमाले

कार्यालयमा बम राखेको र सोही दिन धरानमा जिल्ला प्रशासन कार्यालयको गाडी जलाइदिएको थियो । त्यस्तै रुकुममा विभिन्न समयमा एमाओवादी, एमाले र नेकाका कार्यकर्ताहरु बीच झडपहरु भएका थिए । रुकुम क्षेत्र नं. २ का नेपाली कांग्रेस उम्मेदवार गोपालजी जंग शाहमाथि एमाओवादीका कार्यकर्ताहरुबाट लगातार आक्रमण भएको र सुरक्षाको अभावमा प्रचार स्थगित गरी कात्तिक २८ गते सदरमुकाम फर्किएको जानकारी हुन आयो । हाल यस विषयको मुद्दा संविधानसभा अदालतमा विचाराधीन छ ।

## ५.२.३ मतदाता परिचयपत्रको प्रयोग

मतदाता नामावलीले मतदान कार्य सहज भएपनि त्यसको व्यवस्थापनमा भएको त्रुटिले मतदाताको नाम अन्यत्र पर्न वा छुट्न गएको समेत पाइयो । कतिपय स्थानमा नाम दर्ता गराई फोटो खिचाउनेको पनि परिचयपत्र नआइपुगेको कारण नागरिकताको प्रमाणपत्रका आधारमा मतदान गर्नुपर्ने अवस्था आएको थियो । त्यस्तै मतदाता परिचयपत्र तयार गर्दा नाम र फोटो फरक परेको, ठेगाना फरक परेको जस्ता समस्याहरु समेत छिटफुट रुपमा देखिएका थिए भने मतदाता परिचय पत्र उपलब्ध गराउने ढीला निर्णय तथा परिचय पत्र नै ढीला आईपुगेको हुँदा वितरणमा कठिनाई भएको पाइयो ।

## ५.२.४ निर्वाचन अभियान र सुरक्षा स्थिति

निर्वाचन अभियानका क्रममा सरकारले गरेको सुरक्षा व्यवस्था अपेक्षाकृत सन्तोषजनक नै रहेको पाइयो । निर्वाचन अघि निर्वाचन वहिष्कार गर्ने दलहरुले आयोजना गरेको १० दिने लामो हड्तालबाट पनि निर्वाचन कार्यलाई प्रभावित हुन नदिनु र सुरक्षा व्यवस्थामा उच्च सतर्कता अपनाउनु सरकारको सफलता नै मान्नु पर्छ । उच्च सुरक्षा व्यवस्था भएकै कारण निर्वाचनमा भाग नलिने समूहबाट मतदाता तर्साउने काम भएपनि मतदान गर्ने उत्साहमा उल्लेखनीय प्रभाव परेन । त्यस्तै मनोनयन पत्र दर्ता गर्दा केही अप्रिय घटना हुने आशंका गरिए पनि उल्लेखनीय केही घटना भएन । उच्च सुरक्षा सतर्कताका वावजूद केही राजनीतिक दल तथा उम्मेदवारहरुको गाडी तोडफोड तथा आगजनी भएको पाइयो । त्यस्तै गुल्मीमा एमाओवादी/एमाले बीच धुर्कोट रजस्थल गाविस र फुर्कोट गाविस क्षेत्रमा झैझगडा, ढुङ्गा हानाहान भए भने कास्कीमा सवारी साधनहरुमा आगजनीका छिटपुट घटनाहरु भए । सिन्धुपाल्चोकमा दलका कार्यकर्ताबीच ढुङ्गामुढाका घटनाहरु भएको, घरमा आगजनी भएको, सिलिण्डर बम १ वटा फेला परेको र कार्यकर्ता बीच ३ स्थानमा झडप भएको पाइयो । यस्ता घटनाहरु चितवन, गोरखा, सुनसरी, रामेछाप, सिन्धुली, दोलखा, धादिङ, नुवाकोट, पाल्पा, जुम्ला, इलाम, खोटाङ, बागलुङ, प्युठान, दाङ, कैलाली, डडेलधुरा, काठमाडौं आदि जिल्लाहरुमा पनि भएको पाइयो ।

## ५.२.६ मतदान

करीव १ करोड २२ लाख ४९ हजार ६२ मतदाता रहेको संविधानसभाको दोस्रो निर्वाचनका लागि निर्वाचन आयोगले करीव १८,७७५ मतदान केन्द्रको व्यवस्था गरेको थियो । मतदान प्रक्रियालाई सरल र व्यवस्थित बनाउन एकहप्ता अगाडिदेखि नै मतदान केन्द्रमा कर्मचारीहरु खटाइएको थियो । २४० निर्वाचन क्षेत्रमा न्यायपालिकाका जनशक्तिहरु: जस्तै जिल्ला अदालतका न्यायाधीश मुख्य निर्वाचन अधिकृत र अदालत, सरकारी वकिल र कानून मन्त्रालयका उच्च कर्मचारीहरुलाई निर्वाचन अधिकृतमा नियुक्ति गरिएको थियो । नेपाल सरकार र स्वयंसेवक गरी २१७,४५६ कर्मचारीहरुलाई आयोगले मतदान अधिकृत र सहयोगीको रुपमा परिचालन गरेको थियो ।

समग्रमा मतदानको अवस्था हेर्दा दोश्रो संविधानसभाको लागि भएको मतदान कार्य अपेक्षाकृत शान्तिपूर्ण रुपमा सम्पन्न भएको देखिन्छ । यसपटक मतदान कार्य विहान ७ बजेदेखि साँझ ५ बजेसम्मको लागि तोकिएको थियो । निर्वाचन आयोगले मतदान कार्यलाई व्यवस्थित र विश्वसनीय बनाउनका लागि मतदाता परिचयपत्रको व्यवस्था गरिएको हुँदा मतदान कार्य व्यवस्थित र तुलनात्मक रुपमा विवादरहित भएको पाइयो । सबै ठाउँमा

मतदाता परिचयपत्र पुग्न नसकेको हुँदा नागरिकता प्रमाणपत्रको आधारमा मतदान गर्नुपर्ने अवस्था पनि रह्यो । मतदानका दिन मतदाताहरुको उत्साहजनक सहभागिता रहेको पाइयो । अधिकांश मतदान केन्द्रमा महिला र पुरुषका लागि बेग्ला बेग्लै लाइनको व्यवस्था गरिएको थियो भने अशक्त र जेष्ठ नागरिकहरुलाई मतदान गर्नका लागि प्राथमिकता दिइएको थियो ।

मतदानका दिन भएका घटनाहरुलाई हेर्दा केही ठाउँमा झडप र केही ठाउँहरुमा बम विष्फोटन समेत भएको देखिन्छ । काठमाण्डौ क्षेत्र नं. १ को अरनिको बोर्डिङ्ग स्कूल भोटेबहालस्थित मतदान केन्द्र नजिक बम विष्फोटन भई ३ जना घाइते हुनुका साथै समीर खड्काको दाहिने हातको पञ्जाको औंला उछिट्टिएको थियो भने त्यही वरिपरि नक्कली बमहरु समेत फेला परेको हुँदा केही समय स्थिति तनावपूर्ण भयो । मतदान कार्य समाप्त भएपछि रीतपूर्वक मतपेटिकाहरु बन्द गरी निर्वाचन अधिकृतको कार्यालयमा ल्याउने क्रममा मतपेटिका नभएको तर मतदान अधिकृत चढेको गाडी त्रिपुरेश्वरमा पल्टिएको थियो । रामेछाप क्षेत्र नं १ अन्तर्गत रामपुर मतदान केन्द्रमा एमाओवादी लगायतका दलहरु बीच झडप भएको हुँदा फायरिंग समेत भयो र करीव २ घण्टा पछि मतदान कार्य पुनः शुरु भयो भने खिम्ती गा.वि.स.को बुथमा मतपत्र खोसाखोस भएको पाइयो । क्षेत्र नं. २ का गौश्वारा, लखनपुर, गुन्सीको "ख" बुथ, थापागाउं, बेथानको डहु, गेलु, चिसापानी, दिमीपोखरीमा एमाओवादीबाट बुथ क्याप्चर भएको र दोरम्बाको मतदान केन्द्र "ख" मा संघीय समाजवादी पार्टीले अवरोध गरेको साथै पकरवास मतदान केन्द्रमा शिवसेना पार्टीले अवरोध गर्दा मतदान कार्य २ घण्टा रोकिए पनि पछि सुचारु भएको पाइयो ।

त्यसैगरी पर्वत ठूलोपोखरी मतदानकेन्द्रमा एमाले र माओवादी झडप भई हवाई फायर समेत भएको साथै खुर्कोट गा.वि.स.को जगदम्बा प्रा.वि. मतदान केन्द्रमा एमाले कार्यकर्ताले कर्मचारी जनकराज सुवेदी लगायतलाई कुटपीट र परिचयपत्र वितरणका समयमा हातपात गरेको पाइयो । जुम्लामा माओवादीले २ वटा मतपेटिका खोसी नदीमा बगाईदिएकाले त्रिभुवन मा.वि. झाउखोला मतदान केन्द्रको पुन मतदान मङ्सीर ७ मा भयो । त्यस्तै दोलखा जिल्लाको क्षेत्र नं १ नीलकण्ठेश्वर उमावि जुंगु र यार्सा मतदान केन्द्रमा र कालिका मा.वि. ठूलो पातल मतदान केन्द्रमा एमाओवादीको तर्फबाट, हनुमन्तेश्वर उमावि काब्रे, जनज्योति उमावि गैरीमुदी र जनजागृति मावि शहरे मतदान केन्द्रमा एमालेको तर्फबाट र गैरीमुदी गाविस भवन केन्द्रमा नेकातर्फबाट एकलौटी मतदान गरेको पाइयो ।

## ५.२.७ मतदाताहरूको दृष्टिमा मतदान

मतदाताहरुको दृष्टिमा संविधानसभा सदस्य निर्वाचन २०७० कस्तो रह्यो भन्ने सम्बन्धमा निर्वाचन वहिष्कार गर्ने राजनीतिक दलहरुले बन्द, हड्ताल, विष्फोटन गराएको भएपनि मतदान गर्न आउँदा त्यस्तो कुनै अवरोध वा डर, त्रासको अनुभव नभएको अधिकांशको धारणा रहेको पाइयो भने कुनै राजनीतिक दलबाट मतदान गर्न कुनै दवाव नआएको भन्ने अधिक मतदाताको भनाई रहेको पाइयो । त्यस्तै मतदाताहरुले मतदानको समयमा निर्वाचनमा खटिएका कर्मचारीको व्यवहार सहयोगी रहेको बताए भने कतिपयका व्यवहार राम्रो नरहेको मतदाताहरुको भनाई रह्यो । निर्वाचनमा राम्रो सुरक्षा पाएको, आचारसंहिताको पालना ठीकै रहेको, महिला मतदाताहरु विरुद्ध कुनै घटना नघटेको, महिला र पुरुषका लागि अधिकांश मतदान केन्द्रमा छुट्टै लाइन तथा स्वयंसेवक र शौचालयको व्यवस्था रहेको पाइयो ।

## ५.२.८ मतदान अधिकृतहरूको दृष्टिमा मतदान

यसैगरी निर्वाचन अधिकारीको दृष्टिकोणबाट हेर्दा अधिकांश मतदान अधिकृतले निर्वाचन सम्पन्न गर्न सोचेभन्दा बढी सहज भएको, राजनीतिक दलहरुबाट पनि अपेक्षाकृत सहयोग पाएको, निर्वाचन पर्यवेक्षकहरुको भूमिका पनि सहयोगी नै रहेको, समग्रमा निर्वाचन आचारसंहिताको पालना भएको, निर्वाचनसँग सम्बन्धित सरोकारवालाहरुको सहयोग र समन्वयको अवस्था पनि राम्रै रहेको बताइयो । त्यस्तै निर्वाचनमा मतदाताहरुको सहभागिता राम्रै रहेको, सम्भव भएसम्म निर्वाचन व्यवस्थापनमा महिला र पुरुषको बराबरी सहभागी गराउने प्रयत्न

गरिएको, निर्वाचन सम्बन्धी लैङ्गिक निर्देशिका कार्यान्वयन गरिएको र समग्रमा निर्वाचनमा लैगिंक दृष्टिकोणले संवेदनशीलता अपनाइएको पाइयो ।

## ५.२.९ राजनीतिक दलका कार्यकर्ताहरूको दृष्टिमा मतदान

मतदानको दिनको अवस्थालाई राजनीतिक दलका नेता तथा कार्यकर्ताहरुले पनि शान्तिपूर्ण रुपमा नै लिईएको पाइयो । मतदानको दिनको अवस्थाका वारेमा राजनीतिक दलका कार्यकर्ताहरुलाई सोधिएकोमा ६९२० मध्ये ९५.९% ले मतदान निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न भएको र ४.१% ले मात्र निर्वाचन स्वच्छ र निष्पक्ष नभएको वताएका थिए । यसरी निष्पक्ष र स्वतन्त्र मतदान नभएको बताउने २८२ ले यस्तो हुनुमा मूलत: प्रचार प्रसारमा आचारसंहिता उल्लंघन हुनु, बढी खर्च गर्नु तथा मतदाता नामावली संकलन कार्य पूर्ण नहुंनु जिम्मेवार रहेको बताइयो ।

रेखाचित्र ४: निष्पक्ष र स्वतन्त्र निर्वाचन




मतदानको दिनको सुरक्षा व्यवस्थाको सम्बन्धमा राजनीतिक दलका कार्यकर्ताहरु मध्ये ६८६७ उत्तरदाताबाट सङ्कलित सूचनाको विश्लेषण गर्दा ३९.६ % ले सुरक्षा व्यवस्था अत्यन्त प्रभावकारी भएको, ३२.७% ले प्रभावकारी भएको, २६.६ % ले ठीकै रहेको र १.१ % ले फितलो रहेको बताएका थिए ।

रेखाचित्र ५: सुरक्षा व्यवस्था




त्यस्तै राजनीतिक दलका कार्यर्कर्ताहरुको दृष्टिमा मतदान अधिकृत, सुरक्षाकर्मी र कर्मचारीले कति निष्पक्षताका साथ आफ्नो जिम्मेवारी पूरा गरे भन्ने विषयमा प्राय उत्तरदाताहरुले निर्वाचन अधिकारीले आफ्नो भूमिका निष्पक्षताका साथ निर्वाह गरेको बताएका थिए ।

## ५.२.१० पर्यवेक्षकको दृष्टिमा मतदान

निर्वाचन व्यवस्थापनका सम्बन्धमा अधिकांशले मतदान केन्द्र पायक पर्ने स्थानमा नै रहेको बताए भने मतदाताहरु लाइनमा बस्ने व्यवस्था समेत भएको बताइयो । मतदान केन्द्र भित्र रहेको वस्तुस्थिति पनि ठीकै रहेको अधिकांश उत्तरदाताहरुको मत रह्यो । निर्वाचन आचार संहिताको पालनामा कडिकडाउ गर्न नसकिए पनि राम्रै पालना भएको बताइयो भने निर्वाचनको दिनको सुरक्षा स्थिति पनि सन्तोषजनक रहेको र मतदाता एवं उम्मेदवारले सुरक्षाको राम्रै अनुभूति गरेको पाइयो । अधिकांश पर्यवेक्षकहरुले आफूलाई निर्वाचन पर्यवेक्षण गर्न कुनै कठिनाई नभएको बताए भने सम्बन्धित निकायले निर्वाचन सामग्रीहरुको व्यवस्थापनमा पनि भरपर्दो ध्यान दिएको पाइयो । त्यस्तै निर्वाचन प्रक्रिया थालनी हुँदा पर्याप्त कर्मचारी, सुरक्षाकर्मी, राजनीतिक दलका प्रतिनिधिहरु तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुको बाक्लो उपस्थिति रहेको थियो भने निर्वाचन प्रक्रिया आरम्भ गर्दा उपस्थित भएसम्मका पर्यवेक्षकहरुलाई पनि सहभागी गराएको पाइयो । मतदान प्रक्रियाको गोप्यता कायम गर्न मतदाताहरुलाई गोप्य स्थान उपलब्ध गराइएको थियो भने केही छिटफुट रुपमा एउटाको नाममा अर्को व्यक्तिले समेत मतदान गरेको पाइयो । पर्यवेक्षण गरेका अधिकांश स्थानमा मतदान प्रक्रिया शुरु भएपछि कुनै पनि कारण अवरुद्ध भएन । मतदान कार्य पश्चात मतपेटिका बन्द गर्दा ८३.०% पर्यवेक्षकहरुले त्यहाँ उपस्थित पर्यवेक्षक तथा राजनीतिक दलका प्रतिनिधिहरूलाई बाकस अवलोकन तथा सील लगाउँदा नम्बर उपलब्ध गराइएको बताए ।

## ५.२.११ पुनः मतदान

सप्तरी जिल्ला क्षेत्र नं. २ बर्साइन गाविस मतदान केन्द्रको “क” र “ख” र राजाजी राष्ट्रिय प्रा.वि. बनरझुलाको “क” मतदान केन्द्रमा र जुम्ला जिल्लाको त्रिभुवन उच्च माध्यमिक विद्यालय मतदान केन्द्र “क” र “ख” मा नेकपा-माओवादीका कार्यकर्ताहरुले मतपेटिका खोलामा बगाइदिएकोले पुनः मतदान भएको हो । यी मतदान केन्द्रहरुमा पुनः मतदान भई परिणामसमेत घोषित भइसकेको छ ।

## ५.३ मतगणना र निर्वाचन परिणाम

मंसिर ४ गते मतदानको प्रक्रिया पूरा भएपछि मतपेटिका सोही साँझदेखि जिल्ला सदरमुकाम ल्याउनेक्रम शुरु भई भोलिपल्ट मंसिर ५ गतेदेखि मतगणना शुरु भएको हो । जिल्लाभित्रका सबै मतपेटिकाहरु मतदान अधिकृतहरुबाट सदरमुकाममा प्राप्त भएपछि निर्वाचन अधिकृतले मतगणना गर्ने स्थान, मिति र समयलाई सूचना गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । संविधानसभा सदस्य निर्वाचन अध्यादेश २०७० र त्यस अन्तर्गत नियमावली र निर्देशिकामा राजनीतिक दल वा उम्मेदवारले प्रतिनिधि राख्ने र निजहरुका रोहवरमा मतगणना प्रारम्भ गर्ने, मतगणना प्रारम्भ गरेको मुचुल्का आदि गर्नुपर्ने विस्तृत कार्यविधिको व्यवस्था गरेको छ । यी कार्यविधिहरुको प्रयोजन मतगणनामा पारदर्शिता कायम होस् भन्ने नै हो ।

मतदान कार्य पश्चात मत गणनाका सम्बन्धमा राजनीतिक दलहरु बीच केही समस्याहरु सृजना भएको देखिन्छ । यद्यपि पर्यवेक्षकहरुबाट प्राप्त सूचना अनुसार मत गणना कार्य सहज ढङ्गले पर्यवेक्षण गर्न सकिने स्थानमा रहेको बताइयो भने केही स्थानमा अँध्यारो, सानो कोठा समेत रहेको पाइयो । त्यस्तै मतपेटिका खोल्नु पूर्व अधिकांश स्थानमा मतपेटिका कुन निर्वाचन स्थान तथा बुथको हो भन्नेबारे जानकारी गराएको र सबै मतपत्रहरु गणना गर्न सकिने अवस्थामा नै रहेको र मतपेटिकाका सील नम्बरहरू रूजु भएको समेत बताइयो । त्यस्तै मतगणना प्रक्रिया पारदर्शी रहेको, मत परिणाम समयमा नै उपलब्ध भएको र परिणाम घोषणा हुनुपूर्व पनि समय समयमा मत संख्या वारे बताउने गरेको पाइयो ।

मत गणना कार्य कुनै कारणले रोकियो कि रोकिएन भन्ने सम्बन्धमा पर्यवेक्षण गरिएका जिल्लाहरु मध्ये ३२ जिल्लामा नरोकिएको र ११ जिल्लामा कुनै न कुनै कारणले रोकिएको बताइयो भने जहाँ रोकियो त्यहाँ पनि २ जिल्लामा विशेष आदेशका कारण, २ जिल्लामा सदर र बदर मतको विवादका कारण, १ जिल्लामा मौखिक उजुरीका कारण, १ जिल्लामा एमाओवादीबाट वहिस्कारका कारण र ५ जिल्लामा किन रोकिएको हो थाहा नभएको बताइयो । मत गणनाको स्थलको सुरक्षा व्यवस्था वारे अधिकांशले सन्तोषजनक रहेको भने, कस्तो थियो भन्ने प्रश्नमा ९०.७% जिल्लामा सन्तोषजनक भएको, ९.३% जिल्लामा ठीकै रहेको भने, मतगणनामा बसेका प्रतिनिधिहरूको भूमिकाका सम्बन्धमा शतप्रतिशत सहयोगी रहेको बताइयो ।

### ५.३.१ मतगणना

माथि उल्लेख गरिएका कानूनी व्यवस्था र कार्यविधिहरुको पालनामा मतगणना गर्ने स्थलको चयनले प्रभाव पार्ने भएकोले यस्तो स्थल फराकिलो र उज्यालो हुनुपर्ने कुरा स्पष्ट छ । यसबारे व्यवस्थापनको ध्यान पुगे नपुगेको प्रश्नावली मार्फत जानकारी हासिल गरिएको थियो । पर्यवेक्षण गरिएका जिल्लाबाट प्राप्त यस विषयका जानकारी देहायमा उल्लेख गरिएको छ ।

तालिका ४: मतगणना गर्ने स्थल मतगणना प्रक्रिया र सुरक्षा व्यवस्था

| क्र.सं. | सूचक | उत्तरदाता प्रतिशतमा |
|---|---|---|
| १. | मतगणना राम्रोसँग अवलोकन गर्न सकिने | ९७.७ |
| २. | मतगणना पूर्व गणना गरिने मतपेटिका कुन मतदान केन्द्र/बुथको हो भन्ने बारे जानकारी गराएको | ९५.३ |
| ३. | मतपेटकाको सील नम्बर रुजु गरिएको | ९५.३ |
| ४. | मतपेटिका मतगणना गर्न सकिने अवस्थामा प्राप्त भएको | ९७.७ |
| ५. | मतगणना गर्दा दल वा व्यक्तिलाई छुट्याइएका मतपत्र राख्ने व्यवस्था उपयुक्त | ९५.३ |
| ६. | रद्द भएका मतपत्र दल/उम्मेदवारका प्रतिनिधिले हेर्न पाएको | ९५.३ |
| ७. | मतगणनामा सुरक्षा व्यवस्था सन्तोषजनक | १००.० |
| ८. | मतगणनामा बसेका कर्मचारीहरुको भूमिका सहयोगी | १००.० |
| ९. | मतगणनामा महिला प्रतिनिधित्व रहेको | ८१.४ |

मतगणना प्रक्रिया पारदर्शी र विश्वसनीय होस् भन्ने उद्देश्यले निर्वाचन कानूनमा व्यवस्था भए बमोजिम उजुरी गर्ने सिलसिलामा पर्यवेक्षण गरिएका स्थानमध्ये तीन स्थानमा (८.३%) उजुरी परेका थिए । प्राप्त विवरण अनुसार उजुरीहरुका प्रकृतिमा मुख्यतया मतपत्रको संख्या सम्बन्धी मुचुल्कामा उल्लेख भएको संख्याभन्दा बढी मतपत्र पाइएको, मतपत्रको कोठाको लाइन छोएको, मतपत्रको अर्धकट्टी सहित आएको, मतपत्रको चाङ भेटिएको, आदि कुरा पर्यवेक्षणबाट देखियो ।

निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गरेपछि मतगणना समाप्त नभएसम्म सो मतगणनाको काम लगातार गर्नुपर्ने व्यवस्था पनि निर्वाचन कानूनले गरेको छ । तथापि, पर्यवेक्षण गरेका जिल्लामध्ये ११ स्थानमा उदाहरणको लागि काठमाडौं, झापा, सुनसरी, मोरङ, सिराहा, महोत्तरी, सिन्धुली, रौतहट, सुर्खेत, प्युठान आदि जिल्लाहरुमा मतगणना हुँदा-हुँदै बीचमा मतगणना कार्य रोक्नु परेको थियो । यसरी मतगणना रोक्नु परेका कारणहरुमा मुख्यत: सदर बदर मतमा विवाद, मौखिक उजुरी, विशेष आदेश, उम्मेदवारको अनुपस्थिति वा एमाओवादीबाट वहिष्कार आदि छन् । उल्लेख भएका कारणहरु मध्ये मौखिक उजुरी र एमाओवादीको वहिष्कार जस्ता कारणहरु मतदान रोक्न पर्याप्त होइन । उजुरी लिखित हुनुपर्ने र कुनै एक दलको प्रतिनिधिको अनुपस्थितिले मतगणनाको कार्य रोक्नु नपर्ने व्यवस्था नियमले नै गरेको छ । पर्यवेक्षण गरिएका प्राय: सबै जिल्लामा मतगणना भन्दा पहिले सर्वदलीय बैठक गरी मतगणनामा स-साना विवादलाई मतगणनास्थलमै बसेर समाधान गर्ने र ठूला विवाद मात्र मतगणना सकेर कानूनमा व्यवस्था भए अनुसार प्रक्रियामा जाने निर्णय हुने गरेको देखिन्छ । वास्तवमा धेरै जिल्लामा बदर र सदर मतसम्बन्धी विवाद उठेको देखिन्छ ।

पर्यवेक्षणका लागि छानिएका ५५ जिल्लाको बदर मतको राष्ट्रिय सरदर प्रतिशत प्रत्यक्षतर्फ ४.९६ र समानुपातिकतर्फ ३.२० को तुलनामा ४.३० र ३.०६ प्रतिशत रहेको छ । अर्थात्, ५५ जिल्लाका राष्ट्रिय सरदरभन्दा यहाँको स्थिति केही राम्रो देखिएको छ । यसलाई भौगोलिक क्षेत्र अनुसार हेर्ने हो भने प्रत्यक्षतर्फ हिमाल र पहाडको तुलनामा तराईका जिल्लामा बढी प्रतिशतमा बदर मत रहेको देखिन्छ । हिमाल र पहाडको ३.९ र ४.१ को तुलनामा तराईको प्रतिशत निकै बढी ५.६ प्रतिशत रहेको छ । समानुपातिक तर्फ पनि तराईको स्थिति त्यति राम्रो छैन । हिमाल र पहाडको ३.१ र २.५ प्रतिशतको तुलनामा तराईको ३.६ प्रतिशत छ । तराईका पाँच जिल्ला झापा, मोरङ, सुनसरी, सप्तरी र सिराहामा यो प्रतिशत बढी छ । यस्तो स्थिति हुनमा महिला साक्षरताको स्तर पुरुषभन्दा ज्यादै कम रहेकोले पनि हो । पूर्वाञ्चलका पाँच तराई जिल्लाहरुमा २००१ को जनगणना अनुसार साक्षरताको प्रतिशत पुरुषतर्फ

६६.५ रहेको छ भने महिलाको ४४.७ प्रतिशत मात्र र त्यसमा पनि सप्तरी र सिराहाको महिला साक्षरताको प्रतिशत ३५.५ र २७.१ मात्र रहेको छ । मध्यमाञ्चल अन्तर्गतका चितवन बाहेक अन्य तराई जिल्लाहरुमा महिला साक्षर ताको प्रतिशत कम नै छ । पश्चिमाञ्चल, मध्य र सुदूर पश्चिमाञ्चलका तराईका जिल्लाहरुमा भने पूर्वको तुलनामा महिला साक्षरताको स्तर बढी छ । साथै, बदर मतको प्रतिशत पनि कम छ । यसबाट साक्षरताको स्तर र नागरिक अधिकारको चेतना बीच प्रत्यक्ष सम्बन्ध रहेको स्पष्ट हुन्छ ।

रेखाचित्र ६: बदर मत (प्रत्यक्ष)




रेखाचित्र ७: बदर मत (समानुपातिक)



### ५.३.२ मतपेटिका ढुवानी

मतदान सम्पन्न भएपछि सबै मतपेटिका जिल्ला सदरमुकाममा ढुवानी गर्ने क्रममा कतिपय मतपेटिकाको सील तोडिने, मतदान सम्पन्न भएपछि मतपेटिकामा खसेको मतपत्रको संख्या उल्लेख गरी मतपेटिका सीलबन्दी गर्नुपर्ने आदि काम मतपेटिका यथासक्य छिटो ढुवानी गर्नुपर्ने हुँदा समयाभावका कारण र काँही-काँही तालिमको अभावमा असावधानीका कारणले मतपेटिका रुजु गर्दा मत संख्या फरक परेको पर्यवेक्षणबाट देखिएको छ । उदाहरणका लागि नवलपरासी क्षेत्र नं. ५ मा मधेशी जनअधिकार फोरमले मुचुल्का भन्दा १० मतपत्र बढी देखिएकोमा विवाद उठाको पाइयो । उक्त दलले २०६४ को तुलनामा २०७० मा धेरै कम मत प्राप्त गरेकोले आपत्ति जनाएको हो । केही समय मतगणना रोकिए तापनि निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी आदि पदाधिकारीहरु बसी छलफल गरी मत गणना चालू राख्ने निर्णय भएपछि मतगणना सुचारु भएको थियो । मतपेटिका बन्द गरेको र मतगणनाका लागि सदरमुकाममा मतपेटिका खोल्ने समय बीच अन्तर हुने कारणले शंका उत्पन्न हुने गरेको छ । सदरमुकाम बाहिर ग्रामीण भेगमा उपयुक्त स्थानको अभाव र सुरक्षाको दृष्टिकोणले सदरमुकामसम्म ढुवानी गर्नुपर्ने बाध्यताका कारण कानूनमै यस्तो व्यवस्था गर्नुपरेको कुरा बुझ्न सकिन्छ । साथै, दुई वा दुई भन्दा बढी मतदान केन्द्रका मतपेटिकाका मतपत्र एकै ठाउँमा मिसाई मतगणना गर्नुपर्ने बाध्यता मतदाताको रोजाईको गोपनीयता कायम गर्नु रहेको पनि बुझ्न सकिन्छ ।

### ५.३.३ मतगणनास्थलमा प्रवेश

मतगणना गर्ने स्थानमा प्रवेशका लागि राजनीतिक दल वा उम्मेदरवारका प्रतिनिधि वा निजको प्रतिनिधि तथा मतगणना प्रतिनिधि, पर्यवेक्षणका लागि खटिएका व्यक्तिहरु आदिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न अनुमतिको व्यवस्था कानूनले नै गरेको छ । तर केही स्थान उदाहरणका लागि मुस्ताङ जिल्लामा मतगणना गर्ने स्थान ज्यादै साँघुरो भएकोले पर्यवेक्षक र पत्रकारलाई २/२ जना गरी ५-१० मिनेट मात्र प्रवेश पाउने व्यवस्था गरिएको थियो ।

### ५.३.४ मतगणना परिणाम

जियोकले पर्यवेक्षण गरेका ५५ जिल्लाका मतगणनासम्बन्धी प्रतिवेदनका अनुसार ९७.७ प्रतिशत स्थानमा मतगणना परिणाम समयमै उपलब्ध भएको छ ।

संविधानसभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १२० राजनीतिक दलको तर्फबाट ६,१२६ जना उम्मेद्वार प्रतिस्पर्धामा रहेका थिए । निर्वाचन परिणाम हेर्दा जम्मा १० वटा राजनीतिक दलले मात्र संविधासभामा स्थान प्राप्त गर्न सफल भएका छन् । संविधानसभामा निर्वाचित भएर जाने दल र सदस्य संख्यामा नेपाली कांग्रेस १०५, नेपाल कम्युनिष्ट पार्टी (एमाले) ९१, एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) २६, मधेशी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक) ४, तराई-मधेश लोकतान्त्रिक पार्टी ४, राष्ट्रिय प्रजातन्त्र पार्टी ३, मधेशी जनअधिकार फोरम नेपाल २, नेपाल मजदुर किसान पार्टी १, सद्भावना पार्टी १, तराई-मधेश सद्भावना पार्टी १ रहेका छन् भने स्वतन्त्र २ गरी जम्मा २४० निर्वाचित भएका छन् ।

त्यसै गरी समानुपातिकतर्फ ३३५ सदस्यताका लागि १२२ दलका जम्मा १०,७०९ उम्मेदवार प्रतिस्पर्धामा रहेका थिए । समानुपातिक निर्वाचनतर्फ न्यूनतम एकस्थान पाउने दलहरुको संख्या ३० रहेको छ ।

तालिका ४: संविधानसभामा प्रतिनिधित्व गर्ने दल र तिनीहरुका सिट संख्या

| क्र.सं. | राजनीतिक दल | प्रत्यक्ष | | समानुपातिक | | कूल सिट | |
|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | नेका | १०५ | ४३.८ | ९१ | २७.२ | १९६ | ३४.१ |
| २. | नेकपा (एमाले) | ९१ | ३७.९ | ८४ | २५.१ | १७५ | ३०.४ |
| ३. | एनेकपा (माओवादी) | २६ | १०.८ | ५४ | १६.१ | ८० | १३.९ |
| ४. | राप्रपा नेपाल | - | - | २४ | ७.२ | २४ | ४.२ |
| ५. | मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) | ४ | १.७ | १० | ३ | १४ | २.४ |
| ६. | राप्रपा | ३ | १.३ | १० | ३ | १३ | २.३ |
| ७. | तमलोपा | ४ | १.७ | ७ | २.१ | ११ | १.९ |
| ८. | मधेशी जनअधिकार फोरम नेपाल | २ | ०.८ | ८ | २.४ | १० | १.७ |
| ९. | अन्य दल र स्वतन्त्र | ५ | - | ४७ | १४ | ५२ | ९.० |
| १०. | संविधानसभामा सिट | २४० | | ३३५ | | ५७५ | |

प्रत्यक्ष र समानुपातिक गरी दुई अङ्कको स्थान पाउन सफल दलहरुमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा एमाओवादी, राप्रपा नेपाल, फोरम (लोकतान्त्रिक), राप्रपा, तमलोपा र फोरम नेपाल छन् । दलका अतिरिक्त दुई स्वतन्त्र उम्मेदवारले संविधानसभामा स्थान पाएका छन् ।

## ५.४ महिला सहभागिता र लैङ्गिक सम्वेदनशीलता

पहिलो संविधानसभामा महिलाको उत्साहजनक प्रतिनिधित्व भएकोमा २०७० को निर्वाचनमा प्रत्यक्षतर्फ महिलाको कोटा पुऱ्याउन मात्र उम्मेदवार बनाएको देखियो । प्रमुख तीन दलले ११ प्रतिशत मात्र महिला उम्मेदवार खडा गरे । समानुपातिक समेत गरी संविधानसभामा अहिले जम्मा १७२ महिलाको प्रतिनिधित्व रहेको छ ।

संविधानसभा निर्वाचन २०७० मा उम्मेदवारी बाहेक निर्वाचन अभियानमा महिलाको सहभागिता राम्रो रह्यो । निर्वाचन प्रचार-प्रसार कार्य तथा मतदान केन्द्रलाई महिलामैत्री बनाउने व्यवस्था भएको थियो । मतदानको व्यवस्थापन र परिचालनमा लैङ्गिक सन्तुलन राम्रो रह्यो । मतदानस्थलमा महिला र पुरुषका लागि बेग्ला-बेग्लै लाइन र शौचालयको व्यवस्था गरिएको थियो । मतदानस्थललाई लैङ्गिकमैत्री बनाउन सबै आवश्यक उपायहरु अवलम्बन गरिएको थियो । मुस्लिम बाहुल्य स्थानका लागि महिला कर्मचारीको व्यवस्था गरिएको पाइयो भने निर्वाचनमा परिचालन भएका कर्मचारीहरुमा यथासम्भव समावेशी बनाइएको थियो । निर्वाचन पर्यवेक्षणका तथ्याङ्कको विश्लेषण गर्दा संविधानसभाको निर्वाचन लैङ्गिक संवेदनशीलताको दृष्टिकोणमा राम्रो भन्ने ५७.८% र ठीकै भन्ने ४१.८% रहेको पाइयो भने नराम्रो भन्ने ०.४% थिए ।

तालिका ५: लैङ्गिक संवेदनशीलता

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | राम्रो | ३८८० | ५७.८ |
| २. | ठीकै | २८०९ | ४१.८ |
| ३. | नराम्रो | २९ | ०.४ |
| | जम्मा | ६७१८ | १००.० |

रेखाचित्र ८: लैङ्गिक संवेदनशीलता




त्यस्तै निर्वाचन सुरक्षामा महिला सुरक्षाकर्मीहरुको सहभागितालाई हेर्दा १५०० उत्तरदाताहरुका अनुसार ९१.१% मतदान केन्द्रमा ५ जना भन्दा कम महिला सुरक्षाकर्मी भएको, ७.२% मतदान केन्द्रमा ५ देखि १० जनासम्म महिला सुरक्षाकर्मी रहेको, १.२% मतदान केन्द्रमा १० देखि १५ जना महिला सुरक्षाकर्मी रहेको तथा ०.५ % मतदान केन्द्रमा १५ जनाभन्दा बढी महिला सुरक्षाकर्मीहरु परिचालन भएको देखियो ।

यसैगरी ९४.४% मतदान केन्द्रमा महिला मतदाता माथि कुनै घटना नघटेको पाइयो भने केही स्थानहरुमा अर्थात्‌ १.३ % मतदान केन्द्रमा महिला मतदाता विरुद्ध केही घटना घटेको पाइयो । यस्ता घटनाहरुमध्ये शारीरिक यातना, गालीगलौज र धम्की रहेका थिए । मतदान केन्द्रमा महिला मतदाताको लागि छुट्टै लाइन, स्वयंसेवक र शौचालयको व्यवस्था हुनुपर्ने सन्दर्भमा ५९.९% ले त्यस्तो व्यवस्था राम्रो रहेको, ३४.८% ले ठीकै रहेको र १.७% ले नराम्रो रहेको बताए । निर्वाचन आयोगले बनाएको लैङ्गिक निर्देशिका कार्यान्वयनका सम्बन्धमा ९३.५% ले कार्यान्वयन गर्न सकिएको र ५.१% ले नसकिएको बताए ।

संविधानसभा सदस्य निर्वाचन, २०७० मा महिला उम्मेदवारहरुको प्रचार-प्रसारको अवस्था तुलनात्मक रुपमा राम्रो रहेको कुरा देहायका तथ्याङ्कबाट पनि स्पष्ट हुन आउँछ:

तालिका ६: महिला उम्मेदवार प्रतिको प्रचार-प्रसार र व्यवहारको अवस्था

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | राम्रो | ३५८५ | ५१.६ |
| २. | ठीकै | ३०११ | ४४.२ |
| ३. | नराम्रो | २१९ | ३.२ |
| | जम्मा | ६८१५ | १००.० |

यसैगरी महिला उम्मेदवार र महिला मतदाता माथि भएका हिंसाको अवस्थालाई हेर्दा केही घटनालाई छोडेर त्यस्तो कुनै उल्लेखनीय घटना भएन । महिला विरुद्ध केही छिटफुट घटनाहरु पनि भएका छन्, जस अन्तर्गत मूलभूत रुपमा मानसिक हिंसा, शारिरीक हिंसा र यौन हिंसा मुख्य रुपमा देखिए । समग्रमा निर्वाचन प्रक्रियामा लैङ्गिक सम्बेदनशीलता अपनाइएको पाइयो । महिला उम्मेदवारको सुरक्षा स्थिति हेर्दा अधिकांश ठाउँमा महिला उम्मेदवारहरु सुरक्षित नै रहेको पाइयो भने महिला मतदाताहरुले पनि त्यस्तो कुनै असुरक्षा महशुश गर्नुपरेको अवस्था देखिएन ।

निर्वाचनमा महिला कर्मचारीको सहभागिता हेर्दा ५२.७% मतदान केन्द्रमा न्यूनतम १०% सम्म महिला कर्मचारी खटिएका थिए । निर्वाचन सुरक्षाका सम्बन्धमा महिला सुरक्षाकर्मीहरुको सहभागितालाई हेर्दा १५०० मतदान केन्द्रबाट प्राप्त जानकारी अनुसार ९१.१% मतदान केन्द्रमा ५ जनाभन्दा कम, ७.२% मतदान केन्द्रमा ५ देखि १० जनासम्म, १.२% मतदान केन्द्रमा १० देखि १५ जनासम्म र ०.५% मतदान केन्द्रमा १५ जनाभन्दा बढी महिला सुरक्षाकर्मीहरु परिचालन भएको पाइयो ।

## ५.५ आम सञ्चार माध्यम

संविधानसभा आचार संहिताले निर्वाचन स्वतन्त्र, स्वच्छ, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्न आमसञ्चार माध्यमले पनि पालना गर्नुपर्ने आचरण तोकेको छ । सूचना वा समाचार सम्प्रेषण गर्दा तथ्यमा आधारित भई पक्षपात नगरी वस्तुनिष्ठ ढङ्गले सम्प्रेषण गर्नुपर्ने आचरण तोकिएको छ । साथै, निर्वाचनसँग सम्बन्धित शिक्षामूलक समाचार र सूचना सम्प्रेषणलाई उच्च प्राथमिकता दिनुपर्नेछ ।

निर्वाचन अभियानको सम्पूर्ण अवधिमा आमसञ्चार माध्यमको स्वतन्त्रताको पूर्ण उपयोग भयो । सञ्चार माध्यमले दलहरुलाई आफ्नो सन्देश मतदातासम्म पुऱ्याउन विविध मञ्चहरु प्रदान गरे । ठूला तीन दलका निर्वाचन सम्बन्धी सामग्री प्रकाशन, प्रसारणमा आम-सञ्चार माध्यम केन्द्रित भए पनि साना दलहरुका सामग्रीको प्रकाशन, प्रसारणमा पनि स्थान दिने प्रयास भए । स्थानीयस्तरमा एफएम रेडियोले उम्मेदवारहरुलाई आफ्ना कार्यक्रमहरुमा निर्वाचन सामग्री प्रसारणमा स्थान दिए । नेपाल टिभिले नेपाल उद्योग वाणिज्य महासंघ र एनडीआई नेपालद्वारा संयुक्त रुपमा आयोजना गरेको नौवटा राजनीतिक दलहरु रहेको सार्वजनिक बहस कार्यक्रम प्रसार गऱ्यो । आयोगबाट राष्ट्रिय प्रसारण रेडियो र टिभि दुबैमा निःशुल्क समय उपलब्ध गराइयो ।

मौन अवधिको समयमा आचार संहिता उल्लंघन गरेको उजुरीको आधारमा एबिसी च्यानल टिभि स्टेशनको प्रसारण निर्वाचन आयोगबाट अन्तरिम रुपमा स्थगन गर्न आदेश पनि जारी गऱ्यो तर यो आदेशलाई उक्त च्यानलले बेवास्ता गऱ्यो ।

निर्वाचन पर्यवेक्षणमा जनताको अभिमत बुझ्न प्रश्नावलीको माध्यम अपनाइएको थियो । पर्यवेक्षण गरिएका ६,६५२ मतदान केन्द्रमा जम्मा ६,९५५ मतदातालाई संविधानसभा सदस्यको निर्वाचनमा मत दिनुपर्छ भन्नेबारे जानकारी सञ्चार माध्यमबाट पाएको कुरा ६५.७ प्रतिशत मतदाताले बताए । जियोकले गरेको २०६४ सालको पर्यवेक्षणमा पनि यही विधि अपनाइएको थियो र त्यो समयमा यही प्रश्नको उत्तर दिनेमा ४९.२ प्रतिशत मतदाता थिए । यसबाट २०६४ को तुलनामा २०७० मा आमसञ्चारको पहुँचमा भएको बृद्धि बारे प्रकाश पार्दछ । यसले सञ्चार माध्यमको विकासको क्रम वा गति स्पष्ट हुन्छ । यसले द्वन्द्व पश्चातको २०६४ को खुम्चिएको वातावरण र अहिलेको खुला राजनीतिक वातावरणको चित्रण गर्दछ । यसै विषयमा अर्को थप प्रश्न निर्वाचनमा भाग लिन कसरी प्रेरित हुनुभयो भन्ने प्रश्नको उत्तरमा ५४.३ प्रतिशतले सञ्चार माध्यमबाट प्रेरित भएको भनेका छन् जसको प्रतिशत २०६४ को निर्वाचनमा ३४.५ मात्र थियो ।

रेखाचित्र ९: आम सञ्चार माध्यम र निर्वाचन




## ५.६ निर्वाचन उजुरी

संविधानसभा सदस्य निर्वाचन उपर चित्त नबुझ्ने उम्मेदवारहरुले पहिलो चरणमा निर्वाचन आयोगको मातहत रहेका प्रमुख निर्वाचन अधिकृत र निर्वाचन आयोगमा उजुरी गर्ने व्यवस्था गरेको छ । सोउपर चित्त नबुझेमा वा निर्वाचन प्रक्रियामा कानूनी प्रश्न उठेमा संविधानसभा अदालतमा उजुर गर्ने कानूनी व्यवस्था गरेको छ ।

### ५.६.१ निर्वाचन आयोगको कार्यक्षेत्र अन्तर्गतका विवाद

निर्वाचन आयोगले निर्वाचन स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन संविधानसभा सदस्य निर्वाचन आचार संहिता, २०७० लागू गरेको थियो । उक्त आचार संहिताको कार्यान्वयनको क्रममा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको तहमा विभिन्न उम्मेदवारहरु र राजनीतिक दलका कार्यकर्ताहरुले आचार संहिता उल्लङ्घन गरेउपर २६१ वटामा कारवाही भएको थियो । २०६४ सालमा भन्दा २०७० सालको संविधानसभाको निर्वाचनमा निर्वाचन आयोग आचार संहिता पालना गराउन केही सक्रिय रहेको पाइयो । निर्वाचन आयोगमा विभिन्न निकायबाट सहमतिका लागि करीव १४५६ अनुरोध आएकोमा ८४१ वटामा सहमति प्रदान गरेको थियो । करीव १८७ वटा आचार संहिताको उल्लङ्घन सम्बन्धी उजुरीमा करीव १४४ उजुरीउपर कारवाही भएको थियो ।

उजुरीमा धेरै किसिमका विषयहरु समावेश भएका थिए । जस्तै उजुरी प्राप्त जिल्लाहरु र निर्वाचन क्षेत्रमा पूर्वबाट मोरङ-६, सप्तरी-२, सर्लाही-६, सिन्धुली-१, धनुषा-५, सिराहा-५, महोत्तरीका सबै निर्वाचन क्षेत्रमा मधेश केन्द्रित दल बाहेक अरुको उजुरी, रामेछाप-२, दोलखा-१ र २, नुवाकोट-१ र ३ रहेका छन् । त्यसैगरी गोरखाको तीनवटै निर्वाचन क्षेत्रमा एमाओवादी बाहेक अरुको उजुरी, मनाङको धारापानीको मनसुरी निमावि मतदान केन्द्रमा सुरक्षण सील नम्बर फरक परेको, स्याङ्जा-३, डोटी-१, जुम्ला, रोल्पा-२ का थवाङ वीरभद्र मावि केन्द्र (क), (ख) र (ग) मा नेकपा-माओवादीबाट सशक्त वहिस्कार गरेको कारणले प्रत्यक्ष तर्फ एउटा पनि मत खसेन । एउटै जिल्लाबाट २/३ वटा उजुरीहरु आई ३ पटक सम्म पनि आयोगबाट निर्णय गर्नु परेको जानकारीमा आयो । प्राप्त सबै उजुरीमा निर्वाचन अधिकृत वा मतदान अधिकृतबाट पेश भएको राय मनासिव ठहर भई आयोगबाट टुङ्गो लागेको स्थिति छ । अधिकांश

उजुरीहरु मतदान प्रक्रिया कानून सम्मत नभएको, मतदान प्रक्रियामा धाँधली भएको, वास्तविक मतदाताले मतदान गर्न नपाएको, मतदान अधिकृत र सुरक्षा निकायले कानून सम्मत काम गर्न नसकेको, मतगणनामा धाँधली भएको, मतपेटिका ढुवानीमा धाँधली भएको भन्ने जस्ता विषयहरु समावेश भएका पाइन्छन् ।

## ५.६.२ संविधानसभा अदालतमा परेका उजुरीहरू

संविधानसभा सदस्य निर्वाचन उपर विवाद निरुपण गर्न न्यायपरिषद्को सिफारिसमा संविधानसभा अदालतको गठन गरिएको थियो । उक्त अदालतमा अध्यक्षका रुपमा माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ, सदस्यहरु माननीय न्यायाधीश श्री सुशीला कार्की र माननीय न्यायाधीश श्री गिरीशचन्द्र लाल रहेका छन् । संविधानसभा अदालतमा २०७० मंसिर १६ गतेदेखि २०७० पौष २८ गतेसम्ममा जम्मा २२ वटा उजुरीहरु दर्ता भएका छन् । जसमध्ये १८ वटा मुद्दामा आदेशमै कुनैमा लिखित जवाफ (प्रतिवाद) समेत परेको, बाँकी ४ वटामा आदेश हुन बाँकी भएको तर पेशीमा चढेको देखिन्छ । तीनवटा विवाद समानुपातिक क्षेत्रको प्रतिनिधित्वसँग सम्बन्धित छन् भने अन्य पहिलो हुने निर्वाचित हुने पद्धति अन्तरगतका छन् । सप्तरी जिल्लाको निर्वाचन क्षेत्र नं. २ को बर्साइन गाविसको राजाजी राप्रावि वनरझूला (क) मतदान केन्द्रको मतदानलाई लिएर सम्मानित संविधानसभा अदालतबाट २०७० माघ ७ गते विपक्षी अशोककुमार मण्डललाई संविधानसभा वा व्यवस्थापिका संसदको वैठकमा भाग नलिनु वा अन्य कुनै काम नगर्नु वा नलगाउनु भन्ने अन्तरिम आदेश जारी भएको छ । उजुरीहरु तीन महिना भित्रै फछ्यौट हुनुपर्ने व्यवस्था ऐनले गरेको छ । गोपालजी जङ्ग शाह विरुद्ध जनार्दन शर्मा (प्रभाकर) को निर्वाचन बदर मुद्दामा अन्तरिम आदेश जारी नहुने आदेश भएको छ ।

तालिका ६: संविधानसभा अदालत काठमाडौंमा दर्ता भएका उजुरीहरु

| क्र.सं. | उजुरी दर्ता मिति | उजुरीकर्ता | विपक्षी | कारवाहीको स्थिति |
|---|---|---|---|---|
| | २०७०।८।१६ | गोम्बु शेर्पा (सोलुखुम्बु) | बलबहादुर केसी समेत ४ | १० दिने म्याद जारी भएको केहीको लिखित प्रतिवाद परेको |
| | २०७०।८।१८ | लिलानाथ श्रेष्ठ | पुष्पकमल दाहाल समेत ९ | म्याद जारी भएको |
| | २०७०।८।१९ | भगवती चौधरी (सुनसरी) | विजयकुमार गच्छदार समेत ७ | म्याद जारी भएको |
| | २०७०।८।१९ | जिपछिरिङ लामा (दोलखा) | पार्वत गुरुङ समेत ७ | म्याद जारी भएको केहीको लिखित प्रतिवाद परेको |
| | २०७०।८।२० | गयानन्द मण्डल गगाई (मोरङ ४) | शिवकुमार मण्डल समेत ४ | म्याद जारी भएको |
| | २०७०।८।२० | नन्दकिशोर पुन (काठमाडौं ४) | गगन थापा समेत ५ | म्याद जारी भएको |
| | २०७०।८।२० | नवलकिशोर साहसुँडी (सप्तरी २) | अशोककुमार मण्डल समेत १० | २०७०।१०।७ गते संविधानसभा अदालत ऐन २०६४ को दफा ७(१) बमोजिम विपक्षीहरुका नाममा अन्तरकालीन आदेश जारी भएको |
| | २०७०।८।२० | सुरीना कुमारी साह (महोत्तरी ४) | चन्द्रकुवेर झा समेत १० | म्याद जारी भएको |
| | २०७०।८।२० | जानकी शरण साह समेत (महोत्तरी) | किरण यादव समेत १० | म्याद जारी भएको |
| | २०७०।८।२० | रामरिझन यादव (सिराहा ३) | सीतादेवी यादव समेत ८ | म्याद जारी भएको |
| | २०७०।८।२१ | प्रमिला राई (उदयपुर २) | मञ्जुकुमारी चौधरी समेत ४ | १० दिने म्याद जारी भएको |
| | २०७०।८।२१ | रविकला शर्मा न्यौपाने (गोरखा २) | हितराज पाण्डे | १० दिने म्याद जारी भएको |
| | २०७०।८।२३ | विशाल खड्का (दोलखा) | पार्वत गुरुङ | १० दिने म्याद जारी भएको, केहीको लिखित प्रतिवाद प्राप्त |
| | २०७०।८।२३ | अजय कुमार गुप्ता (रौतहट १) | माधवकुमार नेपाल समेत १० | १० दिने म्याद जारी भएको |
| | २०७०।८।२३ | मो. इद्रिस राहन समेत (महोत्तरी) | किरण यादव समेत ९ | १० दिने म्याद जारी भएको |
| | २०७०।८।२४ | शिवपूजन राय यादव समेत (सर्लाही) | अमरेशकुमार सिंह समेत ८ | १० दिने म्याद जारी भएको |
| | २०७०।८।२५ | गफार अन्सारी मिया | उपेन्द्र यादव समेत ४ | १० दिने म्याद जारी भएको |
| | २०७०।९। | सर्मिलि लामा (समानुपातिक तर्फ) | निर्वाचन आयोग | अन्तरकालीन आदेश जारी नभएको |
| | २०७०।९।१९ | गोपालजी जङ्ग शाह | जनार्दन शर्मा (प्रभाकर) समेत | अन्तरकालीन आदेश जारी नभएको |
| | २०७०।९।२२ | मोहमद इस्तियाक राई (बाँके) | दिनेशचन्द्र यादव समेत | पेशीमा चढेको २०७०।११।५ गतेको लागि |
| | २०७०।९।२२ | बालकृष्ण न्यौपाने समेत (समानुपातिक) | कमल थापा समेत | पेशीमा चढेको २०७०।११।५ गतेको लागि |
| | २०७०।९।२८ | सुमित्रादेवी कलवार (समानुपातिक) | शम्भु पासवान हजारा समेत | पेशी चढेको |

## ५.६ निर्वाचन पर्यवेक्षण समन्वय

निर्वाचन पर्यवेक्षणलाई पारदर्शी, दक्ष व्यक्तिहरुबाट पर्यवेक्षण गर्ने वातावरण सिर्जना गर्न निर्वाचन आयोगले राष्ट्रियस्तरका ५४ र अन्तर्राष्ट्रियस्तरका ३ गरी ५७ संस्थाहरुलाई मात्र संविधानसभा सदस्य निर्वाचन २०७० को पर्यवेक्षण गर्न अनुमति प्रदान गरेको थियो । उक्त संस्थाहरु अन्तर्गत राष्ट्रियस्तरका ७४,२७४ पर्यवेक्षकहरु परिचालन गर्ने अनुमति प्राप्त गरेकोमा करीव ३०,६६७ पर्यवेक्षण परिचयपत्र प्रदान भएको निर्वाचन आयोगबाट जानकारी प्राप्त भएको छ । पहिलो संविधानसभा सदस्य निर्वाचनको पर्यवेक्षणका लागि १३९ संस्थाहरुमार्फत करीव ७०,००० पर्यवेक्षकहरुलाई अनुमति प्रदान गरिएको थियो । त्यसैगरी अन्तराष्ट्रिय पर्यवेक्षण गर्ने संस्थाहरुमा युरोपियन युनियन, कार्टर सेन्टर, एनफ्रिलका जम्मा २४९ अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुको सहभागिता रहेको थियो ।

निर्वाचन पर्यवेक्षण कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले नियोक, जियोक र डियु नेपालको सक्रियतामा अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्थाहरु, कार्टर सेन्टर, इयु, एनडिआई, युएनडिपी, द एशिया फाउण्डेसनको सहकार्यमा प्रत्येक महिना बैठक गरी समन्वय कार्य गरेको थियो । जसमा पर्यवेक्षण गर्ने प्रत्येक संस्थाले गरेका गतिविधिहरु, पर्यवेक्षण गर्ने जिल्ला, निर्वाचन क्षेत्र, नगरपालिका र गाउँ विकास समिति लगायत पर्यवेक्षकहरुको संस्थाको विषयमा अद्यावधिक भएको थियो । छलफल र अद्यावधिक गर्ने काम करीव एकवर्षदेखि निरन्तर हुँदै आएको छ ।

जियोकबाट २,३००, नियोकबाट १०,०००, डियुबाट ६,०००, निर्वाचन पर्यवेक्षण समितिबाट ३०० पर्यवेक्षक परिचालन गरिएको थियो भने अन्तराष्ट्रिय पर्यवेक्षकहरुको तर्फबाट द एशिया फाउण्डेसनबाट १०० जना, युरोपियन युनियनबाट ११२ जना, कार्टर सेन्टरबाट १०० जना एनफ्रिलबाट १०० जना पर्यवेक्षकहरु परिचालित थिए । आयोगबाट आमन्त्रित अन्तर्राष्ट्रिय विभिन्न व्यक्तित्वहरु र नेपालस्थित विदेशी कूटनीतिहरुबाट पनि निर्वाचनको पर्यवेक्षण भएको थियो ।

पहिलो संविधानसभाको निर्वाचनमा भन्दा यस पटकको निर्वाचन पर्यवेक्षणमा केही सुधार आएको पाइन्छ । प्रशिक्षण कार्यमा प्रशिक्षण सामग्रीहरु, पर्यवेक्षण प्रश्नावलीहरु, प्रतिवेदन लेखनमा समन्वय भएको थियो । तर पूर्ण रुपले पर्यवेक्षकहरुको समन्वय हुन नसक्दा केही मतदान केन्द्रमा धेरै पर्यवेक्षकको उपस्थिति थियो भने केहीमा न्यून रहन गयो । यस पटकको निर्वाचनमा ५४ वटा संस्थाहरुले पर्यवेक्षण गर्न अनुमति प्राप्त गरे तापनि करीव १० वटा संस्थाको मात्र निर्वाचन पर्यवेक्षणमा सक्रिय सहभागिता रहेको थियो । विगतको निर्वाचनमा पर्यवेक्षकहरु प्रति ज्यादै टिका-टिप्पणी हुने गरेकोमा यसपटक पर्यवेक्षकहरुको क्षमता, दक्षता, पारदर्शिता र समन्वयमा वृद्धि भएको छ । तर केही स्थानहरुमा जस्तै काठमाडौंको बानेश्वरको एक मतदान केन्द्रमा निर्वाचनको अघिल्लो दिन सर्वदलीय बैठकमा केही निर्वाचन पर्यवेक्षक दलको प्रतिनिधिको रुपमा सहभागी भएको पाइयो भने सप्तरीका केही गाविसमा केही पर्यवेक्षकले केही उम्मेदवारलाई मतदान गर्न सहयोग गरेको पाइयो । दुर्गम जिल्लामा पर्यवेक्षकहरुको कम उपस्थिति थियो भने नगरपालिका र सदरमुकाममा भिड रहेको पाइयो ।

संविधानसभा निर्वाचनको समयमा महिला तथा लैङ्गिक हिंसा आदिका विषयमा जियोकले एक विशेष प्रतिवेदन तयार पारेको छ ।

परिच्छेद

६

# निष्कर्ष र सुझाव

दोस्रो पटक २०७० मंसिर ४ मा भएको संविधानसभाको निर्वाचन २०६४ को तुलनामा सामान्यत: शान्तिपूर्वक सम्पन्न भयो । निर्वाचनमा खटिएका सरकारी कर्मचारीहरुले आफ्नो दायित्व कुशलतापूर्वक पूरा गरे । त्यसैगरी निर्वाचनपूर्व जनतामा रहेको निर्वाचन हुन्छ/हुँदैन भन्ने अन्यौल र भयरहित वातावरणमा मतदान केन्द्रसम्म गई मतदान गर्न सकिन्छ सकिंदैन भन्ने आशंका एकीकृत सुरक्षा व्यवस्थाको सफल कार्यान्वयनले मतदानमा जनताको अधिकतम सहभागिता सुनिश्चित गर्न मद्दत गर्‍यो । नेकपा-माओवादी र सङ्घीय लिम्बुवान राज्य परिषद्को नेतृत्वमा ३३ दलीय गठबन्धन तर्फबाट निर्वाचन रोक्न गरिएको तोडफोड, आगजनी सार्वजनिक यातायात बन्द आदिका कारण मनमा केही मात्रामा त्रास भए पनि मतदाता मतदानका लागि सक्रियतापूर्वक सहभागी भए । मतदाताको अभूतपूर्व सहभागिता रह्यो । विभिन्न राजनीतिक दल र तिनका कार्यकर्ताहरु आ-आफ्ना प्रचारमा केही छिटपुट हिंसाका घटना बाहेक स्वस्थ प्रतिस्पर्धामा लागेको पाइयो । जियोकले पर्यवेक्षण गरेको ५५ जिल्लाका ६,६५२ मतदान केन्द्रमा केही अपवादबाहेक मतदान स्वच्छ र स्वतन्त्ररुपमा सम्पन्न भयो । निर्वाचन आयोगले स्वतन्त्र र निष्पक्ष रुपमा काम गरेर निर्वाचन सफलतापूर्वक सम्पन्न गरी जनविश्वास हासिल गर्‍यो ।

## निर्वाचन व्यवस्थापन

निर्वाचनको मिति घोषणा भइसकेपछि पनि निर्वाचन प्रक्रियाबारे विभिन्न माग राखी विरोध गरिरहेका राजनीतिक दलहरुलाई निर्वाचनमा सरिक गराउन दलहरु र सरकारको अन्तिम समयसम्मको प्रयत्नका कारण सहभागी दलहरुको संख्या एकीन गरी निर्वाचन सामग्री छाप्नका लागि आयोगलाई समय कम भएको हो । त्यसैगरी, मतदाता नामावली सङ्कलन कार्यमा पछिसम्म पनि लाग्नु परेको कारण मतदाताको अद्यावधिक नामावली र संख्याको अनिश्चितताले छपाईका लागि उपलब्ध समय साँघुरिंदै गएको हो । तथापि, यो चुनौतिपूर्ण कार्य आयोगले समयमै सम्पन्न गर्न सफल भयो । पर्यवेक्षणको क्रममा निर्वाचन सामग्री कम हुन्छ कि भन्ने आशंका यदाकदा व्यक्त भए तापनि यो विषय आशंकामै मात्र सीमित रह्यो । मतपत्र आदि सामानको व्यवस्था १० देखि २५ प्रतिशत बढी तयार गर्नुपर्ने निर्देशिकाको अनुशरणले निर्वाचन सामग्रीको अभाव जस्ता कुनै समस्या आएन । मतगणना गर्ने ठूला कोठाहरुको अभावको कारण मतदानकेन्द्र र मतगणना स्थलको व्यवस्थापनमा केही कमजोरी भने रहन गएको देखियो । त्यसैगरी कर्मचारीहरुलाई पर्याप्त मात्रामा तालिम दिन नसकिएको र असावधानीको कारण पनि मतदान प्रक्रियामा कुनै कुनै केन्द्रमा अन्यौलका साथै मतपेटिकामा मतपत्रको अर्धकट्टी फेला परेको, पर्यवेक्षकले मतदान केन्द्र प्रवेशको सुरुमा समस्या भोग्नु परेको देखियो । केही स्थानमा पर्यवेक्षकहरुलाई कर्मचारी सरह काममा जवर्जस्ती लगाइएको समेत पाइयो ।

निर्वाचनमा खटिएका अस्थायी कर्मचारीहरुले पनि निष्पक्ष र स्वतन्त्ररुपले काम गरेको पाइयो । तथापि, केही जिल्लाहरुमा उदाहरणका लागि रुकुमको सिस्ने गाविसको एउटा मतदान केन्द्रमा मतदान अधिकृतले नै अन्य दलका प्रतिनिधिहरुलाई बस्न नदिई एकतर्फी मतदान गराएको र अछामको एउटा मतदान केन्द्रमा उपस्थित नभएको मतदाताको अर्कै व्यक्तिले मतदान गर्दा मतदान अधिकृत मौन रहेको पर्यवेक्षणबाट थाहा हुन आयो । जसबाट कर्मचारीको निष्पक्षता आगामी दिनहरुमा अरु जटिल हुनसक्ने अवस्था देखिन्छ । दलीय व्यवस्थामा हरेक पेशागत कर्मचारी रहने व्यवस्थाले गर्दा शक्ति सन्तुलनको रुपमा एउटा मतदान केन्द्रमा विभिन्न पेशागत कर्मचारीहरुलाई मिश्रित रुपले खटाउनुपर्ने देखिन्छ । यो सवालले केही वर्षयता निजामती सेवामा दलसँग आबद्ध कर्मचारीहरुको छुट्टाछुट्टै कर्मचारी संगठन रहने परिपाटीले मतदान केन्द्रको सञ्चालन र व्यवस्थापन निष्पक्षताको दृष्टिकोणले सोचनीय रहेको छ । अस्थायी कर्मचारीहरुले समानुपातिकतर्फ मतदान गर्न पाउने व्यवस्थाले उनीहरुको नागरिक अधिकारको सम्मान भयो ।

प्रत्येक आम निर्वाचनमा कतिपय मतदातालाई मतदान केन्द्र पायक नपरेको भन्ने गुनासो आउने गरेकोले यति घण्टा हिड्नुपर्ने मापदण्ड अनुसार मतदान केन्द्र स्थापना गर्नुपर्नेबारे विचार गर्नु आवश्यक देखिन्छ । त्यसरी नै मतदान केन्द्र ५ बजे बन्द हुने हालको व्यवस्थामा यतिसम्म लाइनमा बस्ने मतदातालाई मताधिकार हुने गरी व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ । धेरैजसो मतदान केन्द्रमा ३ बजेभित्र सय प्रतिशत मतदान भइसकेको हालको अवस्थामा ३ बजेसम्ममा लाइनमा बस्ने सबैलाई मतदान गर्न पाउने व्यवस्था गर्ने बारे पनि छलफल गर्न आवश्यक छ । यसो भएमा मतपेटिका सील गर्ने र ढुवानी गर्ने आदि विषयमा बढी समय पाउनसक्ने बारे पनि सोच्नु उपयुक्त हुन्छ ।

बदर मतको प्रतिशत २०६४ को तुलनामा २०७० मा केही सुधार देखिए तापनि प्रत्यक्ष र समानुपातिक दुबैमा बदर मतको संख्यालाई दृष्टिगत गरी मतदाता शिक्षा कार्यक्रम अझ बढी प्रभावकारी बनाउनु पर्दछ । बदर मत २०४८, २०५१ र २०५६ मा ४.४२, ३.१६, २.७५ प्रतिशत रहेकोमा २०६४ र २०७० मा यो प्रतिशत ठूलो मात्रामा बढ्नु चिन्ताको विषय पनि हो । नागरिकलाई सचेत गराउन सञ्चार माध्यम, नागरिक समाज र राजनीतिक दलहरु आफैं पनि क्रियाशील हुनाका साथै आयोगले पनि यी संस्थाहरुलाई सचेतना कार्यक्रममा सहकार्यसहित अगाडि बढ्नु पर्दछ ।

## मतदाता दर्ता र परिचयपत्र

सबैले नागरिकताको प्रमाणपत्र पाइनसकेको कारण मतदाता नामावली दर्तामा समस्या देखियो । तथापि, आयोग मतदाता नामावलीमा दर्तामा नागरिकता प्राप्त भएको हुनुपर्ने निर्णयमा अडिग रह्यो । यसका लागि पटक-पटक नागरिकता प्रदान गर्ने टोली र मतदाता नामावली अदर्ता गर्ने टोली खटिएका थिए । यो अभियानबाट केही संख्यामा मतदाता थपिए । तथापि, २०६४ को तुलनामा मतदाताको संख्या कम हुनुमा विद्यमान राजनीतिक गतिरोधका कारण जनतामा एक प्रकारको निराशा रहेकोले मतदाता नामावली सङ्कलनमा जनताको उत्साह कम भएको हो ।

मतदाता दर्ताका साथै मतदाता परिचयपत्र वितरणको सवाल पनि कम चुनौतिपूर्ण थिएन । मतदानका लागि मतदाता परिचयपत्र हुनुपर्ने भए तापनि परिचयपत्र समयमै वितरण गर्न सकिन्न कि भन्ने समस्याका कारण मतदानका लागि परिचय खुल्ने अन्य कागजातको सहयोगबाट मतदान गर्न सकिने व्यवस्था आयोगबाट अन्तिम समयमा भएकोले मतदानमा सामान्यतया समस्या भोग्नु परेन । आयोगले ढुवानीको छिटो साधन हेलिकप्टर प्रयोग गरेर भए पनि परिचयपत्र पुऱ्याउन गरेको निर्णयले मतदान सहज भएको पर्यवेक्षणबाट देखियो । धेरै पहिलेदेखि कार्यक्रममा रहेको मतदाता परिचयपत्र छपाईको काम अन्तिम समयसम्म किन रहन गएको हो र अन्तिम समयको निर्णयको कारण ढुवानीका लागि हेलिकप्टर प्रयोग गर्नु परेकोमा खर्चको मितव्ययिताको प्रश्न भने छुट्टै विषय हो ।

## निर्वाचन आचार संहिता

संविधानसभा निर्वाचन आचार संहिता २०७० ले निर्वाचन स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्न राजनीतिक दल र उम्मेदवार लगायत सरोकारवाला सबैले पालना गर्नुपर्ने आचरण तोकेको छ । आचारसंहिताको उल्लङ्घनका विषयमा जाँचबुझ गरी उल्लङ्घन भएको पाइएमा आयोग, अनुगमन टोली, निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालयले यसो नगर्न आदेश दिनसक्नेछ र, यस्तो आदेश पालना गराउने कर्तव्य स्थानीय प्रशासन र प्रहरीको हुने व्यवस्था छ । आदेश पालना नभएमा जरिवाना गर्न सक्ने र आचार संहिताको उल्लङ्घन गरेको कारणबाट निर्वाचन स्वतन्त्र निष्पक्ष तवरबाट हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा उम्मेदवारी रद्द गर्न सकिने अधिकार समेत रहेको छ ।

निर्वाचन आचार संहिता दलहरु बीच स्वस्थ प्रतिस्पर्धा कायम गर्ने र निर्वाचन खर्च एउटा सीमाभित्र रहोस् भन्ने उद्देश्यले निर्देशित थियो । आचार संहिता, पम्प्लेटका आकार, आमसभा, जुलुस, झण्डाका साइज आदिमा केही मात्रामा पालना भए । खर्च गर्नसक्ने दलले आचार संहिता उल्लङ्घन गरी हेलिकप्टरको प्रयोगसम्म गरेका थिए । कतिपय उम्मेदवारले निर्वाचनमा भोजभतेर गरेको र कतिपय स्थानमा आर्थिक प्रलोभनका घटनाहरु घटेको पनि पाइयो तर कारवाही भने भएको पाइएन ।

धेरैजसो आचार संहिता उल्लङ्घनका घटनाहरु नदोहोऱ्याउने बाचामा सिमित भएको पाइयो । उल्लङ्घनका यस्ता घटनाहरुमा तुरुन्तै हुने कारवाहीले मात्र आचार संहिता पालना हुन्छ भन्ने पर्यवेक्षकहरुको भनाई रहयो । यसको लागि आचार संहिता उल्लङ्घन भएको पाइएमा यसो नगर्न दिइएको आदेश पालना गराउन कार्यान्वयन र अनुगमन गर्ने निकायहरुको सक्रियता आवश्यक हुन्छ ।

## निर्वाचन हिंसा

निर्वाचन प्रचारको सिलसिलामा उम्मेदवारहरुले केही छिटपुट घटना बाहेक ठूलो बाधा अवरोधको सामना गर्नु परेन । यस्ता विषयमा स्थानीय प्रशासनका तर्फबाट कुनै पहल भएन र प्रतिस्पर्धी दलहरुले एक अर्काको आमसभा तथा भेला हुन पाउने स्वतन्त्रताको सम्मान गरेको पाइयो । उम्मेदवारबाट निर्वाचन प्रचारका क्रममा तीव्रता आउन थालेपछि भने हिंसाका केही घटना घटेका थिए । प्रतिद्वन्द्वी उम्मेदवारबाट एक अर्काका प्रचार कार्यक्रमको केही ठाउँमा सम्मान गारिएन । कातिक २० देखि २७ गतेसम्म देशको पूर्वदेखि पश्चिमसम्म एमाओवादीबाट गरिएको चुनावी प्रदर्शन गरी आचार संहिताको उल्लङ्घन गरेको काम विरुद्धका उजुरीमा कुनै कारवाही भएन । केही संख्यामा यस्ता उजुरी अदालती कारवाहीको क्रममा रहेका छन् ।

## सुरक्षा व्यवस्था

सरकारले गरेको सुरक्षाको व्यवस्था अपेक्षाकृत सन्तोषजनक रहयो । नेकपा-माओवादीबाट आह्वान भएको दशदिने आम हड्ताललाई दलका तर्फबाट त्यति कडाईका साथ अगाडि नबढाइएकाले पनि सुरक्षास्थिति नियन्त्रणभित्र रहेको पाइयो । मनमा केही मात्रामा त्रास भए पनि मतदान केन्द्रसम्म पुगी मतदान गर्ने काममा मतदाताले कुनै बाधाको सामना गर्नु परेन । मतदाताको उत्साह र प्रतिबद्धतामा कमी भएन । फलस्वरुप, नेपालको निर्वाचन इतिहांसमा २०७० को निर्वाचन मतदाताको सहभागिताको दृष्टिकोणले अभूतपूर्व रहयो ।

## उम्मेदवारको निर्वाचित हुने आधार

हालका निर्वाचनहरुमा उम्मेदवारले राष्ट्रको सर्वोच्च विधायिकामा गएर तदनुरुप जिम्मेवारी वहन गर्न सक्ने क्षमताभन्दा स्थानीय क्षेत्रमा गरेको सहयोग र योगदानको आधारमा मूल्याङ्कन हुने गरेको देखिन्छ । उम्मेदवारको निर्वाचित हुने आधार राष्ट्रिय महत्वका सवालमा गौण हुन गएको छ । स्थानीय विकासका सवाल स्थानीय विधायिका र सरकारको हुने विषयले प्राथमिकता नपाएको वा ओझेलमा परेको कारणबाट यस्तो प्रबृतिले प्रश्रय पाएको पर्यवेक्षणबाट देखिन्छ । यस्तो विषयलाई उचित ढङ्गबाट सम्बोधन गर्ने मतदाता शिक्षामा जोड दिनुका साथै स्थानीय निकाय निर्वाचनले स्थानीय विकास निर्माणका विषयमा संस्थागत व्यवस्थाले मद्दत गर्ने आशा गर्न सकिन्छ । स्थानीय विकास निर्माणका विषयमा पारदर्शीता र जवाफदेहीताले स्रोत साधनको उचित आयोगलाई व्यवस्थापनमा पनि मद्दत गर्दछ ।

## समानुपातिक मत र मतदाताको मनोविज्ञान

ठूला तीन दलले यो निर्वाचनमा प्रत्यक्षमा भन्दा समानुपातिकमा कम मत पाएका छन् भने निर्वाचनमा चौथो शक्तिको रुपमा आएको राप्रपा नेपालले समानुपातिकमा बढी मत पाएको छ । नेपाली कांग्रेस, एमाले र एमाओवादीले प्रत्यक्षमा भन्दा समानुपातिकमा ६,९८,५१३ कम पाएकोमा राप्रपा नेपालले समानुपातिकमा ६,३०,६९७ मत पाएको छ र यो मतमा काठमाडौं जस्ता केही शहरी क्षेत्रबाट पाएको मतको अंश बढी रहेको छ । काठमाडौंमा मात्र १० क्षेत्रमध्ये ६ क्षेत्रमा राप्रपा नेपाल प्रथममा छ भने ३ क्षेत्रमा द्वितीय । राप्रपा नेपालले उठाएका प्रश्नहरु उदाहरणका लागि हिन्दु राष्ट्, शासकीय स्वरुपमा व्यापक छलफल र जनताको सुझावविना लिइएको निर्णयप्रति आपत्ति जनाइएको छ । राप्रपा नेपालले उठाएका यी प्रश्नहरुमा शहरी जनमतको

ऐक्यता भन्न त सकिन्न तर राष्ट्रिय सवालमा निर्णय लिने तरिका ज्यादै सङ्कुचित भएकोमा भने धेरैको सहमति रहेको हुनसक्छ । निर्वाचनमा मतदाताको यस्तो मनोविज्ञान पछाडिका कारणहरु भने सोचनीय मान्नुपर्छ ।

## गैर राजनीतिक संयन्त्रबाट् निर्वाचन

नेपालमा निर्वाचनको इतिहासमा गैर राजनीतिक चरित्रको सरकारबाट निर्वाचनको प्रयोग २०७० को संविधानसभाको निर्वाचनमा भयो । निर्वाचन स्वच्छ र स्वतन्त्र रुपमा भएको पर्यवेक्षणको प्रतिवेदन छ । विगतका निर्वाचनमा सरकारी स्रोत, साधन विशेष गरी सवारी साधनको व्यापक दुरुपयोगबाट सिर्जित आचार संहिताको उल्लङ्घन भने यो वर्ष शून्यमा झर्‍यो । सरकार चलाउने दलको नेतृत्वमा पक्षपातरहित निर्वाचन हुन सक्दैन भन्ने आशंका आउने गरेको हो । यो विषय महत्वपूर्ण पनि छ । यसबारे थप छलफल र चिन्तन आवश्यक भएको सङ्केत गर्दछ ।

## आमनिर्वाचन र राजनीतिक दल

२०४७ मा प्रजातन्त्रको पुनर्वहालीपछि भएको निर्वाचनको प्रजातान्त्रिक अभ्यासको अध्ययनबाट केही प्रवृत्तिहरु (trends) देखिएका छन् । प्रथमत: निर्वाचनमा मतदाताहरुको चयन व्यक्तिमा भन्दा राजनीतिक सिद्धान्त र संस्थागत पक्षमा गएको पर्यवेक्षणबाट पनि थाहा हुन्छ । विगतमा संसदका लागि भएका आमनिर्वाचनहरुमा स्वतन्त्र उम्मेदवारले पाएको मत क्रमशः २०४८ मा ४.२ बाट २०५२ मा ६.२ पुगेको र २०५६ मा २.८ प्रतिशतमा झरेकोमा संविधानसभाको निर्वाचनमा पनि यो प्रवृत्ति कायमै छ । विगत र हालको संविधानसभा निर्वाचनमा यस्तो मतको प्रतिशत १.२० र १.१३ रहेको पाइन्छ ।

दोस्रो, राजनीतिक दलहरुको संख्या क्रमशः बढ्दै गएको छ । यसले एकातिर राजनीतिक जागरुकता देखाउँछ भने अर्कोतिर कतिपय दलहरुको जनआधार ज्यादै कमजोर रहेको देखाउँछ । राजनीतिक दलहरुको संख्या प्रत्यक्षतर्फ २०४८ मा २०, २०५१ मा २४ र २०५६ मा ३९, २०६४ मा ५४ हुँदै २०७० मा १२० पुग्नु र यसमध्ये १५ दलले १०० भन्दा कम, ६२ दलले १,००० भन्दा कम मत पाउनुले अधिकांश दलको जनआधारको स्थितिको चित्रण गर्दछ । समानुपातिकमा भने १२२ दलहरुको प्रतिष्पर्धा रह्यो । यो निर्वाचनमा प्रत्यक्षतर्फ १०,००० भन्दा कम मत पाउने दलहरुको संख्या ९६ पुग्नुले दलहरुको दर्ताका सम्बन्धमा व्यापक र गहिरो छलफल र चिन्तनको आवश्यकता भएको स्पष्ट भएको छ । एक करोडभन्दामाथि मतदाता रहेकोमा १० मत मात्र पाउने दलको राजनीतिक संगठनसम्बन्धी स्वतन्त्रताले लोकतन्त्रको छवि उकास्न मद्दत गर्दैन । यो निर्वाचनमा प्रत्यक्षतर्फ १२० मध्ये जम्मा ११ दलले मात्र न्यूनतम एक सीट पाउन सफल भयो । न्यूनतम एक प्रतिशतभन्दा कम मत पाउने दलको संख्या २०४८ मा १२ रहेकोमा क्रमशः बढ्दै २०७० मा यो संख्या १०८ पुग्यो ।

तेस्रो, २०४७ मा प्रजातन्त्रको पुनर्वहालीपछि भएका तीनवटा संसदीय निर्वाचनहरुमा दुई दलीय पद्धतिको विकास भएकोमा हाल संविधानसभाका दुई निर्वाचनमा तीन दलीय पद्धति देखा परेको छ । यसले गर्दा बहुमतीय सरकारको सम्भावना क्षीण हुँदै गएको आभाष पाइन्छ । यसो हुनमा समानुपातिक सदस्यको ठूलो संख्या पनि जिम्मेवार छ ।

तालिका १२ आम निर्वाचनमा पहिलो हुने निर्वाचित हुने प्रमुख राजनीतिक दलहरुको स्थिति

| विवरण | २०४८ (२०५ सिट) | २०५१ (२०५ सिट) | २०५६ (२०५ सिट) | २०६४ (२४० सिट) | २०७० (२४० सिट) |
|---|---|---|---|---|---|
| नेपाली कांग्रेस | | | | | |
| प्राप्त सीट (प्रतिशतमा) | ११० (५३.७) | ८३ (४०.४९) | १११ (५४.१५) | ३७ (१५.४२) | १०५ (४३.७५) |
| प्राप्त मत (प्रतिशतमा) | २७,५२,४५२ (३७.७५) | २५,४५,२८७ (३३.३८) | ३२,१४,७८६ (३६.१४) | २३,४८,८९० (२२.७९) | २६,९४,९८३ (२९.८०) |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | | | | | |
| प्राप्त सीट (प्रतिशतमा) | ६९ (३३.६६) | ८८ (४२.९३) | ७१ (३४.६३) | ३३ (१३.७५) | ९१ (३७.९२) |
| प्राप्त मत (प्रतिशतमा) | २०,४०,१०२ (२७.९८) | २३,५२,६०१ (३०.८५) | २७,३४,५६८ (३०.७४) | २२,२९,०६४ (२१.६३) | २४,९२,०९० (२७.५५) |
| एकीकृत नेकपा (माओवादी) | | | | | |
| प्राप्त सीट (प्रतिशतमा) | – | – | – | १२० (४०.४२) | २६ (१०.८३) |
| प्राप्त मत (प्रतिशतमा) | – | – | – | ३१,४५,५१९ (३०.५२) | १६,०९,१४५ (१७.७९) |
| राष्ट्रिय प्रजातन्त्र पार्टी (दुवै समूह) | | | | | |
| प्राप्त सीट (प्रतिशतमा) | ४ (१.९५) | २० (९.७६) | ११ (५.३७) | ० (०) | ३ (१.२५) |
| प्राप्त मत (प्रतिशतमा) | ८,७१,१०३ (११.९४) | १३,६७,१४८ (१७.९३) | ११,९८,१४० (१३.४७) | ३,९०,१३९ (३.७९) | २,३८,३९३ (२.६४) |
| मधेशवादी पार्टी | | | | | |
| प्राप्त सीट (प्रतिशतमा) | ६ (२.९२) | ३ (१.४६) | ५ (२.४४) | ४३ (१७.९२) | १२ (५.००) |
| प्राप्त मत (प्रतिशतमा) | २,९८,६१० (४.१०) | २,६५,८४७ (३.४९) | २,७८,४३५ (३.१३) | ११,९९,०८१ (११.६३) | ८,६७,४४६ (९.६०) |
| स्वतन्त्र उम्मेद्वारको सिट (प्रतिशतमा) | ३ (१.४६) | ७ (३.४१) | ० (२.८३) | २ (१.२०) | २ (१.१३) |
| मतदाता संख्या | ज्ञ,ज्ञज्ञ,(ज्ञ,ठठठ | ज्ञ,द्दद्द,(ट,द्दज्ञ( | ज्ञ,घछ,ज्ञड,डघ( | ज्ञ,ठट,ज्ञज्ञ,डघद्द | ज्ञ,द्दज्ञ,द्धठ,डटछ |
| खसेको मत (प्रतिशतमा) | ठद्द,(ज्ञ,)डद्ध ण्टछ=ज्ञछढ | ठट,द्दछ,घद्धड ण्टद्द=)ढ | डड,(द्ध,छटट ण्टद्ध=ठ(ढ | ज्ञ,)घ,)ट,ज्ञद्द) ण्छड=छद्दढ | (छ,ज्ञट,ठद्दद्ध ण्ठड=घद्धढ |
| बदरमत (प्रतिशतमा) | १,११,९१,७७७ | १,२२,९६,२१९ | १,३५,१८,८३९ | १,७६,११,८३२ | १,२१,४७,८६५ |
| न्यूनतम एक सिट जित्ने दल | ७२,९१,०८४ (६५.१५) | ७६,२५,३४८ (६२.०) | ८८,९४,५६६ (६४.७९) | १,०३,०६,१२० (५८.५२) | ९५,१६,७२४(७८.३४) |
| न्यूनतम एक प्रतिशत मत प्राप्त गर्ने दल | ४.४२ | ३.१६ | २.७५ | ५.१५ | ४.९६ |
| न्यूनतम एक प्रतिशत मत प्राप्त नगर्ने दल | ८ | ५ | ७ | ९ | १० |
| निर्वाचनमा भाग लिने दल | ८ | ६ | ८ | ९ | १२ |

## सुझावहरू

निर्वाचन प्रक्रिया र सम्बन्धित विषयमा निर्वाचन आयोग, नेपाल सरकार, राजनीतिक दल, निर्वाचन खर्च, निर्वाचन प्रणाली र पर्यवेक्षण समन्वय सम्बन्धमा प्राथमिकताका साथ सरोकारवालाहरुले व्यापक छलफल, चिन्तन गरी सुधार गर्नुपर्ने विषयहरु देहायमा प्रस्तुत गरिएको छ:-

# निर्वाचन आयोग

- बदर मतको प्रतिशत २०६४ को तुलनामा २०७० मा केही सुधार देखिए तापनि प्रत्यक्ष र समानुपातिक दुबैमा बदर मतको संख्यालाई दृष्टिगत गरी मतदाता शिक्षा कार्यक्रम अझ बढी प्रभावकारी बनाउनु पर्दछ । नागरिकलाई सचेत गराउन सञ्चार माध्यम, नागरिक समाज र राजनीतिक दलहरु आफैं पनि क्रियाशील हुनाका साथै आयोगले पनि यी संस्थाहरुलाई सचेतना कार्यक्रममा सहकार्यसहित अगाडि बढ्नु पर्दछ ।
- जिल्लास्थित निर्वाचन कार्यालयको क्षमता वृद्धि गरी मतदाता नामावली सङ्कलन त्रुटिरहित बनाउने आवश्यक पूर्वाधारहरु बनाउनु पर्दछ । यो विषय प्रजातन्त्रको पुनर्वहालीपछिको निर्वाचन पर्यवेक्षणका प्रतिवेदनहरुमा लगातार प्राथमिकताका साथ उठ्दै आएको छ ।
- विशेष गरी दुर्गम स्थानमा मतदान केन्द्रको सङ्ख्या बढाएर भए पनि सबैलाई मतदान गर्न सहज हुने स्थानमा मतदान केन्द्रको व्यवस्था गरिनु पर्दछ । दुर्गम क्षेत्रमा मतदाताको संख्या भन्दा पनि दुरीको आधारमा मतदान केन्द्रको स्थापना भएमा उपयुक्त हुन्छ ।
- आचार संहिता उल्लङ्घन तत्काल रोक्नु परेमा निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालयले कुनै काम गर्न वा नगर्न दिएको आदेशको कार्यान्वयन र अनुगमन गर्ने कार्यमा जिल्ला निर्वाचन कार्यालय, स्थानीय प्रशासन र प्रहरीको ठूलो भूमिका रहने भएकोले यी निकायहरुलाई आवश्यक मात्रामा बजेटको व्यवस्था सहित यी संस्थाहरुमा क्षमता वृद्धि गरिनु पर्दछ । आचार संहिता उल्लंघनका विषयमा तत्कालै कारवाही गरी कानून बमोजिम सजायँ गर्न आयोग सक्रिय हुनु पर्दछ ।
- निर्वाचन अधिकृतको कार्यालय र जिल्ला निर्वाचन कार्यालय बीचको समन्वय अझ प्रभावकारी बनाई मतदान केन्द्रलाई उपलब्ध गराइने निर्वाचन सामग्री एकै ठाउँबाट पाउने व्यवस्था गर्नु पर्दछ ।
- मतदान केन्द्रमा खटिने सबै कर्मचारीलाई मतदानका सम्पूर्ण प्रक्रिया र कार्यविधि बारे पर्याप्त तालिम दिनु पर्दछ । यो सवाल २०४८ देखि नै पर्यवेक्षकहरुले प्रमुख रुपमा उठाउँदै आए पनि निर्वाचन आयोगले पर्याप्त मात्रामा ध्यान दिन सकेको अवस्था छैन ।
- मतपत्रमा औंठाछाप लगाउने, मसीले मतपत्र लतपत पार्ने र स्वस्तिक छापको मसी तुरुन्तै नसुक्ने भएकोले पनि बदर मतमा कमी ल्याउन मतपत्रमा "प्रिइन्क" छापको प्रयोग वा इलोक्ट्रोनिक मतदान सुरु गर्ने बारे आवश्यक तयारी प्रारम्भ गर्नु पर्दछ ।
- मतदाता परिचयपत्रको व्यवस्थाले निर्वाचन प्रक्रियालाई बढी व्यवस्थित गर्न सहयोग पुग्नुका साथै निर्वाचनमा धाँधली कम भएको पाइएको छ । मतदाता परिचयपत्र जारी गर्ने कामलाई प्राथमिकताका साथ समयमै सम्पन्न गर्नु पर्दछ । कतिपय स्थानमा परिचयपत्र भएर पनि मतदाता नामावलीमा नाम नभएको कारणले वास्तविक मतदाता मतदानको अधिकारबाट वञ्चित हुनु परेको हालको अवस्थामा सुधार ल्याउनुपर्ने देखिन्छ। यस सिलसिलामा मतदाता नामावली सङ्कलनका विषयमा आयोगबाट प्रभावकारी अनुगमनका साथै स्वतन्त्र रुपमा मतदाता नामावलीको परीक्षणबाट यसमा सुधार ल्याउन प्राथमिकताका साथ लाग्नुपर्ने देखिन्छ ।
- आयोगले पारदर्शिताका लागि आफ्ना निर्णयहरु वेबसाईट मार्फत सार्वजनिक गर्नु पर्दछ ।

## नेपाल सरकार

- बुथ कब्जा जस्ता घटना रोक्न र मतदाता विना भय, त्रास मतदान गर्ने हकको रक्षाका लागि सुरक्षा व्यवस्था अझ भरपर्दो हुने व्यवस्था गर्नु पर्दछ ।
- मतदान सकिएपछि मतपेटिका मत गणनाका लागि जिल्ला सदरमुकाम ल्याउनुपर्ने हुँदा मतपेटिका सील गरी सदरमुकामसम्मको ढुवानी र भण्डारण ज्यादै सम्बेदनशील भएकोले यसबारे शंकाको ठाउँ नरहने गरी उपयुक्त व्यवस्था गर्नु पर्दछ । यस विषयमा उच्च पारदर्शिता कायम गरेमा दलहरुबाट विवाद सिर्जना गर्ने अवस्था रहँदैन । मतपेटिका ढुवानीको योजना बनाउँदा राजनीतिक दलका प्रतिनिधिहरु चाहेमा सँगै आउने व्यवस्था गर्नु पर्दछ ।
- आचार संहिता उल्लंघनका घटनाका सम्बन्धमा निर्वाचन आयोग वा सम्बन्धित निकायबाट दिइएको आदेशको कार्यान्वयनमा गृह र प्रहरी प्रशासनबाट प्रभावकारी सहयोग उपलब्ध हुनु पर्दछ ।

## राजनीतिक दल

- आफ्ना कार्यकर्ताहरुबाट आचार संहिता पालना गर्ने गराउने दायित्व राजनीतिक दल वा उम्मेदवारको हुने हुनाले यसको लागि उपयुक्त प्रक्रिया र संयन्त्रको विकास गरी प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।
- विद्यमान राजनीतिक दलसम्बन्धी ऐन अनुसार दलहरुले आम्दानी, खर्चको लेखा परीक्षण गर्ने व्यवस्थालाई प्रभावकारी बनाउने । लेखा परीक्षण प्रतिवेदन सार्वजनिक गर्ने । दलले आम्दानी र खर्चको अनुगमन गर्ने संयन्त्रको निर्माण गर्नु पर्दछ ।
- दलहरुको आन्तरिक सङ्गठनात्मक संरचना, निर्णय प्रक्रिया र व्यवस्थापनलाई लोकतान्त्रिकरण गर्नु पर्दछ ।
- निर्वाचन हिंसालाई न्यूनिकरण गर्न दलहरुले केन्द्र, जिल्ला र स्थानीय तहमा संयुक्त सञ्जालको निर्माण गरी आचार संहिता पालना गर्न र गराउने वातावरण सिर्जना गर्नु पर्दछ ।

## निर्वाचन प्रणाली

- मुलुकको शासन प्रणालीमा जातीय क्षेत्रीय सन्तुलन कायम होस् र समाजको विविधता प्रतिविम्बित हुनाका साथै दलहरुले पाएको मत खेर नजावोस् भन्ने उद्देश्य समानुपातिक प्रणालीको रहेको छ । भविष्यको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्ने हो भने महिला/दलित/जनजाति/मुस्लिम/पिछडिएको समूहको छुट्टा-छुट्टै बन्द सूची तयार गरी जितेको कूल संख्या विभाजन गरी क्रमसँगै नाम चयन गरिनु पर्दछ । राजनीतिक दलहरुले बन्द सूचीभित्र स्थापित उम्मेदवारको क्रमलाई सम्मान गर्न के कस्ता उपाय गर्नुपर्छ सरोकारवाला सबैसँग छलफल गरी यसमा सुधार ल्याउनु पर्दछ ।
- निर्वाचनमा सहभागिताको विषयमा थ्रेसहोल्डको व्यवस्था अनिवार्य गरिनु पर्दछ । एक प्रतिशतभन्दा कम मत ल्याउने दलहरुको संख्या बढ्दै जानु प्रजातान्त्रिक अभ्यासको द्योतक हुन सक्दैन । हालको निर्वाचनमा यस्ता दलको संख्या १०८ पुग्नुले लोकतन्त्रलाई मद्दत गर्दैन ।
- थ्रेसहोल्डको विषयमा विचार गर्दा अर्को एउटा पक्ष पनि विचारणीय छ । केही दलको प्रभाव क्षेत्र खास भौगोलिक क्षेत्रमा सिमित रहेको देखिन्छ । उदाहरणका लागि नेपाल मजदुर किसान पार्टीले ५४,३२३ र तराई मधेश सद्भावना पार्टीले ६५,०४१ मत मात्र प्राप्त गरे पनि एक-एक स्थानमा आफ्नो उपस्थिति सुरक्षित गर्‍यो भने यो भन्दा धेरै गुणा बढी मत ल्याउने दलले संविधानसभामा आफ्नो उपस्थिति जनाउन सकेन । माथिका तथ्यलाई विचार गर्दा क्षेत्रीय दलको अवधारणाबारे पनि चिन्तन र छलफल हुन आवश्यक भएको छ ।

- हाल कायम रहेको मन्त्रिपरिषद्बाट मनोनित हुने २६ र समानुपातिक प्रतिनिधित्वको ३३५ स्थानले शासन व्यवस्थामा जनताको वास्तविक नियन्त्रण नहुने भएकोले यो संख्या कम गर्ने विषयमा छलफल चलाइ संविधानमा उचित व्यवस्था गर्नु पर्दछ ।

## निर्वाचन खर्च

- निर्वाचनमा अस्वस्थ प्रतिस्पर्धालाई निरुत्साहित गर्न र खर्चलाई तोकिएको सीमाभित्र राख्ने उपायबारे छलफल आवश्यक छ । निर्वाचन खर्च दलहरुले प्राप्त गरेको अघिल्लो निर्वाचनको मतको आधारमा सरकारबाट रकम दिने व्यवस्थाबारे सरोकारवालाहरु बीच छलफल गरी व्यावहारिक बाटो अपनाउनु पर्दछ ।

## पर्यवेक्षण

- पर्यवेक्षणबाट निर्वाचन स्वतन्त्र र निष्पक्षतापूर्वक भएको कुरा जानकारी हुनाका साथै यसबाट निर्वाचनको विश्वसनीयता स्थापित हुन सहयोग पुग्ने भएकोले मतदान केन्द्रको सम्पूर्ण प्रक्रियाको लगातार जानकारी राख्नुपर्ने हुन्छ । यसको लागि घुमन्ते होइन पूरा समय पर्यवेक्षण गर्नेको आवश्यकता हुन्छ । अतः पर्यवेक्षण कार्यमा दोहोरोपना हटाई निर्वाचन प्रक्रियाको सम्पूर्ण जानकारी हासिल गर्न पर्यवेक्षण गर्ने संस्थाहरु बीच प्रभावकारी समन्वय स्थापित हुने व्यवस्था गर्नु पर्दछ ।

# अनुसूचीहरू

# राजनीतिक दलका घोषणापत्रहरू

## संविधानसभा निर्वाचन घोषणापत्रमा राजनीतिक दलहरूको दृष्टिकोण

| दलको नाम | राज्य पुनर्संरचना | शासकीय स्वरुप | निर्वाचन प्रणाली | समावेशीकरण |
|---|---|---|---|---|
| नेपाली कांग्रेस | संघीय तह, प्रादेशिक तह र स्थानीय तह गरी तीन तहको मूल संरचना निर्माण गर्ने । आवश्यकता परेको ठाउँमा जातीय, भाषिक, समुदायगत, सघन उपस्थितिको क्षेत्र वा विशेष प्रकृतिको भौगोलिक क्षेत्रलाई सांस्कृतिक विशेषता सहितको स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्र निर्माण गर्न सकिने (पेज १६) ।<br>प्रदेश निर्माण गर्दा पहिचान र सामर्थ्यलाई मुख्य आधारको रुपमा लिईने । पहिचान र सामर्थ्यको आधारमा नै प्रदेश निर्माण गरिनेछ । प्रदेशहरु निर्माणका लागि ७ प्रदेश प्रस्तावित गरेको छ । सबै जनतासंगको सघन सम्वादको प्रक्रियाबाट "पहिचान मेटिने, जातीय द्वन्द्व मेटिने" अर्थात सवैलाई मान्य हुने प्रदेश रचनाको प्रस्ताव संविधानसभामा प्रस्तुत गर्ने । | दुई सदनात्मक व्यवस्थापिका सहित को संसदीय शासन प्रणाली । संघीय संरचना अन्तर्गतको तीन तहको सरकार । संसदीय शासन प्रणाली अन्तर्गत संवैधानिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्री । | मिश्रित निर्वाचन प्रणाली । समावेशी निर्वाचन प्रणालीको अवलम्बन । राष्ट्रपति संघीय संसदका दुबै सदन र सबै प्रदेश सभा सदस्यहरुबाट निर्वाचित हुने । प्रधानमन्त्री प्रतिनिधिसभाबाट निर्वाचित र प्रतिनिधिसभा प्रति नै उत्तरदायी हुने । | नेपालभित्र रहेका सबै तहमा सबै तहमा समानुपातिक र समावेशी प्रतिनिधित्व । राज्य संयन्त्रमा सबैको समान पहुँच स्थापना । समावेशी निर्वाचन प्रणालीको अवलम्बन । |
| ने.क.पा एमाले | बहुपहिचान सहितका सातवटा संघीय प्रदेश हुनेछन् । प्रत्येक संघीय प्रदेश साझा र मिश्रित वसोवास तथा जनताको समान अधिकार सुनिश्चितता सहितको हुनेछ । केन्द्र (संघीय सरकार), प्रदेश र स्थानीय सरकार वीच अधिकारको स्पष्ट बाँडफाँड हुनेछ । अधिकारको सूची विगत संविधानसभामा सहमति भए अनुरुपको हुनेछ । प्रदेशहरुको नामाकरण प्रदेश सभाले गरे वमोजिम हुनेछ । | प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री र संसदबाट निर्वाचित संवैधानिक राष्ट्रपति रहेको मिश्रित शासकीय स्वरुप अवलम्बन गरिने । | घोषणापत्रमा स्पष्ट नभएको । | राज्यका सबै अङ्गमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडिएको क्षेत्र, अपांगता भएका व्यक्ति र अल्पसंख्यकहरुको समावेशी समानुपातिक प्रतिनिधित्वका् सिद्धान्तलाई आत्मसात गरिने । |

| | | | | |
|---|---|---|---|---|
| एकीकृत ने.क.पा. (माओवादी) | संघीय नेपालको मूल तहगत संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने । मूल संरचनाका अतिरिक्त विशेष संरचनाका रुपमा प्रदेश अन्तर्गत स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र रहन सक्ने । नेपालको एकात्मक राज्यलाई पुनर्संरचना गरी जाति, भाषा, र क्षेत्रका "पहिचान" र आर्थिक अन्तरसम्वन्ध, पूर्वाधार विकास, प्राकृतिक साधन स्रोत र प्रशासनिक सुगमताका "सामर्थ्य" का आधारमा ११ स्वायत्त प्रदेशमा विभाजन गरिनेछ, जसमा: १) लिम्बुवान, २) किरांँत, ३) ताम्सालिङ, ४) नेवा, ५) तमुवान, ६) मगरात, ७) भेरी-कर्णाली, ८) सेती-महाकाली, ९) थारुवान, १०) मधेस, ११) कोचिला । यी प्रदेशहरुको यथार्थ सीमांकन राज्य पुनर्संरचना आयोगको सिफारिसमा गरिनेछ (पेज ११) । | केन्द्रमा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र व्यवस्थापिका सदस्यहरुबाट निर्वाचित प्रधानमन्त्री रहने । राष्ट्रपतिले कार्यकारी भूमिका निर्वाह गर्ने र प्रधानमन्त्रीले दैनिक सरकार र प्रशासन सञ्चालनको जिम्मा लिने । प्रदेशमा प्रदेश प्रमुख (गभर्नर) र मुख्यमन्त्री हुने । राष्ट्रपति ले सम्बन्धित प्रदेशको मुख्यमन्त्रीको सहमतिमा प्रदेश प्रमुख नियुक्त गर्ने । | संघीय व्यवस्थापिका दुई सदनात्मक हुने । तल्लो सदनमा जनसंख्याको आधारमा प्रतिनिधिहरु चुनिनेछ भने उपल्लो सदनमा सवै प्रान्तहरुबाट वरावर प्रतिनिधि चुनिने । प्रान्तमा एक सदनात्मक व्यवस्थापिका हुने । सवै तहका व्यवस्थापिकाको गठन बहुसदस्यीय निर्वाचन क्षेत्र प्रणाली अनुसार विभिन्न वर्ग जाति, जनजाति, महिला, दलित आदिको समावेशी तथा समानुपातिक प्रतिनिधित्व हुने गरी प्रत्यक्ष निर्वाचनद्वारा गरिने । प्रत्याहवानको व्यवस्था पनि गरिने । | पृथक व्यवस्था नभएको |
| मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक) | राज्य पुनर्संरचना उच्चस्तरीय सुझाव आयोगद्वारा प्रस्तावित १० प्रदेशको प्रस्तावलाई पहिलो समर्थन, सम्झौताका लागि चितवन लगायत केही ठाउँहरुको हकमा फरक मत (नोट अफ डिसेन्ट) लेखी विषयगत समितिले प्रस्ताव गरेको १४ प्रदेशलाई समर्थन गर्ने । यसमा मधेश-तराईमा स्वायत्त मधेश प्रदेश र स्वायत्त थरुहट प्रदेशगरी दुई प्रदेश हुनुपर्ने । पहाड-हिमालमा रहने आठ प्रदेशहरुको नामबारे संविधानसभामा सहमति कायम होस् वा त्यो हुन नसके प्रदेश सभालाई नै जिम्मा दिनुपर्ने (पेज ११) । | सुधारिएको समावेशी संसदीय लोकतान्त्रिक प्रणाली उपयुक्त हुने र यस्तो संसदले प्रधानमन्त्री छान्ने र केन्द्रीय संसद तथा प्रदेशसभाले राष्ट्रपति छान्ने व्यवस्था हुनुपर्ने । मुख्य कार्यकारी पद प्रधानमन्त्रीलाई बनाउनु पर्ने र प्रधानमन्त्रीलाई निरंकुस हुन नदिन राष्ट्रपतिलाई पनि केही अधिकार दिनुपर्ने । प्रधानमन्त्री संसदप्रति उत्तरदायी हुनुपर्ने । प्रधानमन्त्रीको निर्वाचन ५१ प्रतिशतबाट गरिने तर हटाउन ६० प्रतिशत मत चाहिने व्यवस्था गर्नुपर्ने साथै केन्द्रीय संसद दुई सदनात्मक हुनुपर्ने । | केन्द्रीय संसद र प्रदेशसभा दुबै ठाउँमा प्रत्यक्ष तथा समानुपातिक गरी मिश्रित निर्वाचन प्रणाली कायम गर्ने । प्रत्यक्ष निर्वाचन प्रणालीलाई समावेशी बनाउन आरक्षित निर्वाचन क्षेत्रको अवधारणा अघि वढाउन पहल गरिने । | राज्यका सबै अङ्ग र निकायहरुलाई समान जनसंख्याको आधारमा समावेशी, समानुपातिक र सहभागीतामूलक बनाउने । सोका लागि समावेशी विधेयक पारित गराउन पहल र संघर्ष गर्ने । संसद र मुख्य कार्यकारी पद समावेशी हुनुपर्ने । |

| दलको नाम | राज्य पुनर्संरचना | शासकीय स्वरुप | निर्वाचन प्रणाली | समावेशीकरण |
|---|---|---|---|---|
| राष्ट्रिय प्रजातन्त्र पार्टी | संघीयताको सिद्धान्त अनुरुप राज्यको पुनर्संरचनालाई अङ्गीकार गर्दै सामर्थ्य, पहिचान, भूगोल र ऐतिहांसिक पृष्ठभूमिलाई संघीय संरचनाको आधार बनाउनु पर्ने । उल्लिखित चारवटा आधारमा मुलुकमा सातवटा संघीय राज्य - तराई/मधेसमा दुईवटा र पहाड-हिमालमा पाँचवटा प्रदेश बनाउनुपर्ने । प्रदेशको नाम, सीमाना र अन्य संरचनाको ठेगाना सर्वदलीय सहमतिवाट गर्नुपने । गाउँ स्तरका जनता र गाउँ सरकारलाई सामर्थ्य र पहिचानको आधारमा बढी से वढी अधिकार सम्पन्न तुल्याउने विधि र माध्यमको रुपमा लिनुपर्ने । | संवैधानिक राष्ट्रपति र संसदबाट निर्वाचित तथा संसदप्रति जवाफदेही कार्यकारिणी अधिकारयुक्त प्रधानमन्त्री रहने । केन्द्रमा द्वि-सदनात्मक व्यवस्थापिका हुनुपर्ने (पेज ३) । संसदीय प्रणालीमा आधारित प्रतिस्पर्धात्मक बहुलवादी व्यवस्था हुनुपर्ने । | मिश्रित निर्वाचन प्रणाली | पृथक व्यवस्था नभएको |
| मधेशी जनअधिकार फोरम, नेपाल | भावी नेपालको स्वरुप स्वायत्त एवं अधिकारसम्पन्न मधेस, लिम्वुवान, किराँत, ताम्सालिङ्ग, नेवा, तमुवान, मगरात, कर्णाली लगायतका स्वायत्त प्रदेशहरु र विशेष स्वायत्त क्षेत्र, स्वायत्त इलाकाहरु समेत भएको संघीय लोकतान्त्रिक गणतन्त्र हुनुपर्ने । राज्यको पुनर्संरचनाको सन्दर्भमा हामी मधेसलाई पहिचान र आत्मनिर्णयको अधिकारसहित स्वायत्त मधेस प्रदेशको रुपमा कायम गर्नुपर्ने (पेज १४) । | राष्ट्रप्रमुख तथा सरकार प्रमुखको रुपमा कार्यकारी राष्ट्रपतीय व्यवस्था । जनताबाट निर्वाचित राष्ट्रपतिले विज्ञहरुको सहयोग र सहभागितामा सरकार गठन गर्ने (पेज १५) । | राष्ट्रपतिको निर्वाचन बहुमतीय प्रणाली अनुसार प्रत्यक्ष रुपमा जनताबाट हुनुपर्ने (पेज १५) । उपराष्ट्रपतिको निर्वाचन संसद तथा प्रादेशिक विधायिकाहरुको बहुमतबाट हुनुपर्ने । प्रादेशिक सरकार प्रमुखको निर्वाचन प्रत्यक्ष निर्वाचन पद्धति अनुसार हुनुपर्ने । संघीय संसद तथा प्रादेशिक विधानसभाको निर्वाचन समानुपातिक निर्वाचन प्रणाली अनुरुप हुनुपर्ने (पेज १६) । | राज्यका सबै समुदायको सहभागिता राजनीतिक पद लगायत राज्यको सबै निकायहरुमा समानताको सिद्धान्त र सकारात्मक विभेदको सिद्धान्त अनुसार जनसंख्याको आधारमा सहभागिता सुनिश्चित गराईनुपर्ने (पेज १९-२०) । |
| तराई मधेश लोकतान्त्रिक पार्टी | खासगरी तराई मधेशमा थारु र मधेसी जनताको स्वशासन स्थापित गर्न सम्पूर्ण तराई मधेशलाई "स्वायत्त तराई मधेश प्रदेश" को स्थापनाका साथै पहाडका आदिवासी जनजाति जनताको स्वशासन स्थापित गराउन पहिचान सहितको प्रदेशको निर्माण गर्नुपर्ने । संघीयतालाई पहिलो एजेण्डाको रुपमा छलफलमा ल्याउने र पहिचान सहितको संघीयता र संघीयता सहितको संविधानको निर्माण गर्नुपर्ने । | कार्यकारी प्रधानमन्त्री तथा आलंकारिक राष्ट्रपतीय प्रणाली हुनु पर्ने । | देशको नीति निर्माण तहमा सम्पूर्ण सामाजिक विविधता प्रतिविम्बित गराउन मिश्रित निर्वाचन प्रणाली अपरिहार्य रहेको । | समावेशी न्यायालय, समावेशी सेना, समावेशी व्यवस्थापिका र समावेशशी कार्यपालिका हुनुपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| सद्भावना पार्टी | मधेस स्वायत्त प्रदेश हुनुपर्ने । राज्य पुनर्संरचना आयोगले दिएको सुझावबाट १० प्रदेशको प्रस्तावमा उल्लिखित प्रदेशको सीमा र संरचनालाई समर्थन । मेचीदेखि महाकालीसम्म मधेसका जनता सहमत भए सम्पूर्ण मधेस एवं प्रदेश बनाउने आम सहमति हुन नसके नारायणीदेखि पूर्व एउटा र नारायणीदेखि पश्चिम एउटा गरी दुई प्रदेशसम्म गर्न सकिने । प्रदेशको नाम मधेस र थारुवान वा थरुहट प्रदेश आदि सहमतिको आधारमा तय गर्ने । प्रान्तमा पर्ने अन्य जातजाति र अन्य समुदायको बाहुल्यता भएको ठाउँ वा क्षेत्रलाई स्वायत्त क्षेत्रको रुपमा अधिकारसम्पन्न गर्ने (पेज ६) । | प्रधानमन्त्री र राष्ट्रपति दुबै र हने । संसदको दुबै सदनवाट कार्यकारी प्रधानमन्त्री निर्वाचित गर्ने । सरकारको गठन गर्दा समावेशी समानुपातिक प्रकृतिको गठन गर्ने । प्रदेशको मुख्यमन्त्री वा प्रदेश प्रमुखको निर्वाचन पनि सोही आधारमा गर्ने (पेज ६) । | प्रधानमन्त्री संघीय संसदबाट र प्रदेश प्रमुख प्रदेश संसदबाट निर्वाचित हुने । राष्ट्रपति र उपराष्ट्रपति प्रदेशको व्यवस्थापिका र केन्द्रको दुवै सदनको प्रतिनिधिहरु मार्फत हुने (पेज ६-७) । समानुपातिक निर्वाचन प्रणालीलाई प्राथमिकता दिने । | देशका सरकारी तथा गैर सरकारी तर्फका अवसर हरुमा विभिन्न जातजाति, समुदाय, वर्ग एवं क्षेत्रलाई जनसंख्याको आधारमा समानुपातिक समावेशी नीतिको आधारमा सहभागी गराउँदै दलित, आर्थिक विपन्न वर्गलाई क्षतिपूर्ति सहितको आरक्षण गर्नुपर्ने (पेज २६) । |
| नेपाल मजदुर किसान पार्टी | स्थानीय निकायलाई विकेन्द्रीकरण र स्वायत्तताको अधिकार दिनुपर्ने । जात जाति, भाषा भाषी र क्षेत्रको आधारमा तथा आत्म निर्णयको अधिकार सहितको संघराज्यले देशमा जातीय, भाषिक र साम्प्रदायिक भिडन्त र देश नै विभाजन हुने सम्भावनालाई ध्यान दिएर भुगोल र प्राकृतिक स्रोत र साधनको आधारमा जनताको इच्छा अनुसार देशको छिटो आर्थिक विकास गर्न चौध प्रदेशको प्रस्ताव गरेको ।<br>हरेक प्रदेशले हिमाल, पहाड र तराई पाउने गरी भूगोल वा नदीले कोरेको सीमा अनुसार चौध प्रदेश बनाउँदा सबै जातजाति र भाषाभाषी एवं क्षेत्रको प्रदेश वन्ने । | पृथक व्यवस्था नभएको | पृथक व्यवस्था नभएको | पृथक व्यवस्था नभएको |

अनुसूची २

# संविधानसभमा विजयी उम्मेदवारहरूको नामावली

## पहिलो हुने निर्वाचित हुने

| क्र.सं. | जिल्ला | नि. क्षे. | उम्मेदवारको नाम | राजनैतिक दल र स्वतन्त्र | प्राप्त मत |
|---|---|---|---|---|---|
| १ | ताप्लेजुंग | १ | भुपेन्द्र थेबे | नेपाल कम्यूनिष्ट पार्टी (ए.मा.ले) | ७४३४ |
| २ | ताप्लेजुंग | २ | डम्बरध्वज तुम्बाहाम्फे | नेपाल कम्यूनिष्ट पार्टी (ए.मा.ले) | ७१३४ |
| ३ | पाँचथर | १ | गणेश कुमार काम्बाङ्ग | नेपाल कम्यूनिष्ट पार्टी (ए.मा.ले) | १३१८२ |
| ४ | पाँचथर | २ | भीष्म राज आङदेम्बे | नेपाली काँग्रेस | ११८३० |
| ५ | इलाम | १ | झलनाथ खनाल | नेपाल कम्यूनिष्ट पार्टी (ए.मा.ले) | १७३४२ |
| ६ | इलाम | २ | सुवास चन्द्र नेम्बाङ्ग | नेपाल कम्यूनिष्ट पार्टी (ए.मा.ले) | १४९३१ |
| ७ | इलाम | ३ | केशव थापा | नेपाली काँग्रेस | १५८६८ |
| ८ | झापा | १ | रविन कोइराला | नेपाल कम्यूनिष्ट पार्टी (ए.मा.ले) | १७२२० |
| ९ | झापा | २ | सुधिर कुमार सिवाकोटी | नेपाली काँग्रेस | १३५५४ |
| ११ | झापा | ३ | कृष्ण प्रसाद सिटौला | नेपाली काँग्रेस | १४३५५ |
| ११ | झापा | ४ | प्रेम बहादुर गिरी | नेपाल कम्यूनिष्ट पार्टी (ए.मा.ले) | २२१५९ |
| १२ | झापा | ५ | केशव कुमार बुढाथोकी | नेपाली काँग्रेस | १६५८७ |
| १३ | झापा | ६ | दिपक कार्की | नेपाल कम्यूनिष्ट पार्टी (ए.मा.ले) | ११३२६ |
| १४ | झापा | ७ | के.पी. शर्मा ओली | नेपाल कम्यूनिष्ट पार्टी (ए.मा.ले) | १९२८७ |
| १५ | संखुवासभा | १ | तारा मान गुरुङ्ग | नेपाली काँग्रेस | ९४१५ |
| १६ | संखुवासभा | २ | दिपक खड्का | नेपाली काँग्रेस | ११५५२ |
| १७ | तेर्हथुम | १ | भवानी प्रसाद खापुङ्ग | नेपाल कम्यूनिष्ट पार्टी (ए.मा.ले) | १५१११ |
| १८ | भोजपुर | १ | कृपासुर शेर्पा | नेपाल कम्यूनिष्ट पार्टी (ए.मा.ले) | ११४५१ |
| १९ | भोजपुर | २ | शेरधन राई | नेपाल कम्यूनिष्ट पार्टी (ए.मा.ले) | ११९२७ |
| २१ | धनकुटा | १ | टिका राम चेम्जोङ्ग लिम्बु | नेपाल कम्यूनिष्ट पार्टी (ए.मा.ले) | ११९५३ |
| २१ | धनकुटा | २ | सुनिल बहादुर थापा | राष्ट्रिय प्रजातन्त्र पार्टी | १११९३ |
| २२ | मोरङ्ग | १ | ऋषिकेश पोखरेल | नेपाल कम्यूनिष्ट पार्टी (ए.मा.ले) | १४१११ |
| २३ | मोरङ्ग | २ | चण्डि प्रसाद राई | नेपाल कम्यूनिष्ट पार्टी (ए.मा.ले) | १४५१६ |
| २४ | मोरङ्ग | ३ | दिलिप खवास गच्छदार | नेपाली काँग्रेस | १२९८४ |
